CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

नं. २२८६

नं. २२८६

सुधार कथा



पुणप्रसाद ब्राह्मण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री वाल्मीकि विद्यापीठ पुस्त-
कालयकार्ड सादर समर्पित -

पुरुषोत्तम ब्राह्मण
०४४।५।१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

न. २२८६

एघार कथा

पूर्णप्रसाद ब्राह्मण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

891.49301
BRA

एघार कथा

पूर्णप्रसाद ब्राह्मण

प्रकाशक : साझा प्रकाशन काठमाडौं ।

संस्करण : पहिलो

सम्बत : २०४३

प्रति : ११००

मूल्य : २०।४०

93485

मुद्रकः लक्ष्मी छापाखाना, यट्खा, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
नं. २२८६

प्रकाशकीय

कथा सबैको हुन्छ, सबैसँग हुन्छ, तर लेखिँदैन । लेखिएकालाई कथा भन्छौं भने भनिँदै र सुनिँदै आएकालाई लोककथा । कथाको परम्परामा लोककथा आदिम ठहर्छ । लिपिबद्ध गर्ने चलन चलेपछि यसको स्वरूपमा परिवर्तन आउन थाल्छ, विविधता आउन थाल्छ र सीपको विकास हुन थाल्छ । पहिले कथाको प्रयोजन थियो; सामाजिक, धार्मिक, मनोरञ्जन आदि हेतुका सुनिश्चित । अब यिनीहरूबाट मुक्त भइसके भन्नुभन्दा उदार, व्यापक, असीमित परिप्रेक्ष्य तथा निर्लिप्त र अनाबद्ध कलामा विलीन यथार्थतामा सहृदयतासाथ अनुभूत गरिन्छन् । कथाका यी डौड र घुम्तीहरूमा प्रशस्त प्रयोग तथा विविधता छ । जीवनको सान्निध्य खोज्दाखोज्दै जटिल, सूक्ष्म, गहन सत्य छोइन्छ; भोगाइप्रति ईमान्दार हुने चेष्टामा खुलस्त भइन्छ; सामाजिक विकृति, अन्याय उद्घाटन गर्ने क्रममा व्यंग्य तथा संकेत र प्रतीकहरू बिम्बित हुन्छन् । कथात्मकता वरण गरेको मिथहरूमा वर्तमान अथिन्छ । यसरी कथा मात्र कथा भन्दैन, धेरै थोक भन्ने सामर्थ्य राखेर वर्तमानमा नेपाली कथाले काँचुली फेर्दै आएको छ, गइरहेको छ ।

नेपालीमा आधुनिक कथाको विकास भइसकेपछिको दोस्रो चरणका कथाकारको रूपमा पूर्णप्रसाद ब्राह्मण सुपरिचित नाम हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनको पहिलो संग्रह 'एक्काईस कथा' का कथाहरू धेरैजसो प्रतीकात्मक छन् । प्रतीकवादी हुनाले प्रतीकात्मक कथा लेखिएका हैनन्, भन्न चाहेका कुरा भन्न नपाइएको स्थितिमा प्रतीकको ओत लागेर व्यक्तिदा रहेछन् । यसको एउटा दृष्टान्त यसै संग्रहको 'एक प्रतीक' कथालाई ठाने हुन्छ । यस्तै प्रयोगाभिमुखताको छनक 'पृथ्वीअभियान' कथाले दिन्छ । तर अकथ्यलाई पनि कथ्यमा उतार्ने मोहवाट आफूलाई अलग्याउन नसक्ता प्रस्तुतिले विभिन्न मोड लिन्छ, नयाँ विधिको प्रयोग गरिन्छ । यही सीप ब्राह्मणका कथाको शैलीगत विविधतामा पनि देखिन्छ ।

'एघार कथा' का कथाहरू न सबै नयाँ हुन्, न सबै पुराना । २००५ देखि २०३८ सालभित्रका कथा यसमा सँगालिएका छन् । समयको यस अन्तरालमा पनि प्रवृत्तिगत दृष्टिले अभिन्न नै लाग्ने छ । 'एक्काईस' र 'एकतीस कथा' पछिको यो 'एघार कथा' पनि आफ्नै ठाउँमा स्थिर छ । अभिधाले दिने अर्थभन्दा परको यथार्थलाई समात्न सकेमा सार्थक लाग्ने कथाको प्रौढ र प्रबुद्ध स्वरूपमा कथाकारको विशिष्ट सीप छ, चिन्तन छ । प्रस्तुत संग्रह छाप्ने सहयोग गरेर हामीलाई ठूलो गुन लगाइदिएकोमा साझा प्रकाशन ब्राह्मण-प्रति आभार व्यक्त गर्दछ ।

९ चैत्र ०४३

साझा प्रकाशन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कथा-सूची

१/तिले/१
२/एक प्रतीक/९
३/ऊः आइहाल्यो नि ! /१३
४/अमृतमार्ग/२७
५/संयुक्त विज्ञप्ति/४५
६/खानदानी/५९
७/मिलाप/७५
८/वाद विवाद/८१
९/विवशता/९२
१०/सखाप/१०५
११/पृथ्वी–अभियान/११३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१ / तिले

आफू हुर्केको त्यो प्यारो घर !, सँगै खेलेका ती गाउँले दम्तरी!, कलेजाको टुक्रा त्यो नयाँ जहान !, सधैं गाई चराएर सुसेलेको त्यो गाउँ-वेंसी ! सम्झँदा-सम्झँदै तिलेको आँखा टलपल हुन्थ्यो। पढेलेखेको नभए पनि सकभर ऊ आफूलाई समाल्थ्यो। तर अलिकति कामको फुर्सद भयो कि उसलाई पेटभित्र आगो दन्किरहेको भान हुन्थ्यो। उस-लाई शान्ति थिएन। दिउँसो हाँसिको बेला पनि त उसको छातीभित्र कहाँ-कहाँ डाह भैरहन्थ्यो। झन् राती सुतेर ननिदाउञ्जेल एकान्तमा त सबैको मनमा कुरा खेल्ने नै गर्छ, उसलाई किन असह्य नहोस् ! मटानको गुन्द्रीमा बोरा ओढेर सुतेको छ, सुस्केरा हालिरहेछ– 'सुई ...सुई।' फेरि उसैलाई थाहा छैन– 'म सुस्केरा हालिरहेछु।' आज मात्र हैन, त्यो बेला उसलाई सधैं मनको बंहले बेसुर बनाएको हुन्छ। दिउँसोभरि-को पसिनाको तर लगाएर गैरेको त्यो परिश्रमको त्यो पुरस्कार ! धन्य भगवान् ! कप्तानसाहेबलाई बिहान तोप नचल्दै उठेर तमाखु टक्चा-उनुपर्छ। त्यो बेलासम्म ऊ निदाएको छैन। घण्टाघरले अढाइ हानि-सक्यो– 'टङटङ।'

सानैमा बाबुआमा मरिहाले। घरको झिटिमिटीमा पनि कुन-चाहिं गाउँले बाठोले सुरसाको मुख बाएर निल्यो, पत्तै भएन। बाँकी थियो अचल एक सुर्को घरबारी र दुई गरा खेत। त्यो पनि बिहे गर्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सय रुपियाँ लिएर दुई सयको कागतमा धितो राखेर साहू मनाउँदा गइहाल्यो । अब त्यसले कहिले दुईसय कमाउनु र जेथा निखन्नु ! पर्न पनि कस्तो परेको, रिन नगरोस् बिहे नहुने, बिहे भयो गाँस-बास छैन । बिचरी उसकी स्वास्नी उसको कमाइ पर्खिरहेकी होली । बिचरा तिलेले बिहेमै एकपटक स्वास्नीको मुख देख्यो, फेरि देख्या छैन । अहिले ऊ गुरुङ कप्तानकहाँ चाकरी लागेको छ ।

× × ×

तिले लाहुरे मोजा लाएर, एउटा हातमा सुटकेस, अर्को हातमा चुरोट लिएर सात वर्षपछि घर पुग्यो । उसकी स्वास्नी करीब बीस-एक्काईसकी ढिकीमा गएर रोइरहेकी रहिछ । उसलाई देख्नेबित्तिकै हाँसी । 'अब त जेथा निखनेर बसूँ है !' भन्दै तिलेले सुटकेस खोलेर के-के देखाउन लागेको थियो । उसको तिघ्रामा 'स्वाँठु' केले हान्यो । ऊ झस्क्न भएर बिउँझ्यो । हेर्छ त, हातमा छडी लिएका कप्तानसाहेब !— "कुन बेला तमाखु ल्याउनुपर्ने गधा !"

"तीन माना खाएर भुसुभुसु निदाएछ । म त तमाखु नै ल्याछैन, बेला भा' रहिनछ भन्दा-भन्दै उज्यालो भैसकेछ । त्यो टनिक अघि नै खानुपर्ने, लौ तिलेलाई खान घटाइदिनू, सुतेर कामै दिएन बुझ्यौ ?" स्वास्नीसँग कुरा गर्दै कप्तानसाहेब बंगलातिर लागेका थिए । भाजुचाले चोकबाट "हजूर !" भन्दै हातले निधार छोएर भन्यो— "मर्जी भएको....."

"ए ! तँ आइस्, ल्याइस् त ?"

"हजूर, ऊ....."

"अँ, कति रे यसको ?"

"डेढ सय, प्रभु !"

"ए तिले ! लौ त्यो बैठकमा लेर आइज, सन्तेलाई पनि बोला !

"छैदै थिए नि यस्ता त अरू पनि"— विचार गर्दै तिले गयो । अलमाडी छोएपछि उसले झस्केर सासले भन्यो— "पचास कम दुई सय-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा !" सन्तेले अलमाडी समातेर भन्यो– "बलियरी समात् नि मोरा ! बजारिस् भने मालिकका हज्जार-हज्जारका दुई औंठीका छाप गालामा पर्लान् ।" तिलेले अलि आश्चर्यपूर्ण मन्द स्वरमा सोध्यो– "कप्तानसाहेबको औंठीलाई हजार-हजार दुई हजार परेको हो र ?"

"हीरामान बाँडाले दुई हजारको नोटको बिटो लगेको हेर्ने यिनै आँखा हुन् मोरा ! गठेमंगलको औंठी भनिठान्याथिस्, उचाल् बिस्तारै, तैं अगाडि जा, हो .....।"

× × ×

जूवाको बेला थियो । कप्तानसाहेब घोडाबाट ओर्लेर गफ गर्न लागेका थिए पटांगिनीमा तिले घोडाको लगाम समातेर गफ सुन्दै थियो, बीचमा घोरिन्थ्यो पनि ।

कप्तानसाहेब– "गम्भीरेले हिजोको पचाइहाल्छ कि भन्या त आज तियामा तेब्बर जाकियो ।"

अरू– "हजूरले के गरिबक्स्यो नि ?"

"खै मेरो हिसाबै भएन । एक कलम दुई हजार, फेरि पन्ध्र सय चार-चार सय दुईपटक । त्यही अरूसमेत चार हजारजति गयो होला । कस्तो बिच्छुक लाग्या नि यसपाला त ! एक ताल लागेको हैन !"

"हजूर !"

"तर मलाई खेल राम्रो भएकोले कत्ति नि गएजस्तो लाग्या छैन, कोजाग्रतमा जस्तो खिचिखिचि भएन । त्यो बेला त तिमी पनि थियौ नि !"

"हजूर !"

तिले एक हातले लगाम समातेर अर्को हातले औंला गन्दै थियो । ओठले मात्र भन्थ्यो– "सात पुगी आठ वर्ष ।" कप्तानसाहेबले ऊतिर हेरेर भने– "के गन्छस् ए ! मैले हारेको हिसाब पो गर्छस् कि ! घोडा लांदैनस् ?"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरू मुखामुख गरेर हाँस्न लागे । तिले सर्माउँदै घोडा लिएर तबेलातिर लाग्यो । उहाँ पुगेर उसले नभन्नू भन्दा पनि भन्यो– "आफ्नो घर छोडेको गन्दा पनि अर्कालाई ... ...।"

× × ×

पहाडको मान्छे नेपालको बेस्याहारमा फाप्तैन भन्थे । नभन्दै तिलेलाई बाथ त भैरहन्थ्यो, अहिले त झन् दाहिने गोडो नै फुलेर आयो । तिले अस्पताल गयो । डाक्टरले भन्यो– "फाइलेरिया भएछ ।" उसल त्यो नाउँ सम्झेन । उसले सोध्यो– "कतिमा बिसेक हुन्छ हजूर ?"

"यहाँको औषधिले हुन्न । बाह्र इन्जेक्सन लिनुपर्छ । बाह्र रुपियाँ लाग्छ, बिसेक हुन्छ ।" तिले मनमनै 'बा... ... ...ह्र' भन्दै फर्कियो । बाटामा पनि निकै गुन्यो । उता चार बजे घोडा पुऱ्याउनुपर्छ भन्ने मनमा छ । तिले एकान्तमा बसेर आफ्नो कम्मरको दाम गन्न थाल्यो । चौरासी रुपियाँ पुऱ्यायो । महिनाको एक रुपियाँको दरले त्यति उसको सात वर्षको कमाइ थियो । उसको कम्मर नै ढुकुटी थियो, त्यही सेफ, त्यही ट्रंक । पहिले आवेगमा 'जिउ नभए... ...' भन्दै बाह्र रुपियाँ पर सान्यो । त्यो बेला पनि उसको अगाडि शीर्णविशीर्ण त्यो घर, त्यो... ... ... नाच्न लाग्यो । एक्कासि उसको आँखा रसायो । औषधिको बारे आफैंसँग ऊ धेरैबेर लड्यो, आखिर छुट्याएको रुपियाँ पनि फेरि मिसायो । अघिकै जस्तो पटुकामा सात गाँठा बनाएर कम्मरमा बाँध्यो । लामो सुस्केरामा उसले भनेको थियो– "अब सात वर्षमा फेरि यति होला, त्यो थप्दा पनि... ... ...। यति लाउन-खान मालिकको भएर ।"

अन्दाजी दस दिनपछि नोकर, भान्से गैह्रले तिलेलाई– "थुइक्क मोरा, तेरो बुद्धि ! जिउ भए फेरि कमाउन्नस् ? गोडा थामजत्रो भैसक्यो । जति लाग्छ खर्च नगर् त किरन्टोकी कञ्जूसलाई कसैले मान्छे भन्छ ? यस्तै हो भने हात्तीपाइलेलाई यहाँ राख्छन् ? वरु बिसेक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो । ठूलो रूखको आड, दया त हो नि !"

थुकाइ खानु, किरन्टोकी कञ्जूसको नाम पाउन त आफ्नो खोटो कर्ममा तिलेले केही ठान्या थिएन, 'हात्तीपाइलेलाई राख्तैनन्' भन्दा त निकै चोट पऱ्यो । आखिर उसले छातीमा मुड्कीले हानेर बाह्र रुपियाँ त झिक्नैपऱ्यो । दशाको फेर, तैंपनि उसको सूज सुक्ने । डाक्टरले रगत जाँच्नलाई फेरि एघार रुपियाँको कुरा उठायो । तिलेको होशहवास हरायो । त्यो बाह्र रुपियाँ पनि उसले आफ्नो निम्ति खर्च गरेको थिएन, अर्काको निम्ति बिसेक भइदिन । नत्र उसको त्यत्रो कर्म कहाँ र जिउको निम्ति बाह्र-बाह्र रुपियाँ खर्च गरोस् । झन् त्यो एघार रुपियाँको कुराले त उसको छाती नै चिरा-चिरा भयो तर के गरोस् ! महिनाको त्यही एक रुपियाँ पनि जान्छ, समस्या त्यो त छँदैछ ! फेरि खर्च गऱ्यो । त्यो बेला कम्मरबाट एघार रुपियाँ झिक्ता त साँच्चै घुँक्का नै छोड्यो । तर त्यो आकाशका देवताले माव थाहा पाए ।

तिलेको रोग निमनै भयो । तर त्यत्रो कराल व्यथाबाट बचेकोमा तिलेलाई त्यति हर्ष भएन जति एक पैसा पाएर अघि आफ्नो पोकोमा थप्दा हुन्थ्यो । तेइस रुपियाँ खर्च भएदेखि त उसको चेहरा नै बदलियो मानौं ऊ कुनै विक्षिप्त लोकमा पुगेर अतासिएको थियो । ऊ निद्रामा पनि यही बर्बराउँथ्यो– "दुई सय नपुग्ने भो, मरें !"

लक्ष्यभङ्गको परिणाम निराशाको करतूत ! मानिसको प्रकृति बदलिन बेर लाउँदो रहेनछ । नजाने आजकाल किन हो तिले अर्कै भैरहेछ ! चेहरा दिन-दिन मलिन हुँदो छ । यतिसम्म कि हेर्दा मानौं उसको चेहरामा जीवित भावना नै छैन । घर-जहान अघि कति सम्झन्थ्यो, मनमा दुःख भईकन पनि सम्झन्थ्यो, आँसु झारीकन पनि सम्झन्थ्यो । त्यो बेला सम्झना पीरो थियो, तर मीठो पनि । अहिले त ऊ त्यो केही सम्झन सक्तैन, वास्तवमा चाहँदैन । बरु सम्झनालाई बिर्सन चाहन्छ । मानौं ऊ हरप्रयत्नले आफूलाई आत्मशून्य, चेतनाशून्य साबित गर्न खोजिरहेछ । त्यो पनि कोसँग ? आफैंसँग । सम्झनाका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तार टुटाएर, चेतनाका बिन्दु सुकाएर, शोकशून्य निराशाको छायामा ऊ सुत्न खोजिरहेछ । इन्द्रियहरू सजग भएको पनि उसलाई मन पर्दैन । त्यस्तो संग्रहवादी, नाफावादी मान्छे आजकल एक दिन पनि चुरोट नतानी बस्तैन । शहर उत्रेदेखि आङमा नयाँ लुगा परेको थिएन, अँ ... आजकाल त नयाँ लुगा । जुत्ता पनि खीपवाल किनेछ । निकै चुरुम्-चुरुम् पारेर हिंड्छ ।

दिन-परदिन तिले त्यो घरका मानिसहरूको खिलौना भएको थियो । कसैले नाच भने नाच्थ्यो, हाँस भने हाँसिदिन्थ्यो नीरस, आत्म-शून्य । कुरा गर्थ्यो मुखमा आएको, हिंड्थ्यो बिना लक्ष्य । अब उसको लगाम कसैको हातमा थिएन, अरू त के ! केही बोल्दा, गर्दा आफ्नै आत्मासँग पनि ऊ सोध्दैनथ्यो । मानौं उसको चैतन्य निराशा र अशान्तिको अनन्त आकाशमा उडिरहेको थियो । त्यसको उड्दो चाल देखेर साथी सन्तेले सोध्यो– "किन सिल्ली जस्तो भइस् ए आजकाल ?" उसको जिज्ञासापूर्ण प्रश्नलाई ऊ हाँसोले पखालेर जवाफ दिन्थ्यो– "मरिसकेपछि पनि फेरि सिल्ली हुन्छ मोरा ? म त मुर्दा पो, थाहा छैन ? जागेर खाइदिउँला ।" "कस्तो मोरो !" भन्दै सन्ते कामतिर लाग्यो । तिलेको त त्यो ताक लर्बरिनुसिवाय के काम थियो र ! कप्तानका जहानहरू जसलाई पूर्वजन्मको साहू भन्थे, दिक पारेको थियो ।

डोको बोकेको एउटा पहाडिया ढोकानेर आएर उभियो, वर-पर हेऱ्यो । त्यसले ढोकाभित्र पाइलो बढाउन के लागेको थियो, आवाज आयो– "ए ! को हँ ?" पहाडियाले सोध्नेनेर पुगेर भन्यो– "हाम्रा गाउँले भेटूँ भनेर, यहीं बस्याछन् भन्थे ।"

"घर कहाँ हो ?"

"झ्यामा, तिले भन्ने यहाँ चाकरी अरेर बस्याछन् भन्थे ।"

"तिमी चिन्दैनौ र ?"

"चिन्दिनँ म त उही गाउँ हैन, वल्लो ल्लो । अघि झुलुक्क

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देख्या भा' पनि खातापाता बढे होलान्; चिन्न सकोइन ।"

"तिले त मरिसक्यो नि, थाहा छैन ? कसले भेट्न पठाएको ?"

"उसैकी जहानले, साँच्चै मऱ्यो ?"

"मऱ्यो पनि झूटो हुन्छ ? आस गर्नैपर्दैन भनिद्यौ जहानलाई । म त उसको साथी, कुरा गर्थ्यो नि खोलेर– 'स्वास्नी छ, दुई सयको घर-खेत निखन्ने भएर जानु छ' भनेर । के गर्छे त उसकी जहान ?"

"के गर्थी, साहूकहाँ चाकरी गरेर बसेकी थिई, अब यो संचारले पो कति रोली ! बिहेदेखि पेट नभाको नभै यस्तो संचार लानुपऱ्यो । झन् यसपालि त 'बरु जसरी भा' पनि खाउँला, नली नआऊ है' भनेकी थिई । उसैको जिद्दीले म यहाँ पसिदिएको । के काम लाग्यो र, थुइक्क ! च्चः च्चः !! उसो भए घरमा पक्कै गरिदे हुन्छ ?"

"हुन्छ !"

"कसले भन्या भन्लान् ?"

"उहींको ढोकेले भन्या भन्नू ; अब बेर नगर, यहाँ सवारी हुन्छ ।"

पहाडिया बिलखबन्द भएर फर्क्यो । के सम्चार लिएर आएको थियो के लिएर फर्क्यो ! हुन पनि हो, निराशाले पिइसकेकोलाई जिउँदै भए पनि त के जिउँदै भन्नु ! त्यसको के आशा ! बिचरी तिलेकी स्वास्नीले पो कति देवता भाकेकी होली, कति औताइहोली, कति बाटोतिर आँखा गाडिहोली ! अब त्यो मान्छे एक्लै पुग्दा, फेरि आशा गरेर के के सोध्ली ! ऊ पनि कत्रो मुटु गरेर त्यस्तो कुरा बिसाउला ! ढोकेले भन्या भनेर बिस्तारै-बिस्तारै बताउला । ढोके भन्नु पो को थियो र, उही तिले त हो !

तिलेले त्योसँग त्यतिको कुरा गर्दा कसरी आँसु थामेको रहेछ । ऊ गएपछि त सकेन । बिचराले के के सम्झेर ल्यायो । पटाङ्गिनीको कुनामा डाँकै छोडेर रोयो– "धिक्कार ! आफैंले यस्तो सम्चार पठाउनुपऱ्यो ? ···के के न गरूँला··· ···म ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यही ताक तिलेले कप्तानको ढोका पनि छोड्यो । छोडेर पनि झुन्नेमुन्ने, चेहरा उडेको, टाक्सिएको, कस्तो-कस्तो कहिलेकाहीं बाहिर देखा पर्छ भन्थे । पछि त यो कुरा पनि हरायो । कता गयो, कता गयो । भन्न सकिन्न— तिले यो संसारमा छ छैन !

०५ साल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२ / एक प्रतीक

छाउरी आफ्नो जिउकी खिरिली नै हो, भए पनि खनाल बाजे र अरू चार-पाँच घरको ऊ बेस रेखदेख गर्थी। तिनै घरहरूको साझा चोक उसको वास-थल थियो। यतिभित्र कुनै अपरिचित जीव या शब्दको पनि ऊ पीछा गरिहाल्थी। कति चनाखो बस्थी। झ्यालबाट एउटा पात, थूक जे झरोस्, दौडेर गएर चाट्थी र फेरि अर्धनिमीलित दृष्टिमा के-के प्रतीक्षा गरिरहन्थी। रातदिनको प्रबुद्ध पहरेदार त्यो छाउरीको जिउमा कति के चिह्न थिए, घर-घरका जानकार जतिलाई पत्तो थिएन। ती चकचके अबूझ केटाकेटीहरू भने उसको रौं-रौं पहिचान्थे, कारण उनीहरूको खेल-तमाशाको ऊ पूरक थिई। केटाकेटी देख्न बेर न ऊ गर्धन मोडेर, ढाड मर्काएर, पुच्छ नचाएर, हात दिएर अनेक क्रीडा-अभिनय गर्थी। साथै केटाकेटीहरू डोरी लिएर उसको घाँटीमा बाँध्थे र उसलाई गाई बनाई खेल्थे। कोही तान्थे, कोही पछाडिबाट घचेट्थे। ऊ 'कुइँ कुइँ' गर्थी, कहिले दाह्रा देखाएर 'ङ्यार्र' पनि। तर त्यस मुद्रामा पनि कुनै आन्तरिक रुष्ट भावना हुँदैनथ्यो, भले अलिकति आत्मरक्षाको ख्याल किन नहोस् !

खनालनी बज्यैहरू खाइ-पिई मस्त भएर झ्याल-झ्यालमा बस्थे र पेटभरी बच्चा बोकेर अरगज्ज भएकी त्यस छाउरीलाई हेरेर भन्थे—"ओहो ! आजकल यो के विघ्न अथुलाएकी, बाहिर के-के घिच्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाउँदी हो ।"

× × ×

माघको रात, कलेजा चिर्ने त्यो चीसो स्यांठ ! उडेर वुर्वुराएर झरिरहेको त्यो प्रखर हिमशीत ! त्यस बखत मानौं प्रकृतिले चेतन-मावलाई जड बनाउने कौतुक गरिरहेको थियो। घर-घरका सबै झ्याल, छिद्र बन्द गरिएका थिए, घर-घरका मालिकहरू मीठो तानोपीरोले पेट चर्क्याएर हिटरदार कोठामा, मण्डी र सिरकभित्र गुटमुटिएका थिए । त्यो छाउरी, जसले आजसम्म तातो, न्यानो माग्न जानिन भुक्ता-भुक्तै, छाती सुकाउँदा-सुकाउँदै एकदम आवाज बदलेर 'कुइँ कुइँ गर्न लागी । ढोका-ढोकामा गएर नङ्ग्राले कोपर्दै नजाने के अनुरोध गर्थी । धेरै वेरपछि, जब ऊ निराश भई, एकपटक रोई । त्यो सुन्ने वित्तिकै कोठा-कोठाबाट गुंसिएर निस्केको संयुक्त आवाज सुनिन्थ्यो–"यो अलच्छिनालाई नमारी भएन हैं, हेर रातीबीच रोएर मरेकी !"

त्यो त्यसको प्रसववेला थियो। उसले त्यो निष्ठुर प्रकृति-प्रकोपबाट भावी नवजात शिशुहरूलाई बचाउन भनेर नै छिडी नै किन नहोस्, न्यानो आश्रय खोजेकी हुँदी हो । आखिर निरावरण र तुषारा-च्छन्न त्यो चोकको एउटा कुनामा पाँचोटा छाउराहरूलाई जन्माएर, लिएर उसले रात काट्नुपर्‍यो । आकाशबाट चन्द्रमा र अरू नक्षत्र-हरूले तुषारोमा आँखा भिजाएर यसको साक्षित्व गरेका थिए। पलपल, घडीघडी, भुकभुक उज्यालो भयो । रित्तो डोली जस्तो पेट लिएर, पुच्छर हल्लाउँदै, दायाँ-बायाँ भूइँ सुँघ्दै छाउरी किन हो, बाहिर निस्की, फेरि लगत्तै दौडँदै आपना बच्चाछेउ आइपुगी । यसै गरी बाहिर निस्कँदै आउँदै के कति थोपो झर्थ्यो, जाडोले काँप्दै बच्चाहरू-लाई दूध चुसाउँथी । चुसाउन वेर न, जब बच्चाहरू ज्यादा छटपटिन्थे, वेदनामा ऊ बाहिर निस्कन्थी, एकै छिनपछि फेरि फर्किहाल्थी । एक-पटक, त्यसै गरी फर्केर बच्चाहरूलाई के दूध चुसाउन लागेकी थिई,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अकस्मात् झ्यालबाट एक बाटा पानी ती बच्चाहरूमाथि ओइरियो । ती निसास्सिएर छटपटाउन थाले । साढे छ-को समयले अन्दाज दिन्थ्यो, शायद त्यो खनाल बाजेले पञ्चायन पूजा सकेर सेलाएको जल हुँदो हो ! ती कलिला बच्चा ! त्यो जाडो, त्यो जलप्रपात ! माउचाहिं ती बच्चाहरूलाई दाँतले हलुकोसँग चेप्दै एक-एक गरेर ओछ्यानोतिर सार्न लागी ।

गर्दा-गर्दै चोकमा घाम लाग्यो । घर-घरका केटाकेटीहरू खेल्न ओर्ले । हेरे ती बच्चाहरू ! उनीहरूका खेलका साधन बढे । कोही कानमा समातेर उचाल्थे, कोही पुच्छर समातेर घिसार्थे, एक कुनाबाट अर्को कुनामा लगेर छोड्थे । मर्मान्त पीडा भएर बच्चाहरू रोएको सुन्नु उनीहरूको निम्ति एउटा कौतुक थियो । माउचाहिं जता-जता बच्चा छोडिन्थे, दाँतले चेप्दै आफ्नो ठाउँमा ल्याउँथी र फेरि गुँडुल्किएर स्याहार्थी, चाट्थी । केटाकेटीहरूले सडक बाहिर-बाहिरसमेत पुऱ्याएर रमाइलो गर्दा औ कतै बिर्सेर आउँदा त्यही दिन एक-दुई बच्चा घटि-सकेका थिए । बिचरी माउचाहिं छिन-छिनमा काखका बच्चा छोडेर 'कुइँ कुइँ' गर्दै बाहिर जान्थी, चारा खोजोस् कि बच्चा खोजोस् ! फेरि जुन बच्चाहरू छाडेर निस्किन्थी, उनीहरूउपर शङ्का र चिन्ता त छँदैछ, लगत्तै खुँराएर फर्कन्थी र तिनलाई स्याहारेर गुँडुल्किन्थी । बिचराको छाती, त्यो ताक कतै नगीचमा भोजभतेर पनि परेन, नत्र टपरी, लपेसहरू चाटेर पनि केही त रसाउँथ्यो । छाउराहरूको आन्द्रा सुकिसकेको थियो । त्यसै बेला पाँच-छ दिन लगालग माघले झरी हाल्यो, त्यो हुरी ! त्यो स्याँठ !

निकै नै दिन बिते । माउचाहिं चिन्ता लिइरहन्थी, तर त्यो व्यर्थ थियो । बाँकी दुइटा बच्चा ऊसँग थिए ती पनि अब अमृतै भए पनि नचुस्ने भैसकेका थिए । आँखै नखोलीकन के मानौं नचाहीकन नै जताबाट आए उतै फर्किसकेका थिए । खालि उनीहरूको सिना मात्र त्यहाँ बाँकी थियो । वात्सल्यको हृदयले माउचाहिं शायद यो संझन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सक्तैनथी । 'यिनले कहिले आँखा खोलेर मलाई हेर्लान्' मानौं ऊ यही दीर्घ प्रतीक्षामा थिई । तिनलाई पालँसँग चाट्थी, मुख-मुखमा थुन जोडिदिएर गुँडुल्किन्थी । कहिले भने नजाने किन हो झसङ्ग झस्केजस्तो गरेर कहिले यता कहिले उता दाँतले चेपेर सार्थी । तर दिन-परदिन गलेर, कुहिएर उनीहरूको अंग जहाँ चेप्यो उहीं च्यातिंदै खस्तै गर्थ्यो । त्यसमा मदद केटाकेटीहरूको ध्वंसकारी खेलबहाड त छँदै थियो । आखिर एउटा बच्चा, जसको अघिल्लो एउटा खुट्टा र कान पनि झरिसकेको थियो, सुँघेर-चाटेर माउ बसेकी थिई । त्यो दिन झरीको अवसान थियो, घाम टहटह लागेको थियो ।

तर अनन्त अनिश्चित, अवहेलितहरूको एक प्रतीक, त्यो छाउरीको निम्ति के घाम, के पानी ! यो दुनियाँ उस्तै नै थियो । साँच्चै भनूँ भने परिस्थिति नबोलिदिंदो हो, समाज– इतिहासको कालो पृष्ठले नलेखिदिंदो हो, यो दुनियाँमा यसलाई संझने पो अर्को को थियो ! खालि उसको झन्-झन् छिन्दै गएको त्याम्द्रो जिउले भने उसको हृदयको नीरव क्रन्दन र मूक वेदनाको विज्ञापन गर्थ्यो ।

मध्याह्नको समय, घर-घरका मुखिनीहरू आपसमा झरीको जाडोको आलोचना गर्दै थिए । साथै उनीहरूको दृष्टि त्यस छाउरीमाथि पऱ्यो, अङ्गविकल त्यो आफ्नो प्यारो बच्चालाई लिएर आज्ञापूर्ण दृष्टिले माथि हेरिरहेकी थिई । त्यसलाई देखेर बित्तिकै सबै घरका मालिकनी मुखिनीहरूले एकै स्वरमा भने– "मेरी आम्मै ! केटाकेटीहरू पाँचोटा बच्चा छन् भन्थे, खै ? आफ्नो बच्चा आफैं पो घिच्चिरहिछ बाबै ! कस्ती अलच्छिनी काल कुकुर रहिछ । अरू सबै निलिसकेर एउटाको पनि त्यति बाँकी पारिसकिछ छिः ! आफ्नै बच्चा त खानेले पाए हाम्रो बच्चा राख्छे ? यस्ती अलच्छिनीलाई त नमारी हुँदै भएन, कसले मारिदेला ?"

०५ साल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३ / ऊः आइहाल्यो नि !

जुनेली रात थियो । त्रिशूली गङ्गाको किनार, गल्छीबजार ! सर्वत्र शूनसान चकमन्न थियो । मानिसको के कुरा गाईभैंसी, चरा-चुरुङ्गीलगायत सब निद्रादेवीको मधुमय उत्सङ्गमा आराम लिइरहेका थिए । पूर्वतिरबाट मधेस खोलो दिदी त्रिशूलीलाई भेट्न दौडेर ओलिरहेजस्तो थियो । त्रिशूली पनि फींजको मन्द मुस्कानमा, सुसाएर मिलनको लागि कौतुक र उत्सुकताको गम्भीर अभिव्यक्ति गर्दै बहि-रहेकी थिइन् । महीना वैशाख थियो ।

शरत् औलो उन्मूलन संघको कर्मचारी थियो । घादिङ, गल्छी-वरिपरिका गाउँहरूमा डि. डि. टी. छर्ने कामको जिम्मा उसको थियो । गल्छीबजारमै उसको डेरा थियो । शरत आज पनि एक बजे राती वरपर आफ्नो दृष्टिपात गरिरहेको थियो । कारण अघिल्लो शुक्रबार र झन् अघिल्लो शुक्रबार डेराको बाटलीबाट पूर्वपट्टिको नजीकैको चौतारोमा करीब रातको एक-डेढ बजे एउटी सुन्दरी युवतिलाई उसले देखेको थियो । पछिल्लो शुक्रबार, जिज्ञासा र वासनाले अतिप्रेरित भएर त्यसकहाँ जाने, भेट्ने इच्छा मनमा उठ्ने बित्तिकै त्यस युवतिले पलाङतिरको उकालो बाटो लिइहालेकोले ऊ रोकिएको थियो । त्यस-पछि उसलाई काठमाडौं जानुपर्‍यो र उसले कसैसँग यो कुरा गर्न पाएको थिएन । त्यही जिज्ञासा, त्यही वासनाले आज पनि ऊ राती एक बजे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यही चौतारोवरिवरि दृष्टिपात गरिरहेको थियो। नमन्दै त्यो रात पनि ठीक एक बजेतिर उसले देख्यो– सत्र-अठ्ठारकी, कम्मर छिनेकी, अङ्गप्रत्यङ्ग मिलेकी एउटी एक्ली दिव्य सुन्दरी पलाङ्तिरबाट झरेर चौताराको पीपलबोटमुन्तिर आएर बसी र वरपर हेर्न थाली। उसको हेराइमा तीव्र उत्सुकता र उद्देश्य भएको व्यक्त हुन्थ्यो।

धेरै बेर हेरिसकेपछि, वासनाप्रेरित त्यो शरत् भय र साहसको, विकल्प र संकल्पको द्वन्द्वमा त्यही युवति भएतिर बिस्तारै लाग्यो। जति ऊ नजीक पुग्यो, उति नै त्यस युवतिको सौन्दर्य र लावण्यले उसलाई मग्ध पार्न थाल्यो। नजीक, निकै नजीक पुगेपछि चौतारामा कतातिरबाट उक्लिएर त्यसको नजीक पुगूं भन्ने उसलाई लागेको थियो, तर आमने-सामने भइसक्ता पनि झस्कने, उठ्ने, अन्त तर्कने कुनै पनि चेष्टा युवतिको नदेखिएकोले र उसले सामुन्ने अगाडि नहेरी मुन्टो पूर्वतिर फर्काएकोले उसमा सामान्य स्त्रीसुलभ लज्जा र संकोचको भाव मात्र भएको, रोष, पलायन र प्रतिकारको भाव कत्ति नभएको अनुमान गरेर शरत् सोझै चौताराको पेटी उक्लिएर युवतिछेउ पुग्यो, बस्यो र सोध्न थाल्यो– "यस्तो राती एक्लै कताबाट बहिनी ? कता जान आयौ ? तिम्रो नाम के हो ?"

त्यस युवतिले आफू आएतिरको बाटोलाई हातले संकेत गर्दै, सामुन्ने पारिपट्टि दृष्टि दिएर भनी– "त्यताबाट, यहींसम्म आएकी हुँ। मेरो नाम मीना हो।"

"यति बेला राती, एक्लै के कामले आयौ त ?"– शरत्ले कौतुकको मुद्रामा प्रश्न गऱ्यो।

"यो लामो कुरा छ"– त्यस युवतिले कत्ति संकोच नमानीकन भनी। यसो भन्दा उसको मुखमुद्रामा धैर्य थियो, स्वरमा निर्वेद। विकार थिएन, शङ्का, राग कुनै कुरा थिएन। उसको दृष्टि ज्यादै चञ्चल, ऊ सबैतिर हेर्न पुऱ्याउँथी। देखता उसमा यस्तो धृष्टता थियो– मानौं ऊ कुनै पुरुष नै थिई र एक अपरिचित युवकसित बसेर ऊ कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिरहेकी थिई । उसको विशेषता थियो– कुनै वखत पनि शरत्सँग आँखा जुधाउँदैनथी ।

शरत्ले आग्रह, कौतुक र अनुरोधका साथ फेरि सोध्यो– "सुनूँ न कस्तो लामो कुरा छ !"

एकातिर त्यो दिव्य सौन्दर्य, अर्कोतिर मुखमुद्रामा इन्कार–प्रतिकारको कुनै रेखासम्म नदेखिएको ! यसले गर्दा नवयुवक त्यस शरत्मा राग र साहस चढ्दै जानु स्वाभाविकै थियो । वास्तवमा युवतिसँगको वार्तालापको आकांक्षा उसको निति गौण नै थियो । यसैले वार्तालापमा मग्न-निमग्न भएर सुरै हराएजस्तो अभिनय गरेर शरत् त्यस युवतिसँग ढेप्पिनै, अझ ढेप्पिनै पुगेको थियो । यद्यपि उसका शब्दहरू पनि एक-एक गरेर सुन्दै गएको थियो । कस्तो लामो कुरा रहेछ ? यो सुन्न पनि कौतुकै थियो ।

त्यस युवतिले लामो सुस्केरा हालेर भन्न थाली– "अघि सात सालमा राणाशाही खतम गर्ने क्रममा देशभित्र मुक्तिसेना पस्यो । त्यो मुक्तिसेना प्रवासी नेपाली भूतपूर्व सैनिकहरूको जमात थियो । अर्जुनबहादुर नेपाला भन्ने दार्जीलिङको एक जना सार्की पनि त्यस मुक्तिसेनाभित्र हवलदार भएर आएको थियो । त्यसकी जहानको पहिले नै देहान्त भइसकेको रहेछ । त्यसैले पाल्ने, रेखदेख गर्ने कोही नहुने भएकाले सत्तरी वर्षकी त्यसकी बूढी आमा र छोरा शिशिर पनि दार्जीलिङ छोडेर नेपालै आएछन् । डेरा काठमाडौं, धोबीचौरमा थियो । आठ सालमा मुक्तिसेनाले राष्ट्रिय महासभाको नेतृत्वमा सैनिक विद्रोह गरेर असफल भएपछि संस्थाको अध्यक्ष अग्निप्रसाद खरेल भाग्दा पनौतीमा पक्रिएर जेलमा हालियो । कप्तान रामप्रसाद राई पूर्व चौतारामा भेटियो र भाग्न लाग्दा राष्ट्रिय सेनाद्वारा मारियो । सस्थाको महामंत्री पूर्णप्रसाद ब्राह्मण भागेर इण्डिया पस्या । पछि श्री ५ त्रिभुवनबाट माफी भएर देशभित्र आयो । त्यही बिद्रोहमा हवलदार अर्जुनबहादुर पनि मारियो । अनि त्यसकी बूढी आमा र छोरो शिशिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अलपत्र परेछन् र त्यस बूढीको माइतीघर यही मासटारमा भएकोले शरण खोज्दै नाति लिएर त्यो यही मासटारमा आइछ। गाउँले हरूले त्यसको निति हारगुहार गरेर एउटा सानो छाप्रो पनि बनाइदिएछन्। शिशिर दार्जीलिङमै पाँच-छ क्लास अंग्रेजी पढेको, सत्र-अठ्ठारको बाँसको हल्केको मुनाजस्तो, गोरो, राम्रो, मिजासिलो केटो थियो। घरको थिति विपन्न भएकोले त्यसको अध्ययन बिग्रियो। उल्टो बूढी ज्यामा र आफू बाँच्नको लागि कुनै न कुनै काम समातन ऊ बाध्य भयो। गाउँमा ऊसुहाउँदो अर्को कुनै काम नभेटिएकोले बिचरो त्यो शिशिर हाम्रो घरमा हली भएर बसेको थियो। मेरो घर बाहुन पलाङ हो। म रुद्रलाल शर्माकी छोरी हुँ। मेरो पिताजी किसानीको साथै गाउँमा पुरेत्याई पनि गर्नुहुन्थ्यो। मेरा ठूला दाजु गोवर्धन काठमाडौं-मा पढेर आउनुभएको थियो। उहाँलाई भेट्न टाढा-टाढाका साथीहरू पनि हाम्रो घरमा आइरहन्थे। 'नारीजातिको पुनर्विवाह चलाउनुपर्छ, जातिपातिको कुप्रथा तोड्नुपर्छ, नव प्रजातन्त्रको खोक्रो नारावाट के हुन्छ?' भन्ने कुरा उहाँहरूका बीच भइरहेको म सुन्थें। 'प्रजातन्त्र' शब्द त मेरो दाजुको मुखमा झुण्डिएको थियो। नारीजातिको निमित्त यो ठूलो सुधार कार्यक्रम हो भनेर त्यसले मलाई ठूलो आश्वासन दिइरहेको थियो। किनकि मर्मान्तवेधी प्रचलित जातिभेदको सामाजिक कुपरम्परा-बाट मेरो छाती क्षतविक्षत भइसकेको थियो। सम्झँदा मलाई अहिले पनि कति दुःख लाग्छ! एक दिन एकादशीको दिन भन्थे। निधार-माथि सियुरो बाटेर, लामो दौरा लगाएर म छिमेकका मसरहका केटा-केटीसँग आँगनमा खेल्थें। त्यो बेला एक जना अपरिचित मानिस आएर महेशदोभानका महादेवको पर्साद राता टीका हामी केटाकेटी सबैलाई लगाइदियो र गयो। हामीहरू रमायौं। एक्कै छिनपछि आमा पँधेरावाट पानी लिएर आउनुभयो, मलाई हेर्नुभयो, भित्र पसेर गाग्री राख्नुभयो, अनि लोटामा पानी लिएर बाहिर निस्कनुभयो र बलजफत मलाई घिच्याएर मेरो मुख धोइदिंदै भुतभुताउन थाल्नुभयो– 'रातो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चुरा र टीका तैंले कहिल्यै लगाउन हुँदैन भनेर मैले कतिचोटि भनिसकें अलच्छिनी ! तेरो पुर्पुरोमा त्यस्तो लाउनू भन्ने छ र ? कुनचाहिं उपध्रचाले आएर रातो टीका लगाइदिएछ कुन्नि ?' त्यो वेला म सात वर्ष लागेकी मात्र रहेछु । आमाले मलाई किन त्यसो भन्नुभयो, किन त्यसो गर्नुभयो ? म के जान्दथें ! म रुन थालें । आमाले मुख धोइदिएर, त्यसै गरी गाली गर्दै भुतभुताउँदै, फरियाको सप्कोले घसी-घसी, दुखे गरी मुख पुछिदिनुभयो । मेरा साथीहरूले मलाई घेरे मौन एवं विस्मित मुद्रामा मलाई हेरिरहे । केटाकेटी वेला ! एक छिनपछि फुलिएर म फेरि साथीहरूसँग खेल्न थालें । पछि पछि पो अरू-अरूकै भनाइबाट मैले बुझ्दै आएँ– 'छ वर्ष लाग्ने बित्तिकै पुरानो चलन-अनुसार मेरो विवाह नजीकैको बाहुन पलाङको, तीस वर्षको एक जना बाहुनसँग भईकन म त्यो वेला विधवा पनि भइसकेकी रहिछु ।' त्यो उमेरमा विहे भएको मलाई के पत्तो ? जब पछि सुन्दै, बुझ्दै गएँ, म आफ्नो जिन्दगीबारे बिलखबन्द हुँदै गएँ । मैले सोह्र पुगेर सत्रमा टेकेकी थिएँ, शिशिर हलो चलाउन नपरेको वेला म र मेरा अरू साथीसँगिनीसँग बसेर दार्जीलिङका घर, सडक, चियाबगान, सिनेमाहल र त्यहाँका केटा र केटीहरूको मुक्त भ्रमण र प्रणय-क्रीडाहरूको वर्णन सुनाउँथ्यो । त्यो सुन्दा-सुन्दै मेरो मनमा दार्जीलिङ पुग्ने, हेर्ने उत्कण्ठा भइसकेको थियो । मलाई शिशिर ज्यादै मन पर्थ्यो । शिशिर पनि मलाई ज्यादै-ज्यादै पच्छ्याउँथ्यो । केही मीठो कुरा भेटे शिशिरलाई छुट्याएर मलाई खान मन लाग्दैनथ्यो । केही नयाँ रमाइलो कुरा सुने शिशिरलाई भेटेर कहिले सुनाऊँ जस्तो मलाई लाग्थ्यो । म सत्र-अठ्ठारकी, शिशिर बीस-बाईसको । हामी दुईमा परस्पर आसक्ति बढ्दै-बढ्दै गएको थियो । यो थाहा पाएर मेरा पिताजीहरूले शिशिरलाई हलीको कामबाट झिकिदिए । अनि शिशिरले हाम्रो घर आउन छोडिसकेको थियो । शिशिरलाई देख्न नपाउँदा मलाई संसारै शून्य जस्तो लागिरहन्थ्यो । मलाई एक्कै दिन पनि भेट्न नपाए शिशिरको, अनुहार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खिस्निक्क परिहाल्थ्यो। अनि घरका मान्छेको आँखा छलेर हाम्रो भेट्ने ठाउँ, राती यही चौतारो थियो। प्रेमको आड कति वलियो हुँदो रहेछ भन्ने कुरा त्यही बेलादेखि मलाई थाहा भयो– एकलास यो जंगलको बाटो, एउटी अबला ! मलाई कुनै डरभर लाग्दैनथ्यो। शिशिर त झन् नवयुवक पुरुष नै ठहरियो। केको डर मान्थ्यो ? हामी आधारातमा यही चौतारामा भेट्थ्यौं। र पहिलो पटक कुखुरा बास्ता नबास्ता छुट्टिएर आ-आफ्नो घरतिर लाग्थ्यौं। पछि राती यो बार भेट्ने भन्ने हाम्रो पूर्वकार्यक्रम बन्थ्यो। भेट भएपछि आपसमा अनेक कुरा हुन्थे र खास गरी हाम्रो भविष्य-जीवनको लागि कार्यक्रमको कल्पना गर्थ्यौं। जिन्दगीभर आफू-आफू नछुट्टिने र अचानक दुईमध्ये एकको मृत्यु भयोभने अर्कोले पनि प्राणत्याग गरेर परलोकमा पनि भेट्ने र सँगै बस्ने हाम्रो संकल्प र सदिच्छा थियो। त्यत्तिकैमा मेरो शरीरमा गर्भको चिह्न देखा पऱ्यो। घरमा भित्रभित्र खलबल मच्चिन थाल्यो। मलाई आमा र ठूली भाउज्यूले एकान्तमा लगेर केरे, हप्काए, फकाए। प्रजातन्त्रवादी मेरो दाजु गोवर्धनले पनि 'प्रजातन्त्र भनेको त बाहिर आफूसँग भन्ने कुरा पो त, आफ्नो कुल, जाति, खानदानी, मर्यादा, गौरव त्यसै मास्न हुन्छ ? सबै कुरा छोड्दै गएपछि, आर्थिक समानता भन्छन्, आफूले खाने थाल पनि कङ्गालहरू आएर खोस्न थाल्छन्। प्रजातन्त्र भन्दैमा सबै लत्तो छोडेर यस्ता छाडा काम गर्न थालेपछि इज्जत जोगिन्छ ?' भन्नुभयो र पिताजीले पनि मलाई झाँको झार्नु-भयो। यसरी सबै मिलेर मलाई विचलित बनाउन प्रयास गरे। तर म ेग पनि विचलित भइनँ। तर यी सब जे भएका कुरा पनि म शिशिर-लाई सुनाइरहन्थें। शुक्रबार राती यही चौतारामा भेट्ने कार्यक्रम पहिले नै बनेको थियो। यसो गरेर हामीले त्यसपछिका तीन-चारओटा शुक्रबारका रातहरूमा भेटर्यौं पनि। अन्तिम भेटपछिको बिहिवारको दिन, आफ्ना घरका जहान मात्र भएको वेला, मेरै सामुन्नेमा मेरा पिताजीले मेरी आमा र दाजुलाई भन्नुभयो– 'स्त्रीहठ नराम्रो हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छोडिदेऋो यसलाई, जाऋोस् चमारसँग ! त्यसैको हिल्ला लगाइदेऋो । चमारलाई ज्वाइँ बनाएर गाउँले जोरीपारीको अगाडि, आउने-जाने पारेर, नजीकै कसरी राखूँ ? ज्वाइँ नै हुने भइसकेपछि ऊसँग नराम्रै पनि किन गरिहालूँ ? एक दिन राती बोलाएर यसलाई राम्रै मुखले सुम्पिदेऋौं र तीस-चालीस हजार रुपियाँ दिएर, यहाँ नबस, गइहाल भनेर दार्जीलिङतिर लखेटिदेऋौं । एउटी छोरी थिई, त्यो पनि चमार-सँग गइछ त भन्ने नै भए सबैले । छिपाएर छिप्ने कुरा पनि भएन । कसैको मुख थुन्न सक्ने कुरा पनि भएन, के गर्ने त अब ! गई त गई ! लौ यही निर्णय लाग्यो यसको पुर्पुरोमा यही लेख्या' रहेछ, के गर्ने त !'

यति भनेर पिताजीले मपट्टि फर्केर भन्नुभयो– 'आज बिहिबार भयो, कहिलेलाई बोलाउने हो, बोला । लाज मर्नु ! कसैले नदेख्ने गरी राती पारेर बोलाउनू !'

अनि मैले पिताजीसँग लाजले भन्न सकिनँ र आमाको नजीक गएर विस्तारै भनें– 'भोलि शुक्रबार भेट्छु, परि शनिबार रातीलाई बोलाउँछु, हुन्न ?'

मैले भनेको पिताजीहरूले पनि सुन्नुभयो । तर आमाले चाहिं 'खुइय' सास फेरेर अश्रुपूर्ण मुद्रामा भन्नुभयो– 'जेसुकै गर मलाई सोध्न पनि पर्दैन, सुनाउन पनि पर्दैन !'

त्यो निर्णय भएपछि, कहिले शिशिरलाई भेटेर यो हर्षको समाचार सुनाऊँ भन्ने मलाई लाग्यो । ज्यादै-ज्यादै हर्ष भएपछि पनि निद्रा लाग्दो रहेनछ । रातभरिमा थोरै बेर मात्र म निदाएँ हुँला । बल्ल-बल्ल बिहान भयो, बल्ल-बल्ल दिउँसो भयो । बल्ल-बल्ल साँझ पऱ्यो । समय बिताउनै गाह्रो भयो । शिशिरलाई भेट्ने मात्र उत्सुकता भइरह्यो । जब आधारात भएथ्यो, म यही चौतारामा आइपुगें । शिशिरचाहिं ऊः त्यही सालको रूखले छेलिएर बसेको रहेछ । मलाई देख्ने बित्तिकै निस्किएर जुम्लुङ्ग यहीं चौतारामा आइपुग्यो । मैले हाँसेर 'किन त्यसरी लुकेर बसेको ?' भनें । उसले मुसुक्क हाँसेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्यो– 'त्यसै !'

मैले उसको हात समातेर भित्रैदेखि हर्ष प्रकट गर्दै भनें– 'मैले अब लुक्नु नपर्ने पारिसकेकी छु, बावै !'

शिशिरले कौतुक र हर्ष प्रकट गर्दै भन्यो– 'कसरी मीना ?'

मैले हर्षगद्गद भएर भनें– 'तीस-चालीस हजार रुपियाँ दिएर हामीलाई दार्जीलिङ पठाइदिने रे ! त्यो निर्णय भइसक्यो । बरु पठाउने बेलामा एकचोटि भेटेर राम्रो मुखले त बिदा गरूँ ! भन्नुभएको छ पिताजीले । भोलि बेलुका, रात परेपछि, गाउँलेले नदेख्ने गरी आउनु-पर्‍यो रे !'

'साँच्चै हो ?'– शिशिरले खुशी मानेर भन्यो ।

'धत्तेरी, कति खुशी लाग्या छ, म झूटो बोल्छु ? हामी यहाँ यस्तो भएर बसिदिंदा उनीहरूको इज्जत भएन रे क्या ! अनि लखेट्न आँटेका !' अनि 'ए !' भनेर हर्षले गद्गद हुँदै शिशिरले मलाई अँगालो हाल्यो र मुख जोडेर म्वाइँ खाँदै भन्यो– 'अब हामी दार्जीलिङ नै जाने होइन त ?'

मैले हाँस्दै भनें– 'त्यहीं त पठाउने हो नि ! कति हेर्न मन लाग्याथ्यो, आफूलाई कुरा सुन्दा-सुन्दा !'

शिशिरले भन्यो– 'ज्यामैलाई पनि लिएर जानुपर्‍यो !'

मैले भनें– 'बिचरी बूढीलाई एक्लै कहाँ छोड्ने त नि, हामी फेरि आउँदैनौं होला !'

शिशिरले भन्यो– 'कुकुरलाई छुँदा छिटो नहाल्ने, हामी मान्छे-लाई छुँदा छिटो हाल्ने यस्तो पापी ठाउँमा के भनेर फर्कने त फेरि ?'

एकै छिनपछि फेरि हाँस्दै शिशिरले भन्यो– 'मेरो सपना त कस्तो ठ्याक्कै मिल्ने हुँदो रहेछ मीना ! मैले आज गए राती सपनामा, मेरो बा आएको रे, मलाई र ज्यामैलाई लिएर दार्जीलिङ गएको रे ! बा अघिअघि, म र ज्यामै पछिपछि गएका थियौं । बरु सपनै त ठहरियो, पूर्वतिर लाग्नुपर्ने, दक्षिणतिर त्रिशूलीको किनारै-किनार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गइरहेका थियौं ।'

मैले हर्षित चेहरामा शिशिरको दुइटै हातको चोरऔंला आफ्ना दुई हातले समाउँदै, हल्लाउँदै भनें– 'आबी ! कस्तो सपना देख्या' रहेछ, जस्तो देख्या 'उस्तै गरी जान पाइने भयो !'

करीब एक घण्टा जति यस्तै कुरा गरेर हामी छुट्टियौं । शिशिर आफ्नो छाप्रोतिर लाग्यो, म आफ्नो घरतिर लागें, पुगें र सुतें ।"

अर्कोतिर– त्यस युवतिले त्यति भनुञ्जेलमा, शरत् चाहिं ऊसँग ढेप्पिदै-ढेप्पिदै रात्रै टाँसिइसकेको थियो । यसरी मन खोलेर आफ्नो सारा इतिवृत्त भन्ने केटीले अवश्य पनि समाधि अनुराग र आत्मीयभाव राखेकै हुनुपर्छ भन्ने धारणा शरत्को मनमित्र जम्दै गएको थियो र नै ऊ मीनासँग धृष्ट भइ धृष्ट भएर ढेप्पिदै गएको थियो । एकातिर शरत् त्यस युवतिको झल्याकझुलुक सौन्दर्यको रसास्वादन गर्न लागेको थियो त अर्कोतिर युवतिलाई आफ्नो स्नेह र अनुराग व्यक्त गर्न होला उसको हात समातेर बिस्तारै औंला मोल्न लागेको थियो । यति हुँदासम्म पनि त्यो युवति शरत्सँग आँखा जुधाउँदैनथी, यद्यपि पल्याक-पुलुक चारैतिर हेरिरहन्थी । छाम्दा त्यसका हात, औंला हिउँजस्तै चीसा थिए– शरतलाई यस्तो किन ? जस्तो त लाग्थ्यो, तर वासना दग्ध भएकोले, कता-कता सोच्न पुग्थ्यो, त्यसको इतिवृत्तश्रवणले पनि उसलाई आकर्षितै गरेको थियो । आशा, भय, कौतुक, विकल्प, संकल्प यी सबै कुराले उसको हृदय आलोडित भइरहेको थियो । शरत्को मानसिक स्थिति जस्तो भइरहे पनि त्यस युवतिको इतिवृत्तको वर्णन चालू थियो । ऊ भन्दै गइरहेकी थिई– "सुतेपछि मलाई नयाँ अनुभव भयो– आफ्नो मनको हर्ष शिशिरलाई पनि बाँडेर हो कि ! त्यो रात भने मलाई निद्रा लाग्यो ।' सपना पनि उस्तै देखें– शिशिर दार्जीलिङ जान पाइने भयो भन्ने खुशीले होला हाँस्तै रातो टीका, रङ्गीबिरङ्गी लुगा लगाएर, ठाँटिएर, साँच्चै दुलही जस्तो भएर, घोडा चढेर आएको ! ब्यूँझेपछि मैले ठानें– बिहे हुने भएर त्यस्तो ठाँटिएको देखें हुँला !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बिहान बित्यो, दिन बित्यो, साँझ पऱ्यो । पारिपट्टि वनमा झ्याउँकीरी बास्न थाल्यो । शिशिर पनि कहिलेकहीं जाल्रामा जाँदा लगाउने लुगा लगाएर ठाँटिएर आयो । त्यसलाई देखे बित्तिकै पिताजीले भन्नुभयो– 'धन्सारको चोटामा लगेर राख् ।' मैले त्यसै गरें र धन्सारमा बत्ती नभएकोले आमासँग आएर बत्ती मागें । आमा बोल्दै बोल्नुभएन । पिताजीले भन्नुभयो– 'लालटीन लगेर, त्यहीं छोडेर आइज !'

मैले लालटीन बालेर लगिदिएँ । चोटामा गुन्द्री बिच्छ्याएको थियो । झ्यालमा एउटा रेडियो, कुनामा एउटा काठको बाकस थियो । कान्छा दाजुले मलाई बोलाउनुभयो । म घरभित्र गएँ । अनि हातमा अर्को रेडियो लिएर मेरा पिताजी र गोवर्धन दाजुहरू सबै धन्सारतिर लागे । कान्छा दाजुचाहिं घरको ढोकामा बस्नुभयो । रेडियो चाहिए उहीं थियो, अर्को रेडियो किन लगेको होला ? भन्ने मलाई लागेको थियो । एक्कै छिनपछि धन्सारको ढोका लगाएको आवाज आयो साथै रेडियोको ठूलो आवाज पनि । तर केही बेरपछि त्यो रेडियोको आवाज साधारण भयो । यत्तिकैमा मेरो पिताजीको ज्यादै मन परेको एउटा काले घर्ती भन्ने थियो, त्यो आएर हाम्रो घरभित्र पस्न लागेको थियो, त्यसलाई कान्छा दाजुले 'धन्सारमा जा' भनेर भन्नुभयो, त्यो पनि सरासर उतै लाग्यो । अनि मेरो मनमा पनि कस्ता-कस्ता कुरा भए होलान् भन्ने उत्सुकता लाग्यो र बाहिर आँगनमा निस्कन खोजें । तर कान्छा दाजुले मलाई झपारेर भन्नुभयो– 'पर्दैन बाहिर जान !' म फेरि भित्रै पसें र अँगेनानेरको मूल ओछ्यानमा गएर बसिरहें । करीब एक घण्टापछि मेरो पिताजी र सबै दाजुहरू घरभित्र आउनुभयो । मैले के कुरा भयो ? भनेर कसैसँग पनि सोध्न सकिनँ । आमालै पनि सोध्नुभएन । मैले आशा गरेकी थिएँ– आमालै 'के भयो ?' भनेर सोध्नुहोला । अथवा 'यस्तो कुरा भयो' भनेर कसैले आमालाई सुनाउला ! अनि म पनि थाहा पाउँला । तर त्यो केही भएन । कसैले त्यो बारे केही कुरै उठाएनन् । अनि के चाल होला भनेर म छक्क परें । धेरै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बेरपछि अरू खानपीन गर्न लागे । मैले बाहिर निस्केर हेर्दा धन्सारको ढोकामा ताल्चा मारिएको थियो । सबैतिर सूनसान अन्धकार थियो । म फर्किएँ । सबै खानपीन गरेर सुते । म पनि पल्टिएँ । मनमा अनेक कुरा खेले– 'शिशिरलाई के भनेर बिदा गरे ? कुरा बिग्रेको त हुनु-पर्दैन । जाने बेलामा उसले मलाई भेट्न मिलेन होला । अब यरु कता भेट्ने हो ? भर्खर आज आइतबार भयो । शुक्रबार त कता छ कता छ ! न कसैलाई सोध्न हुन्छ, न कसैले भन्छ नै, के गर्ने अब ?'

यस्तै भुटभुटी र छटपटीमा रात बित्यो, आइतबार बित्यो, सोमबार बित्यो, मङ्गलबार र बुधबार पनि बित्यो । शिशिर उसको छाप्रोमा पसेको, निस्केको देखिन्छ कि भनेर मेरो दृष्टि तेलीटारको उसको छाप्रोतिर परिरहन्थ्यो । त्यो बिहिबार बिहान त त्यसको छाप्रो पनि लडेको जस्तो देखें । राती ठूलो हुरी आएको थियो । हाम्रो गाउँमा पनि क-कसको छाप्रो उडाएछ भन्थे । त्यसै गरी शिशिरको पनि छाप्रो लडाइदिएछ । बिचरा कहाँ बस्यो होला, कस्तो पीर पऱ्यो होला ! भनेर मेरो मनमा अर्को पीर थपियो । त्यत्तिकैमा म पँधेरा गएँ । पँधेरामा उसकै गाउँको एक जना सार्कीसँग मेरो जंकाभेट भयो । भेट हुने बित्तिकै त्यस सार्कीले मलाई सोध्यो– 'शिशिर यता आएको थाहा भएन नानी ?'

मैले के भन्न लाग्यो भनेर सावधान भएर सुनें र सोधें– 'अहँ, केही थाहा छैन दाइ ! घरमा छैन र ?'

त्यस सार्कीले भन्यो– 'छैन नानी, शनिबार राती, म अहिल्यै आउँछु भनेर निस्केको रे ! ज्यामा बूढी भात कुरेर बसेकी बस्यै । त्यो रात त्यसै बित्यो । आजसम्म घर पुगेको छैन । ज्यामाचाहिँ रोएको रोयै थिई । त्यसमाथि अस्ति बुधबार बेलुका, कुन चाहिँले हो कुन्नि, 'तेरो नातिलाई त मारीकन पुरि पनि सकेजस्तो लाग्छ हे' भनिदिएछ रे ! त्यो सुन्ने बित्तिकै बूढी आँगनैमा मूर्छा परेर लडिछ । ब्यूँझेंदै नब्यूँझिई मरि पनि हाली । त्यही दिन राती, छाप्रो पनि हुरीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उडाइदिएछ । हामीले पंचायत राखेर बूढीलाई लगेर जलाइदियौं र जे भएका हाँडाचिन्ना पनि पंचायतै राखेर जिम्मा लियौं । केटोचाहिं बेपत्ताको बेपत्तै छ । के भयो, के भयो ! केही बुझ्न सकिएन । मरेको छकि बाँचेको छ कि ? नत्र कता गयो भन्नू ? केटो त कसैको खेलैमा पो परेको छ कि जस्तो पनि छ, के बुझ्नु र नानी !'

त्यो सुन्ने बित्तिकै, मेरो भित्रैदेखि भक्कानो छुटेर आयो । 'खै, के हो !' भनेर म त्यहाँबाट हिंडि पनि हालें । गाग्रीसाग्री ल्याउने होश पनि भएन । हिंडेको र घर पुगेको थाहा पनि भएन । गएर कसैलाई सोध्ने कुरा पनि भएन– कसले चित्त दुखाएर खोजीनिती गरिदिन्थ्यो र ? मेरो जीउ जम्मै आगो लागेजस्तो भएर पोल्न थाल्यो । मलाई खान बोलाए, के खानु थियो ? म गइनें । अलच्छिनीका अलच्छिनी भनेर घरभरिकाले मलाई थुक्न थाले । त्यसको पनि मलाई कुनै पर्वाह भएन । जे भनिरहून् कसैलाई केही जवाफ पनि दिइनें । दिन बित्यो । त्यही बिहिबार राती निद्रा त के लाग्नु थियो ? झकाए-जस्ती भइछु । सपनामा कस्तो-कस्तो रूप लिएर शिशिर आयो र मेरो अगाडि उभियो । उसको ओठ चलेन । तर मेरो कानमा कताबाट कताबाट उसैले भनेको जस्ता शब्द पऱ्यो– 'मीना, यो पृथ्वीमा तिमीसँग बस्न, खेल्न मलाई लेखेको रहेनछ । तिमीले मलाई धन्सारमा छोडेर गएको एक्कै छिनपछि हातमा रेडियो लिएर तिम्रा पिताजी र दाजुहरू आए । एउटाले ढोका बन्द गरेर आग्लो लगायो । अर्कोले दुइटै झ्यालमा एक-एक ओटा रेडियो राखेर ठूलो आवाजमा खोल्यो । अनि तिम्रा पिताजीले मलाई 'प्रजातन्त्रको धाक लगाएर, बाहुनका छोरीबेटी बिगार्ने चमार तैं होइनस् ?' भनेर गाली गर्न थाले । म एक्लो, डरले उनको मुख हेरेर काम्न थालें । त्यत्तिकैमा काठको बाकसबाट डोरी झिकेर तिम्रा दाजुहरूले मेरा हात-खुट्टा बाँधे । मैले आत्तिएर कराएँ । उसै त झ्यालहरू सब बन्द थिए । फेरि दुई-दुईटा रेडियोको आवाज थियो । मैले कराएको बाहिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कसैले सुनेन । अनि मेरो मुखमा कपडा कोचिदिए । घांटी थिचिदिए । सास फेर्न दिएनन् । मलाई ज्यादै कष्ट भयो । त्यति भएर पनि मेरो प्राण जान सकेको थिएन । अनि फलामको घन झिकेर, मच्चाएर मेरो कंचटमा हानिदिए । मलाई कल्पनातीत वेदना भयो । अनि मेरो प्राण गयो । खाल्डो खनिराखेको रहेछ, मलाई त्यहीं लगेर पुरे । तिमी अब मलाई त्यही शरीरले भेट्न सक्तिनौ । म अहिले अर्कै शरीरमा, तिम्रै संझनामा, यतै वरपर डाँडाकाँडा, बगर-पाखामा घुम्दैछु । शुक्रबार त म त्यही चौतारामा आउँला !'

त्यो सपना देखेपछि म व्यूँझिएँ । मेरो मनले ज्ञे-ज्ञे भनिरहेको थियो, त्यही त्यही सुनें । अनि मलाई पक्का भयो– 'शिशिर यो दुनियांमा छैन । उसले मेरो प्रतीक्षा गरिरहेको छ !'

म व्यूँझँदा पहिलो पटक कुखुरा बास्ने बेला भइसकेको थियो । अँधेरी रात थियो । अनि म घरबाट सदाको लागि निस्किएँ । जंगलको बाटो ओलंनुपर्थ्यो । रूख-पात हल्लिदा, चल्दा पनि शिशिर पो आयो कि भन्ने झझल्को लाग्थ्यो । आँखामा शिशिर ! मनमा शिशिर ! बाटो न घाटो हाम्फाल्दै हिंड्दा, त्यो अँध्यारोमा कति ठाउँ चिप्लिएँ, अल्झिएँ, ठोकिएँ, पछारिएँ, गिन्ती पनि भएन, पर्वाह पनि भएन । त्यसरी आइ-पुगेर, त्यही छाँगोको रहमा हाम्फालेर मैले शिशिरको संझनामा त्यो देह त्याग गरेकी हुँ । तर अहिले पनि हाम्रो भेट्ने ठाउँ यहीं नै हो ।''

यति सुन्नेबित्तिकै शरद्को मुटु लगलग काम्न थाल्यो । हात-गोडा गले । फुत्त भागिहाल्न पनि उसलाई आँट आएन । त्यस युवतिको दाहिने हातको औंला शरत्ले समातिराखेको थियो, त्यो पनि डरले कुन बेला स्वयं छुटेछ, डरले थाहै पाएन ।

त्यो युवतिको आत्मकथा चलि नै रहेको छ । ऊ भन्दै छ– ''आज त बेला टर्न-टर्न पनि लागिसक्यो । शिशिर अझ पनि किन आएन ?''

यति भनिसक्नेबित्तिकै देन्ने हातको औंलाले पश्चिमतिर

०५५४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखाएर उचालिदै त्यस युवतिले भनी– "ऊः आइहाल्यो नि !"

त्यो सुनेपछि शरत्को दृष्टि एकदम त्यस युवतिको ओंलाले देखाएतिर पुग्यो, तर केही देखेन । फेरि फर्केर यता हेर्दा त्यस युवतिलाई पनि देखेन । ऊ अल्पिसकेकी थिई । त्यसपछि शरत्को मुटु झन्-झन् काँप्यो । उसलाई आफ्नो शरीर जडभन्दा पनि अझ जड भएको अनुभव भयो । त्यसबेला आकाशका ताराहरू शरत्लाई हेरेर गिज्याइरहेका थिए । त्रिशूलीका तरङ्गहरूले पनि पश्चात्तापहीन, शाश्वत शान्तिको लागि शिशिरलाई अनाशक्त सक्रियताको पाठ सिकाइरहेका थिए !

०१३ साल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४ / अमृतमार्ग

भद्रगोल जेल, एकाबिहानै उठेर गोपालले शम्भुलाई भन्यो– "हाम्रो लक्ष्यको शोषणहीन समाज कहिले बन्ला ?"

शम्भुले हाँस्दै भने– "तिमीलाई जेलले अत्यायो कि के हो गोपाल ? एकाबिहानै उठेर यस्तो प्रश्न गऱ्यौ ! लक्ष्यको त्यो अरुणोदय, त्यो उषाको लालिमा धेरै टाढा छ गोपाल ! भर्खर मध्यरात भयो । सच्चा राजनीतिक जीवन कर्मयोगको आधुनिक संस्करण हो । तपस्यामै आनन्द, सन्तोष, धैर्य लिन नसक्नेले यो लामो क्लेशकर मार्ग लिनै हुँदैन । तिमी-हामी एक्लै-दोक्लैले चाहेर, हतार गरेर हुने हो र ? हाम्रो बाटाको काँढा शासकवर्ग मात्र होइन, खास काँढा त हाम्रो जनताकै पुरानो मनोवृत्ति छ, जसको प्रतिनिधित्व हाम्रै साथीमध्ये कतिले गरिरहेका हुन्छन् । नत्र हाम्रा अरू कति आर्थिक एवं जन-अधिकारसम्बन्धी मागहरू छन्, ती कताकता ! केवल किसानहरूका स-साना समस्या समाधान गरूँभन्दा पनि कति तपस्या भोगिरहनुपरेको छ ! देखिहाल्यौ नि ! भनेजस्तो संगठन भए, सबै लागिपरे यस्तो हुन्छ ? जन्मिएपछि जीवन्मृत नै भएर के बस्ने भनेर पो यो बाटो लिएको त !"

"ए, लक्ष्य त कता हो कता पो छ ? नेता बनेर मानसम्मान खाने मात्र कुरा पो भयो, त्यसो भए त !"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"लौ, भन् ठूलो भ्रममा रहेछौ गोपाल, तिमी त ! हाम्रो स्थान त गरीब किसान मजदूरहरूमा मात्र छ । अन्त केको मानसंमान छ ! उल्टो घृणा छ । माथिमाथिकाले पद र पोष्ट नपाएर चल्ने, कराउने लफङ्गाहरू भनेका छन् हामीलाई । समानकोटीका प्रतिक्रियावादी राजनीतिक तत्त्वहरूलेचाहिं कुनै आधार हुनुपर्दैन, त्यसै विदेशी दलाल, गद्दार, चाकडीदार इत्यादि आफू जे-जे छन्, तिनै-तिनै दोषारोप हामीलाई लगाएका छन् । हामीबाट उठाइएका कुनै पद, पोष्टमा पुगेका कृतघ्नहरूलेचाहिं हामी बाँचुञ्जेल आफ्नो पहिलेको स्थितिको पनि कुरा उठिरहने भयो, लाखौं-लाखौं कमाउँदा र देखिदा अहिले संकोच मान्नुपर्ने, अनेक कुरा परिरहने पनि भयो । त्यसैले कहिले मर्लान् भनेर हामीलाई सरापेका पनि छन् । लौ भन, अब कसले मान गरिदिन्छ हामीलाई र मानसम्मान खाने भनिरहन्छौ तिमीचाहिं ? त्यो होइन । 'मानापमानयोस्तुल्यः' नभई त राजनीतिमा काम गर्न पर्दैन । 'असम्मानात् तपो वृद्धिः सम्मानात्तु तपक्षयः' यो विश्वासमा काम गर्नुपर्छ ।"

गोपाल र शम्भुको यस्तो कुरा हुँदा-हुँदै शम्भुकी श्रीमती ललिता भेट्न आएको खबर आयो र शम्भु जेलको ढोकामा आएर, फलामको डण्डीभित्रबाट चियाएर बाहिर ललितासँग कुरा गर्न थाले ।

शम्भुले भने– "मुखियाबाजेले दिए त ?" ललिताले अश्रुपूर्ण दृष्टिमा भनिन्– "किन दिन्थे, मुखियाबाजेले ! जेलमा कता कागत गर्ने, कता पास गर्ने भन्छन् । दिंदैनन्, दिंदैनन् कसैले !"

एक छिन चुप लागेर आँसु झार्दै फेरि ललिताले भनिन्– "के गर्ने मैले यी केटाकेटीलाई ? सधैं यस्तै, सधैं यस्तै !"

"अहिले के गरेकी छयौ त ?"

"के गर्नु ? दुई-चार मुठी चामल यताउता पैंचो गऱ्यो, केटाकेटीलाई नूनेजाउलो, आफूलाई त ··· ··· हुन्थे ।"

× × ×

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शम्भुको पैतृक घर धादिङ पाल्पा हो। बानेश्वरमा डेरा छ। श्रीमती, आफू, सानो-ठूलो दुई छोरा, एक छोरी– शम्भुको जम्मा पाँच जनाको परिवार थियो। 'राजनीति राजनीति' भन्दा-भन्दै पहाडको घरबारी सात रोपनीबाहेक अरू पैतृक संपत्ति, जग्गाजमीन सब सकिइ-सकेको थियो। उनको पार्टीको नाम 'राष्ट्रिय जनतान्त्रिक महासभा' थियो। पार्टीको सिद्धान्तअनुसार देशका अत्यधिक संख्याका किसानहरूको र मजदूरहरूको हितको लागि प्रायः यिनी सक्रिय रहन्थे। उनको त्याग-पूर्ण संलग्नताको विषयमा कसैले शङ्का, आलोचना गर्न सक्तैन थियो। देख्ता सादा, सुकिलो भेष, अव्याकुल मुखमुद्रा, ओजस्वी वाक्शैली, अविरत उत्साह ! निम्नस्तरका अबोध व्यक्तिहरू उनको ठूलै बैङ्क-व्यालेन्स छ भनिठान्दथे। दानमानप्राप्त, भ्रष्ट, सम्पन्न व्यक्तिहरू शम्भुलाई भित्र ईर्ष्या र द्वेषको भावनाले हेर्थे, बाहिर मात्र सम्मान देखाउँथे। उनीहरूलाईचाहिं स्पष्ट सबै थाहा थियो– शम्भु पैसाको ज्यादै गरीब छ; तर भावना र उत्साहको ज्यादै धनी। यसै भएर शम्भुले श्रीमतीलाई भनेका थिए– 'पहाडका पनि छिमेकी, यहाँका पनि छिमेकी हुनाले लिन सक्छन्, मुखियाबाजेलाई एक-दुई रोपनी जग्गा बेच्नू र खर्च टार्नू।' त्यो मिल्न सकेको छैन। हाल शम्भु किसानको पक्षमा, सरकारको करवृद्धिनीतिको विरुद्धका संघर्षमा पाँच जना साथीहरूसमेत जेल परेका छन्। यो उनको नवौं पटकको जेल थियो। जेलमा जतिपटक पनि गोपाल साथै रहन्थ्यो।

चार महिनापछि शम्भु साथीहरूसहित जेलबाट मुक्त गरिए। घरमा बाहिरका साथीहरू आएर घेरे। शम्भुले जेलभित्रका राजनीतिक बन्दीहरूको मनःस्थितिको विवरण दिए। बाहिरका साथीहरूले पनि जिल्लाको स्थितिहरूबारे जानकारी दिए। यो सकिएपछि उठ्न लागेका साथीहरूलाई शम्भुले भने– "आगामी शनिबार मिटिङ्ग राख्नुहोस्। अलि सक्रिय हुनुपर्‍यो, काम केही भएन। हामी एउटा महीना भित्र बस्ता न जिल्लाको भ्रमण, न ग्रामसभा, न जुलूस र पर्चा केही भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थाहा भएन । सरकारलाई कामै नगरी भत्ता खवाउनु जनतालाई काम गर्न भनेर झुक्याउने र हास्यास्पद, जनशत्रु त साँच्चै हामी पो हुन लागेका छौं । हैन त भाइहो ! अखबार हेरेर, राजनीतिको गफ गरेर मात्र राजनीतिक कर्तव्य पूरा हुँदैन ।"

तिनीहरूमध्ये एउटाले भन्यो– "साँचि त बालमुकुन्दको एउटा समाचार छ, ऊ पनि भोलि भेट्न आउँछ रे ! धेरै सूत्रबाट पुष्टि भएको छ रे, अब सरकारमा जाने शम्भु दाइको निकै चान्स छ रे ! मैले भनेको भनेर भनिदिनू भन्थ्यो !"

शम्भुले हाँस्दै भने– "अब भेट भए बालमुकुन्दलाई भनिदिनू– मेरो चान्स आएछ भने आफ्नो सट्टामा म उनलाई सरकारमा पठाइदिने भएँ, तयार भएर बस्नू । आजकल कस्तो वातावरण आयो । हरेक राजनीतिक कार्यकर्ताको श्वासप्रश्वास सरकारमै जाने भन्ने मात्र छ । सरकारमा गएर काम गर्न सक्ने स्थिति छ छैन । के खानै मात्र जाने त्यहाँ 'क, ख' गएजस्तो ?"

साथीहरू गएपछि शम्भुले ललितासँग सोधे– "के छ स्थिति, कसरी चलेको छ ?"

ललिताले भनिन्– "गर्नै नहुने काम गरेकी छु, के गरूँ त केटाकेटी खानै नपाएर मर्नै आँटेपछि ? माने कान्छाकी स्वास्नीले ढुङ्ग्री भाँच्चियो, बनाएर पठाइदिनोस् भनेर छोडेकी थिई । त्यही लगेर सुब्बिनीकहाँ तीन सयमा बन्धक राखें । त्यसैबाट पर्सिसम्मलाई चल्ला, अब तपाईं आएपछि नत्र मरू पनि केही दिन चल्थ्यो । तपाईं आउनेबित्तिकै अहिले कति कप चिया खाए तपाईंका साथीहरूले ?"

"मेरा साथीहरू खाएर मात्र जान्छन् र ? दिएर पनि त जान्छन् नि !"– हाँस्दै शम्भुले भने ।

× × ×

जेलबाट निस्केको पाँचौं दिन, बिहान सात बजेको छ । ललिताले भनिन्– "केटाकेटी भोकाइसक्छन् के गर्ने ! केही छ कि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्नलाई नूनको ढीकोसम्म पनि छैन । खानै नपाए पनि त्यो खँड्किनीको पचास रुपियाँ नफालिमएन क्या ! हिजो बिहान पनि आएका थिई, दिउँसो पनि, के भन्नु न के भन्नु !"

शम्भु कालो मुख लगाएर के भन्न लागेका मात्र थिए, तलबाट आवाज आयो– "शम्भुजी, शम्भुजी हुनुहुन्छ ?"

शम्भुले झ्यालबाट नहेरीकनै स्वर चिनेको भरमा भने– "तेजबहादुरजी, आउनुहोस् !" यति भनेर शम्भुले ललितालाई भने– "आउँछौं भन्थे, आइहालेछन् । यी चितवनका किसान संगठनका प्रतिनिधि भएर आएका तीन-चार जना होलान् । चियासम्म त खवाएर पठाऊ है ! म तल कोठामा जान्छु ।"

ललिताले आँखीभौं बङ्गयाउँदै भनिन्– "के भन्नुभा' होला झन् नूनको ढिकोसम्म त छैन भन्दैछु !"

यति भनेर ललिता मुन्टो बटारेर बसिन् । शम्भु तल ओर्लिए । परस्पर नमस्कारपछि तेजबहादुरले भन्यो– "हामी त तपाईंलाई लिन आएका । अहिले आठ बजे कृष्णमानजीकहाँ मिटिङ्ग छ । त्यसमा तपाईंले पनि भाग लिइदिनुपर्‍यो । केन्द्रीयस्तरको व्यक्तिले बोल्दा अलि अर्कै प्रभाव पर्छ । यो सरकारले त किसानको हितलाई केही पनि सम्झेन ।"

"ओहो ! बिताइहालनुभयो नि ! ठीक १० बजे मन्त्रालयमा, स्याङजाको हाईस्कूलको जग्गा खिचोलाबारे नपुगिभएको छैन । तारा-प्रसादजी ढोकामा मलाई पर्खिरहन्छन् । तपाईंको मिटिङ्गबाट उतै लाग्नुपर्‍यो अब ! फेरि अन्त पनि भेट्नुछ, आज बाहिरै खानुपर्ला ! आठ बजे मिटिङ्ग भनेपछि ... .. "– शम्भुले भने ।

बीचैमा कुरा काटेर तेजबहादुरले भन्यो– "बेर भइसक्यो, गइहालूँ !"

शम्भुले हाँसेर भने– "स्थिति के छ, गइहालूँ भन्यो; त्यत्ति हो, तपाईंसँग बगलीमा कति पैसा छ ? यहाँ केही नछोडी जानै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको छैन !"

"होला, दुई सयजति !"

"त्यो मलाई दिनुहोस् त ?"

"लौ" भनेर तेजबहादुरले दश-दशका नोट बीसओटा दियो। सो लिएर ललिताको हातमा पचास रुपियाँ राखिदिए। बिहान बाहिरै खाने कुरो गरेर, लुगा लगाएर शम्भु ओलिएर मिटिङ्गमा पुगे। मिटिङ्गको सभापति शम्भु बनाइए। पाँच-छ जनाले बोलिसकेपछि सभापतिको आसनबाट शम्भुले पनि बोले। शम्भुको बोलाइमा किसान-हितविरोधी सरकारी नीतिप्रति कडा भर्त्सना थियो। दुई-तीन जना प्रवक्ताहरूले शम्भुले भन्दा पनि कडा विरोध गरेका थिए, तर ती सबै सी. आई. डी. थिए। मिटिङ्ग सकिएपछि तिनीहरूले शम्भुको प्रवचन-को बारे भूरि-भूरि प्रशंसा गर्दै भने– "खै, ईश्वरले प्रार्थना सुन्दो रहेनछ। यहाँहरूजस्ता व्यक्तिको सरकार होला र देशको तरुकी होला भनेको कहिल्यै भएन !"

शम्भुले हाँस्दै भने– "हाम्रो सरकार हुने कुरा त पर, जनताको काम मात्र भइदिए हामीलाई हुन्थ्यो ! यो सरकारले त्यति पनि गर्दैन भन्नुहोस्न ! लौ, नमस्ते है तेजबहादुरजी, म त मन्त्रालयतिर लागें, दश बज्न दश मिनेट बाँकी छ।"

"लौ धन्यवाद, म पनि सडकसम्म जान्छु" भनेर तेजबहादुरले कृष्णमानको घरचोटाबाट ओलिएर बाटोमा टयाक्सी रोक्दै, बीस रुपियाँ शम्भुलाई दिएर भन्यो– "लौ, यसमा जानुहोस्।"

शम्भु टयाक्सीबाट मन्त्रालय पुगे। ढोकामा प्रतीक्षा गरिरहेको आयी तारामाबलाई लिएर··· सचिवकहाँ पुगे। सचिव आफ्नो स्टाफका दुई-तीन जनासँग कुरा गरेर बसिरहेका थिए। स्लिप पठाएर, प्रवेशको अनुमति पनि पाएर देखादेख हुने बित्तिकै सचिव र शम्भुको नमस्कारको आदान-प्रदान भयो। अति सजिलो मधुर भङ्गीमा भने– "के सेवा छ हजूर, आज्ञा होस् !"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शम्भु बोले भने– "स्याङ्जा हाईस्कूलको सम्पत्ति दश रोपनी जग्गामा त्यहाँका एक जना व्यक्तिले आफ्नो भनेर दाबी गरे, त्यसको कारवाही भएन । जिल्ला··· कार्यालयले पनि स्कूलकै पक्षमा राय दिएर पठाएको फाइल यहाँ आइसकेको छ, त्यसलाई सार्वजनिक महत्त्वको संपत्ति भएकोले तुरून्त नै छिनिदिनुभए हुन्थ्यो ।"

सचिव– "त्यति सानो कुरा, फोन मात्रै वक्सेको भए म गरिहाल्थें नि ! किन यत्रो तक्लीफ ! म हेरेर गरिदिइहाल्छु हजूर ! भोलिचाहिं नगरौं, पर्सि एक बजेतिर तारानाथजी मात्रै आए हुन्छ । हजूरले तक्लीफ गर्नुपर्दैन । वहाँले पनि फाँटवालासँगै सम्पर्क राखे पुग्छ ।"

शम्भुले भने– 'यहाँहरू त विषयको महत्त्वलाई सम्झनुहुन्छ । तल-तलका कर्मचारीहरूलाई पनि यस्ता सार्वजनिक विषयहरूमा छिटोछरितो काम गर्न चेतना भरिदिनुपर्‍यो !"

सचिव– "यी कुरा अर्कै छन् हजूर ! हामी त कर्मचारी, सबै मर्मका कुरा भन्न हुँदैन ।"

"हो, लौ त" भनेर शम्भुजी साथीसँग हिंडे । उनी बाहिर पुग्नेबित्तिकै सचिवले अरू आफ्ना स्टाफका व्यक्तिहरूसँग हाँस्दै भने– "यी नेता भएर हिंडेका । सरकारको बदनाम गरेर, दुनियाँलाई भड्काएर, मन्त्रालय सबैतिर आफ्नो सोर्स-फोर्स छ भन्ने देखाउन, जनतामा धाक जमाउन आएका ! यस्ता लफङ्गा नेतालाई यसै गरी मान गरेर, फुस्ल्याएर पठाउनुपर्छ, सिकिराख । कति काम के छ अर्काको, त्यसै तुरून्त भन्यो, भयो । कसको जेथा खोस्न लागेको हो । सार्वजनिक काम भन्यो, जनतालाई दुःख दियो । अब मिसिल हेरेर एउटा आवश्यक प्रश्न जन्माएर, सोधेर मिसिलै जिल्लामा पठाइदिनू, ताकिता नगर्नू । अनि पाँच-छ महीना लर्किन्छ । तुरून्त भोलि नै चलाइदिनू र पर्सि आउँदा सूचना दिनू ।"

उता शम्भु तारानाथसँग होटेलमा खाना खान लागेका थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाह्र बजेको समय थियो। गफको प्रसङ्गमा तारानाथले शम्भुसँग सोध्यो– "त्यति भनेपछि सचिवले काम त गरिदेला, होइन त ?"

शम्भु– "भन्नु आफ्नो कर्तव्य हो, गईकन त्यति भनें। काम गरिदिन्छ वा गरिदिंदैन, यो चाहिं म भन्न सक्तिनँ।"

तारानाथ– "होइन, त्यत्रो मानसम्मान गरेर कुरा गरेको हुनाले काम त कसो नगरिदेला भन्ने ठानेको हुँ !"

शम्भुले मुन्टो हल्लाउँदै भने– 'त्यो होइन, त्यो होइन ! यी सामन्त घरानाका सचिव, कर्मचारीहरू त हामीलाई देखेबित्तिकै क्रोधले भित्र मुर्मुरिएका हुन्छन्। किनभने- पढे-लेखेका हुनाले हाम्रो सार्वजनिक कामको, हाम्रो पब्लिक पर्सनालिटीको मूल्य उनीहरूलाई थाहा छ। उनीहरूको भ्रष्टाचारको विरोध, टीकाटिप्पणी गरेर हाम्रो सानो-ठूलो जेहोस् व्यक्तित्व बनेको पनि उनीहरूलाई थाहा छ। त्यो व्यक्तित्वको भित्र लोभ पनि छ। तर सामन्तका सन्तान भएकाले लोभले, त्रासले, कमजोरीले गर्दा जागीर छोड्न पनि सक्तैनन्, त्यसलाई बचाइराख्न समयअनुसारको चाकडीको प्रकार कस्तो हो, त्यो छोड्न पनि सक्तैनन् र हाम्रो बाटामा आउन पनि सक्तैनन्। त्यसैले भित्र असह्य हुन्छ। अनि हाम्रो असहन गर्न थाल्दछन्। अनि मुखले राम्रो, कामले नराम्रो गर्छन्। यिनीहरूको चाल यस्तो हुन्छ। सामान्य कुरा-चाहिं यही हो। यसका अतिरिक्त विशेष पनि कहिलेकहीं हुँदैन भन्न सकिंदैन– अर्थात् काम हुँदैन नै पनि म भन्न सक्तिनँ, हुन्छ नै भन्न पनि सक्तिनँ।"

यस्तै गफ गर्दै, शम्भु होटेलबाट निस्किएर पनि अरू-अरू साथीहरू भेट्तै-भेट्तै बेलुका सात बजे मात्र घर पुगे।

विहान दिएको पचास रुपियाँबाट ललिताले खँड्किनीलाई दश रुपियाँ बाँकी राखेर चालीस रुपियाँ दिइन्। त्यो दश रुपियाँले के टर्थ्यो ! त्यसैले उनी शम्भुको प्रतीक्षा गरेर बसिरहेकी थिइन्। शम्भुले विहानजस्तै विलखबन्द परेर बसेको देखेर ललितालाई भने– "किन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भान्साको सुर-सार छैन नि ?"

ललिताले सबै वृत्तान्त बताउन लागिन् । उनले भनिसक्दा नसक्दा, छ-सात सयको कीमती सारी, हातमा मोटा-मोटा सुनका बाला, गोडामा पाउजेब, कानमा हीराका टप, नाकमा हीराको फुली ! ... ...को सेक्सन अफिसरकी श्रीमती उर्मिला हातमा एउटा टपरी लिएर आइन् र त्यो टपरी दिंदै भन्न लागिन्– "यहाँको सानो छोरो आमासे भनेको भनेर बीस रुपियाँ माग्न आएको थियो । आज नारानको पूजा थियो । पूजामा म बसिसकेकी थिएँ । लौ, यो पर्साद । अनि यो दश रुपियाँ । बीस त पुऱ्याउन सकिनँ । मसँग पनि कहाँ पैसा छ र आज-कल । त्यत्रो ऱ्याङ-याङती घर थियो, त्यत्रो मान्छे बहालमा बसेका थिए । के बुद्धि आएर नयाँ घर बनाउन थालें । एक लाख तेईस हजार त्यो नयाँ घरले खाइसक्यो । केही पूरा भएको छैन, अरू कति खाने हो ! ऐले त व्यर्थै बनाउन थालेंछु भन्ने लाग्न थाल्या'छ । किन आज भान्साको तर्खर पनि छैन नि ?"

ललिताले भनिन्– "उहाँ बिहानै खान आउन्नें भनेर जानु-भएको, बेलुका पनि के गर्ने हो भन्ने लाग्यो । आफूलाई दिनभरि मुन्टो उठाउन भएन दुखेर । खान मन पनि छैन । यी केटाकेटीलाई के गरि-दिऊँ भनेर विचार गरिरहेकी !"

"लौ, यति पर्साद पुऱ्याउन आएकी म त"– भनेर उर्मिला गइहालिन् । अनि ललिताले शम्भुलाई भनिन्– "अनि ऐलेलाई पनि नभएकोले माथि घरबेटी आमासँग भनें । उनीसँग रहेनछ र यसलाई बीस रुपियाँ माग्न पठाएकी थिएँ । उनले भनिहालिन्... ।"

"मलाई त अहिले पनि यहाँ खानु पर्दैन, दिउँसोभरि पनि साथीहरूसँग कतै केही, कतै केही खाएको खायँ छु । तिमीहरूको सुर गर" – शम्भुले भने ।

"अब यिनीहरूलाई यही बाँडिदिन्छु"– भनेर ललिताले टपरी हेरेर, चलाएर गन्दै भनिन्– "चारओटा सेल, छओटा मालपुवा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छओटा पुरी, आधा पाउभन्दा बडी हलुवा, दुईवटा सुन्तला, फेरि अपुङ्गो, पुगिहाल्यो नि ! यसमाथि चिया पकाइदिन्छु । हुन्न ?"

सबै केटाकेटीहरूले एकै स्वरमा भने– "हुन्छ, हुन्छ ।"

शम्भुले टपरीको पर्साद हेर्दै भने– "यहाँ मात्रै पर्साद ल्याएको हैन होला । पैसा कमाएका मान्छे, राम्रोसँग गर्दा रहेछन् ।"

ललिताले भनिन्– "सुब्बाको घरबाट पर्साद ल्याए त अरू यसको तेब्बर हुन्छ । भन्नलाई नायब सुब्बा रे ।....मा जागीरे भएदेखि त तीनोटा घर बनाइसके । चार-चार हजार तिरेर मान्छे भाडामा बसेका छन् रे । यो उर्मिलाभन्दा त सुब्बाकी जहान झन् महारानी जस्ती भएर हिंड्छे । हाम्रो पनि यस्तै जागीर खा' भए हुन्थ्यो, खै जानेको ! व्यर्थ ।"

शम्भुले भने– "यिनले जाने कि मैले जानें, छोडिदेऊ त्योचाहिं कुरा ! यस्ता धन कमाएका मान्छे यहाँ गने लाखौं पुग्छन् ! आफ्ना परिवार, नोकर-चाकर र कतिपय निर्धा नातेदारको अगाडि धाक राख्ता आफूलाई बादशाह ठान्ने यी कीरा-भुमुनाको कुरा गरेर हामीलाई त्यसै गर्नुपर्छ भन्ने कुराचाहिं तिमी कहिल्यै नगर । तिमी सुब्बिनी भन्छयौ, आजकाल गल्ली बढानेहरूले पनि सुनका चुरा र घडी भिरेका छन् । तिमीले तिनैसरह हुन खोजेको ? लौ भैगयो यो कुरा । भोलि बिहान पो के गछयौ त ? त्यो भन न ।"

"अनि बिहानको अरू डेढ सय रुपियां छैन र ?"

"बिचरा श्यामे छाती खराब भएर, ज्वरो आएर लडिरहेको रहेछ । डाक्टरले बाउन्न रुपियाँको औषधी लेखिदिएछ । फेरि एक्सरे पनि गर्नुपर्ने रहेछ । साथी मर्न आँटेपछि त्यति पैसा पनि नछाडे के गर्ने ! मसँग त एक पैसा पनि छैन ।"

"पैसा त हातमा पर्नै नहुने कस्तो ! लौ जे गर्नुपर्छ गर्नोस्, यिनीहरूलाई चिया त पकाइदिनै पऱ्यो !" भनेर ललिता उठिन् । चिया तयार भयो । केटाकेटी समेत सबैले एक-एक कप चिया खाए । अरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुते । शम्भु कितान्न हेर्दै थिए– बिस्तार-बिस्तार उनी पनि निदाए ।

× × ×

राती एक बजेको समय थियो । विश्व नै क्लान्त भएर मौन विश्राम लिइरहेको थियो । आकाशमा तारा चम्किरहेका थिए । त्यस एकान्त नीरव वातावरणमा एक अपरिचित आवाज आयो– 'शम्भुजी ! शम्भुजी हुनुहुन्छ ?"

शम्भु त्यो आवाजले ब्यूँझिए र झ्याल खोलेर उनले बाहिर हेर्दै भने– "को हो ?"

"ओहो शम्भुजी, नमस्कार है, तल पाल्नुहोस् न एउटा सानो कष्ट दिऊँ भनेर ।" सिभिल ड्रेसमा एक अपरिचित व्यक्तिले भन्यो ।

शम्भु तल ओर्लिए र ढोका खोले । खोल्नेबित्तिकै त्यो व्यक्ति शम्भुको घरभित्र पस्यो र भन्यो– "यहाँ डोटेलजीको घर कता पऱ्यो ?"

"को डोटेल ? यहाँ कहाँ " शम्भुले भन्दै थिए, चार-पाँच जना पुलिस पनि उत्तीखेरै ढोकाभित्र पसिहाले । अनि त्यस सिभिल ड्रेसको व्यक्तिले हाँस्तै भन्यो– "माफ गर्नुहोस् है शम्भुजी, हामी यहाँ-लाई लिन आएका । केही नठान्नुहोस् । हामी पुलिस कर्मचारी, सरकारको अर्डर । यहाँ जीप तयार छ गइहालूँ !"

"किन होला ?"– शम्भुले भने– "आजै मिटिङ्गमा बोलेको प्रतिक्रिया होला ।"

यो खलबलले ललिता पनि ब्यूँझिइन् । केटाकेटी सुतेका सुत्यै थिए । हिंड्ने वेलामा शम्भुले ललितालाई भने– "म साथीहरूलाई बोलाएर जे भन्ने भनुँला । अहिले गएँ है !"

ललिताले धेरै बेरसम्म अश्रुपूर्ण दृष्टिले शम्भु गएको बाटातिर हेरिरहिन् । अनि माथि गएर, बिछखबन्द भएर पल्टिइन् । रातभर आँखा लागेन । बिहान घण्टाघरले छ हान्यो । तल ढोकामा ढक-ढक आवाज आयो । ललिताले झ्यालबाट हेरिन् । खँड्किनी आएकी रहिछ । खँड्किनी त्यो गाउँकी चोथाले बकवके बूढी हो । केही नयाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुरा पऱ्यो भने त्यो बुझ्ने र गाउँघर फैलाउने उसको काम हुन्थ्यो ।

"मैले त भर्खरै धारामा पो सुनें । शम्भुबाबूलाई त फेरि पक्केर लगेछन् होइन ?"

"हो, राती एक बजे ।"

"अ शम्भुबाबूले पनि के गरिराखेको बिनसित्ती ! यत्तिका केटाकेटी भँसके, एउटा जागीर खानु, आफ्नो घर हेर्नु, होइन त नानी ! म त चित्त नबुझेपछि पेटाँ' कुरा राख्न सक्तिनँ क्या !"

"हो, हामीले भनेर मान्नुहुन्न । यहाँहरूका के-के ताक छन् । राती त्यतिखेर लगेको पनि कसले थाहा पाएर भऱ्यो त धारामा ?"

"थाहा पाउने पनि रेछन् ह्यां' । हाँस्ने पनि रेछन् । के भनिसाध्ये छ, मलाई अर्का' कुरा गर्न मन लाग्दैन क्या । भनूँभने पेटभरि कुरा छन्, मन्त्री खोजेका भनेर ओठ लेप्रचाउँथ्यो एउटी । ओहो ! छोटा बढेपछि गाउँमै बस्न हुँदो रहेनछ नानी !"

"भैगयो जसले जे भनोस् । बरु कसैलाई थाहा नदिईकन मेरो एउटा काम गरिदिनुहोस्न खेँड्किनी आमा !"

"भन्नुहोस्, हजूरको रगत खानु, म भन्न नहुने कुरा कहाँ गर्छु र !"

"अरू थोक होइन मेरा दुइटा सारी नयैं छन् । उहाँको साथीले इण्डियाबाट ल्याइदिएका । दुई-दुई सय पर्ने । यहाँ त एउटाको तीन सयै पर्ला । छ सयमा बेचिदिनुहोस् । एक सय तपाईं लिनुहोस्, मलाई पाँच सय दिनुहोस्, हुन्छ ?"

'किन नहुनु ! म जे गरी भए पनि बिकाउँछु, ल्याउनुहोस् ।"

अनि ललिताले सारी झिकेर दिइन् । खेँड्किनी हिँडी । उत्तीखेरै एउटा आवाज तलबाट आयो– "ललिता भाउज्यू !"

"भरतबाबू ! माथि आउनुहोस्"– ललिताले स्वर चिनेर बोलाइन् । भरतले माथि आएर भन्यो– "म भर्खर प्रधानमन्त्रीकहाँबाट आउँदैछु । लौ, आज तपाईंले शम्भु दाइलाई सम्झाउनु, फकाउनुपऱ्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जेलमा गएर । उहाँले यो सरकारको समर्थनमा एउटा वक्तव्य दिनुभयो भने भरे नै छुट्नुहुन्छ र तीन दिनभित्र गृहमन्त्री पनि भइहाल्नुहुन्छ, फरक पर्दैन । मौका आउँछ पर्खं दैन । हुन्छ ?"

"भैले हुन्छ भनेर के हुन्छ र बाबू ! पोहोर पनि त यो कुरा भएको हो नि ! माग पूरा नभएसम्म म त्यसरी जान्नें भन्नुहुन्छ ।_ खान जाने हो र ? भन्नुहुन्छ बाबू ! यो कुरा गर्न त जानै पर्दैन । त्यस्तै भएर त यत्रो पीर छ घरको । जान त म जान्छु !"

"मौका हो, लौ हुनेसम्म गर्नुहोस्"– भरतले भन्यो ।

× × ×

भद्रगोलजेलको चोक, पौष महीनाको दिउँसो दुई बजेको छ । विभिन्न बन्दीहरूमध्ये कोही चोकमा घाम तापेर तास खेलिरहेका छन्, कोही खोपी । कोही जेलका नयाँ मित्रहरूलाई आफू अन्यायमा जेल परेको जनाउन आफ्नो मुद्दाको मिसिल बङ्गयाएर सुनाइरहेका छन् । कोही आफू छुट्ने बाँकी दिन गन्दैछन् । कोही आफ्नो सीधा जोगाएर पैसा सँगाल्न धनी बन्दीहरूको सेवा-सुश्रूषा गर्दैछन् । कसैले त्यहींभित्र पनि चुरोट, सुपारी, सागसब्जी बेचेर नाफा गर्दैछन् । कुनै-कुनै राजनीतिक बन्दीहरू आफ्नो सिद्धान्त र दर्शन बन्दीहरूलाई सुनाइरहेका छन्, यस निति कि त्यो पनि देशका विभिन्न जिल्लाका व्यक्तिहरूको जमघट हुने ठाउँ हो, प्रचार-केन्द्र हो । त्यहाँ बेग्लै सिङ्गो संसार छ । त्यहाँ परेपछि र केही दिन बितेपछि मानिस त्यहींको वातावरणसित मिल्छ । त्यहींका मानिसहरूसँग स्नेह बढाउन थाल्छ । त्यहीं सहानुभूति, त्यहीं पक्ष, त्यहीं विपक्ष हुन थाल्दछ । बाहिरको संसारलाई धेरै अंशमा बिर्सेर त्यहाँ मानिसले अर्कै आफ्नो जीवनपद्धति बनाउन थाल्दछ । त्यसैमा सन्तोष, त्यसैमा आनन्द लिन आदत बसिसकेको हुन्छ । त्यसमाथि बन्दीहरूले शम्भुजस्ता अविचलित निष्ठावान् काराप्रिय कर्मयोगीको संगत भेट्टाएको ! शम्भुले जेलमा सङ्गठन गरूँ भनेको होइन । तर उनको उदारता, विशालता, कारुणिकता आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुगहरूबाट बन्दीहरू शम्भुको निमित्त सब एक थिए। यही बुझेर एक दिन उग्रवादी क्रियाकलापबाट जेल परेका एक जना नवीन भन्ने युवकले एकान्तमा शम्भुलाई भने— "तपाईं अनुमति दिनुहुन्छ भने तपाईंको निमित्त हामी सब एक छौं, जेल फोरिदिन्छौं। जानुहोस् र बाहिर काम गर्नुहोस्, हुन्छ ?"

शम्भुले भने- "त्यसरी जेल फोरेर भाग्दा हाम्रो बदनाम-सिवाय के लाभ हुन्छ ? यहाँ राजनीतिक बन्दी मात्र छैनौं। यी सब छुटेर जाँदा देशमा अर्को आतङ्क हुन्छ। हिंसा, प्रतिहिंसा, अन्याय, अनाचारले प्रश्रय पाउँछ। सरकारको अनुशासन तोड्दा जनताकै नोक्सान हुन्छ। नागरिक धर्मको विरुद्ध काम हुन जान्छ। खास गरी हामी जस्ता समाज-सेवीहरूबाट त्यस्तो काम हुनु हुँदैन। त्यो काम त पदपोष्ट पाए जस्तोसुकै दलाली पनि गर्ने, त्यस्तो नपाए गर्न सकें जति— जेल तोड्ने, बम हान्ने, राष्ट्रिय सम्पत्ति अपहरण गर्ने इत्यादि जे पनि उपद्रव गर्ने देशद्रोही तत्त्वहरूले मात्र गर्ने काम हो।"

युवकले भने "भैगयो, यो कुरा बाहेक अर्को कुरामा म यहाँलाई सावधान तुल्याउँछु- जो मकहाँ आइरहन्छ नि कृष्णबहादुर भन्ने, कम्यूनिष्ट हुँ भन्छ। तर त्यो कम्यूनिष्ट पनि होइन, केही पनि होइन। त्यो सरकारले राजनीतिक बन्दीहरूको नीति, कार्यक्रम बुझ्न यहाँ थुनिराखेको सी. आई. डी. हो। यो मैले बाहिरका साथीहरूबाट पाएको रिपोर्ट हो। त्यसको अगाडि बचेर बोल्नुहोला !"

"कसैको हिंसा, षड्यन्त्र हामी जान्दैनौं। देश, जनता कसैको अहित सोच्तैनौं। हाम्रा कुरा जे छन्, स्पष्ट छन्। कसैको कुरा लगेर के हुन्छ हामीलाई ! हाम्रो कुरा लगाउँदा उनको जीविका चल्छ भने बेसै हो" – शम्भुले हाँसेर भने।

"जीविका मात्र चल्ने हो र ! यस्ता मान्छे त माथि-माथि पोष्टमा पनि जान्छन् !"

"झन् बेसै भयो, उनको निति। हाम्रो के नोक्सान भयो र ?"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"ओहो ! हाम्रा साथी पक्राउने पनि यिनै सी. आई. डी. । माथि पोष्टमा गएर इज्जत लिने पनि यिनै, यो त भएन वा !"

शम्भुले झन् हाँसेर भने– "कत्रा पावरदार, कत्रा संपत्तिशाली, कति माथि पुगेका श्री ३ महाराज शमशेरको त आज इज्जत रहेन, यस्ताको भोलि इज्जत हुन्छ भन्ने मलाई विश्वास छैन । यस्ताले जनताको मुख मोसेर खान्छन्, राम्रो लगाउँछन्, स्वास्नी, नोकरचाकरहरू माथि धाक जमाउँछन्, अरू के गर्छन् ? यस्ताको जीवनको लाभांश यत्ति हो । इज्जतको कुरा होइन । छोडिदिनुहोस् यी कुरा !"

त्यस युवकले एकान्तमा कुरा गर्न थाले तापनि शम्भुले जवाफ दिन लाग्दा पाँच सात जना झुम्मिसकेका थिए । तिनमध्ये एउटाले भन्यो – "मेरो एउटा प्रश्न–जेलमा दिनकटनी केले गर्ने, शम्भुजी ? उपदेश दिनुपर्‍यो !"

शम्भुले भने– "यो भने ज्यादै उत्तम प्रश्न हो । सुन्नुहोस्, आफ्नो आत्माले आफ्नो मनलाई बुझाउन सक्नुभयो भने जेलको जीवन त ज्यादै उन्नतिकर र लाभदायक जीवन हो । यहाँ बसेर मानिसले आवश्यक शिक्षा पूरा गर्न सक्छ । आफ्ना अनुभव, विचार, दर्शन लेखेर विश्वलाई दिने एकान्त अवसर पाउन सक्छ । परमार्थचिन्तनतिर लाग्ने हो भने पनि मानिसले शुद्ध एकाग्र मनले भावनाहरूको विकास गरेर अपार शान्तिको अनुभव गर्न सक्छ । जेलजीवन त उत्साहीहरूको निमित्त वरदान हो ।"

"यसरी भगवान्‌लाई संझने मान्छेले किन यो राजनीतिमा काम गर्नुभयो ?"

"लक्ष्मण र गोकुल वृन्दावनका गोप-गोपिनीहरूको जस्तो साक्षात् भगवान्‌को सेवा गर्ने भाग्य हाम्रो कहाँ छ र ? त्यसैले जनतालाई जनार्दन संझेर त्यसको सेवा गर्न राजनीतिक क्षेत्र चुनेको मैले । खास भन्नुभने मेरो दृष्टिमा कर्मयोगलाई कार्यान्वित गर्ने मार्ग नै अहिलेको युगमा राजनीति हो । शुद्ध राजनीति ईश्वरसँग संबन्ध राख्ने साधना हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यत्तिकैमा ढोकाबाट पालेको आवाज आयो– "शम्भुलाई भेट्न घरबाट मानिस आएका छन् । शम्भु भन्नेले आउनुपर्‍यो ?"

× × ×

ललिता भेट्न गएकी थिइन् । शम्भुले ढोकामा आएर ललितालाई भने– "मैले तारानाथलाई भनिदिएको थिएँ । दुई सय दिए ?"

"अहिले पुगेन भनेर एक मात्र दिए"– ललिताले भनिन्– "अरू कुरा होइन, सधैं यस्तै ··· , एउटा वक्तव्य दिनुपर्‍यो रे, ··· ।"

बीचैमा कुरा काटेर शम्भुले भने– "भरतको कुरा होइन ? उनी आफैं आएर भने । त्यो कुरा छोडिदेऊ । ती सब राजनीतिक आदर्श र चरित्रलाई धमिल्याइदिन गरिएका प्रयासहरू हुन् । यस्ता कुरा सुन्नु पनि हुँदैन । हामीले त्यसरी विचलित हुनु पनि हुँदैन । कालीदासले भनेजस्तो हावा लाग्दा रूख पनि पहाड पनि हल्लियो भने कुन रूख, कुन पहाड ! देशको निम्ति काम गर्छु भनेर, जनतालाई झुक्क्याएर, भोट लिएर, मंत्री भएर, आफूचाहिं धनकुबेर बनेर, मन्त्रीबाट हटेपछि जनताको अगाडि मुख देखाउन पनि लाज मानेर, कसैले पनि नहेरिदिए हुथ्यो भनेर लुखुर-लुखुर हिंड्ने जीवन्मृत भू. पू. मन्त्रीहरूको पक्तिमा हाल्न मलाई त्यस कुरामा चाहिं कहिल्यै पनि जोड नगर्ने गर ललिता ! बरु बाटो खोज न यति केटाकेटी र आफू बाँच्ने ! गोरखापत्र छापाखानामा पत्रिका पटचाउने काम छ रे, तीन सय मासिक हुन्छ रे ? यही भए नि त ··· ।"

"अरूले के ठान्छन् ?"

"जसले जे ठानोस्, पर्वाह नगर । इज्जत कहाँ छ त्यो बुझ्न गाह्रो छ, गइहाल । होटेलमा चियासिया दिन त अब ठूलो छोरो पनि सक्छ नि ! बिहानको स्कूलमा पढे भइहाल्छ । त्यसबाट पनि थोरबहुत मदद हुन्छ ।"

"के बिहानको स्कूल नि, तपाईं छँदैमा स्कूलको ड्रेस नलगाई स्कूल नआउनू भनेको ! त्यसमाथि ५-६ महीनाको फी पनि तिर्न नसके-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोले स्कूलबाट निकालिदिसक्यो । अहिले त ... ..."– ललिताले यसरी के भन्न लागेकी थिइन्, शम्भुका तीन जना साथीहरू आएर भने– "तपाईंलाई लिन आएका शम्भुजी ! हामी त । थाहा पाउनुभयो ?"

"के ?"

"तपाईंहरू छुटिसक्नुभयो !"

"कसरी ?"

"हिजोको क्याबिनेटमा मारामार । दुई ग्रुप भयो रे । फौजदारी केसवाहेकका सारा राजनीतिक बन्दीहरूलाई छोडेर राजनीतिक संमेलनमा भाग लिन दिने रे । सरकारले आउँदो १३ गते राजनीतिक संमेलन बोलाएको छ, पत्रिकामा आज आइसक्यो । तपाईंहरूलाई छोड्ने भनेर यहाँ पुर्जी आइसकेको छ, एउटा काममा जांदा हामीले कमिश्नर अफिसमा थाहा पाएका ।"

नभन्दै उत्तिखेरै जेलरले आएर शम्भुलाई भनि पनि हाल्यो– "हो, यहाँहरूलाई छोड्नू भन्ने अर्डर आइसक्यो । पाल्नुभए हुन्छ ।"

त्यो सुन्नेबित्तिकै ललिताको मुख उज्यालो भयो । गोपालले गुण्टा बाँधेर बाहिर निकाल्यो । साथीहरूले टयाक्सी ल्याए । शम्भु, साथीहरू र श्रीमतीसहित घर पुगे । ललितालाई सपना जस्तो भयो । एक छिन गफ गरेर अरू साथी हिंडेपछि गोपालले शम्भुलाई भन्यो– "होइन शम्भु ! हामीले लोकतन्त्रदलसँग मोर्चा गरे के हुन्छ ? बल संवर्धनको दृष्टिले भनेको है मैले त !"

"के गर्ने त्योसँग मोर्चा गरेर ? त्यसका नेताहरूलाई चिनेका छैनौ अझ पनि ? विदेशी, सरकारी सबै गोप्य सहायताबाट देशविदेशको भ्रमण गऱ्यो ! नेतागिरीको रोबरबाफ देखायो ! वक्तव्य-सक्तव्य दिएर खोक्रो नारा दियो । पैसा छरेर, सङ्गठन बढाएर एक-दुई पत्रिकालाई किनेर आफ्नो महत्तालाई भुक्न लगायो, यत्ति होइन तिनीहरूको काम ? थाहा पाइहालेका छौ नि– उनीहरू जेलमा बस्ता पनि राजसी सुखमा बस्छन् । जब कि हामीहरूजस्तालाई जेलमा मारिदिन्छन् कि भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डर भइरहन्छ। उनीहरूको त सधैं सबै राजनीतिक नाटक मात्र भइरहन्छ। त्यस्तो राजनीतिक खेल, गुण्डागर्दी गर्न त हाम्रो प्रकृतिले नै दिंदैन। त्यसरी जनतालाई झुक्याएर राजनीतिक ठगी गर्नु र बदनाम हुनुको बदला बरु त्यस क्षेत्रमै पाइला नहाल न।"

"भैगयो त त्यो। अबको हाम्रो राजनीतिक कार्यक्रम के हुन्छ त शम्भु, त्यसो भए ?"

शम्भुले हाँसेर भने– "१३ गतेको राजनीतिक सम्मेलनमा सरकारको पर्दाफास गर्ने, अनि जेल जाने। अरू के हुन्छ ?"

अनि ललितापट्टि फर्केर "चिया खाऊँ न भाउज्यू !" भनेर गोपालले शम्भुलाई उत्सुकतासाथ फेरि भन्यो– "शम्भु ! अब हामीलाई उमेरले पनि धकेल्दै ल्यायो। सम्झन्छौ, मैले कहिले सोधेको थिएँ– हाम्रो लक्ष्यको शोषणरहित समाज कहिले बन्ला ? भनेर। लौ भन, आज पनि मेरो प्रश्न त्यही छ। कहिले बन्ला त ?"

शम्भुले हाँस्दै भने– "तिमीले आज पनि त्यही प्रश्न गऱ्यौ, म आज पनि त्यही उत्तर दिन्छु। हाम्रो लक्ष्यप्राप्तिको त्यो अरुणोदय, त्यो उषाको स्वर्णमय लालिमा अरू धेरै टाढा छ गोपाल। अझ मध्यरातै बितिसकेको छैन। 'कुर्वन्नेवेह कर्माणि जिजीविषेत् शतं समा, सच्चा राजनीतिक जीवन कर्मयोगको आधुनिक संस्करण हो। यही तपस्यामा आनन्द, यही दुःखमा सन्तोष र धैर्य लिन नसक्नेले यो लामो अमृतमार्ग पक्रन हुँदैन। मर्दा पनि जीवित मृत्यु नै प्राप्त होस् भनेर पो यो असिधाराव्रतको अमृतमार्ग लिएको त !"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५ / संयुक्त विज्ञप्ति

हाम्रा महामानव राम, कृष्ण, बुद्ध, ईसा, महम्मद र गान्धीले स्वर्गमा सल्लाह गरे– "जे भए पनि आफू जन्मेको, बढेको, काम गरेको विश्व हो। परस्पर राग-द्वेष, युद्ध-संघर्ष र हिंसा-प्रतिहिंसाले गर्दा झन् झन् पीडित, झन् झन् दुःखमय र झन् झन् अशान्तिपूर्ण हुँदै गयो। जाऔं हामी सबै मिलेर केही गरिदिऔं। मानवहरू अब अघिजस्ता पनि छैनन्, धेरै चेतनशील र जागरित भइसकेका छन्। शाश्वत शान्तिको लागि प्रयास गरिदिऔं। विश्व पछि क्रमशः स्वतः समृद्धिपूर्ण हुँदै जान्छ।"

यही सल्लाहअनुसार छओटै महामानवहरू स्वर्गबाट झरे र भारतको एक पुरानो पुण्यनगर वाराणसीमा बसे।

जब यस्तो अभूतपूर्व घटना भएथ्यो, कसैले "गौरवपूर्ण संयुक्त अवतरण", कसैले "अभूतपूर्व घटना" यस्तै-यस्तै शीर्षकहरू दिएर यस समाचारलाई विश्वका प्रसिद्ध ठूल-ठूला पत्र-पत्रिकाहरूले अग्रिम पृष्ठमा खूब महत्त्व दिएर प्रकाशित गरे, त्यस्तै राष्ट्रपिच्छेका रेडियोहरूले पनि दोहऱ्याई-दोहऱ्याई प्रचार-प्रसार गरिदिए।

त्यो समाचार सुनेपछि विश्वका लाखौं जनसमुदायहरूले महामानवहरूको दर्शनार्थ, उत्कण्ठाका साथ वाराणसीको यात्रा प्रारम्भ गरे। वाराणसी उसै त तीर्थस्थल, अब त विश्वकै समस्त जनसमुदाय-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरूको तीर्थस्थल बन्यो, संख्यातीत दर्शनार्थीहरू वैरन थाले। जसले गर्दा रातदिन के फूटपाथ, के सडक, के गल्ली, के बजार, के घाट ! सर्वत्र यात्रीहरूको घचाघच भयो, वाराणसीमा तिल राख्नेसम्म पनि ठाउँ बाँकी बचेन। सारा सवारीका साधनहरू बन्द भए। खाद्यवस्तुका सारा बजार रित्तिए, सुके। सर्वत्र फोहरै-फोहोर भएर बसिसाध्यै भएन। पुराना नगरवासीहरूलाई कहाँ उठेर जाऔं जस्तो उकुसमुकुस भयो। त्यत्रो दुःख-कष्टको यात्रा गर्नु मात्र भयो। बलिया-बाङ्गा, मशहूरहरूले मात्र जुधेर, भिडेर, महामानवहरूको दर्शन गर्न सके। अरू साधारण श्रद्धालु भक्तहरूले त दर्शन गर्ने आँट र आशासम्म पनि गर्न सकेनन्। महामानवहरू जुन मुहल्लामा बसेका थिए, त्यहाँ त्यसको वरपर र अन्त गरी दर्शनार्थी यात्रीहरूको अपार भीडले किचिएर, चेपिएर दिनका हजारौं यात्रीहरू मर्न लागे। मरेका लाशहरू पहिले-पहिले घिसार्दै-घिसार्दै गङ्गामा लगेर फालिने गर्थे। पछि-पछि त त्यति गर्न पनि न जनताले साध्य लगाउन सक्यो, न सरकारले। ती लाखौं लाशहरू जहाँको तहीं सडेर कुहिन थाले र दुर्गन्धले वाराणसी नरक र महानरक हुन थाल्यो। एवं क्रमले त्यो पुण्यनगर वाराणसी र ती दर्शनार्थी यात्रीहरूको यस्तो शोचनीय अवस्था भयो कि स्थानीय प्रशासनले कुनै व्यवस्था मिलाउन नसक्ता बाध्य भएर कडाइका साथ सारा जनसंपर्क बन्द गराएर बिचरा पूज्य महामानवहरू छओटैलाई सरकारी भवनमा लगेर थन्क्याइदिनुपऱ्यो र साथै जनताहरूको निमित्त टेलिभिजनबाट मात्र महामानवहरूको दर्शन गर्ने र निर्देशन प्राप्त गर्ने व्यवस्था गरिदिन बाध्य हुनुपऱ्यो।

× × ×

यो व्यवस्था धेरै दिन चलेन। आठ-दश दिनपछि नै भारतीय जनताले नै भयङ्कर असन्तोष प्रकट गरे। ठूलो बगावत भयो। जुलूसप्रदर्शन र नारावाजी हुन थाल्यो— "सामन्ती व्यवस्था मुर्दाबाद ! पूँजीवादी सरकार मुर्दाबाद ! तुरुन्त गद्दी छोडिदे !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महामानवहरूको दर्शन सबले पाउनैपर्छ !"

हुन पनि हो, यो नारा उपयुक्त छैन भन्न कसैले पनि सक्तैन । किनभने घरमा टेलिभिजनसुविधाप्राप्त व्यक्तिहरू यस्ता मुलुकमा कति हुन्छन् ? घरबार, सारा भौतिक सुख-सुविधालाई तिलाञ्जली दिएर जोगी-सन्यासी भएर जसको साक्षात्कार गर्न मानिसहरू जीवनभर तपस्या गर्छन्, देवभावना लिएर श्रद्धा र भक्तिका साथ जसका मूर्तिहरूमा पूजा गर्छन्, त्यस्ता व्यक्तित्वहरूको साक्षात् दर्शन पाइन्छभने को लालायित हुँदैन ? को मरिमेट्तैन ? त्यस्तो कुरामा पनि प्रतिबन्ध लाग्छभने कसको मनमा आगो बल्दैन ?

यस बगावतमा हजारौं मानिसहरू पक्रिए । नपक्रेर के गरोस् ? स्थिति त्यस्तो थियो— कुनै हालतमा पनि सरकार जनताको निमित्त महामानवहरूको दर्शनभेट मिलाइदिन सक्तैन थियो । त्यसैले विद्रोहलाई बाउनुसिवाय सरकारको अगाडि अर्को मार्ग थिएन । दबाउनु पनि उसको निमित्त सजिलो थिएन । तर भाग्यवश विश्वका प्रसिद्ध एवं निष्पक्ष व्यक्तित्वहरूका प्रभावकारी राजनीतिक विचारहरू जब पत्रपत्रिकाहरूबाट यस संबन्धमा प्रशस्त प्रकाशित हुन थाले, साधारण भक्तिमार्गीहरूको त्यो बिद्रोह स्वतः महत्त्वहीन र कमजोर हुँदै गयो, दब्दै गयो । प्रभावकारी उक्त विचारहरूमध्ये निर्णयात्मक यो एउटा विचार सारपूर्ण र वजनदार नै थियो, यो मान्नैपर्छ— "अब हाम्रा पूज्य छ जना महानुभावहरू सबैको नेतृत्वलाई विश्वले प्रश्रय दिन हुँदैन । दिने होभने कुनै दिन पनि विश्वमा वैचारिक एवं साम्प्रदायिक संघर्षको अन्त हुनै सक्तैन । त्यसको नैरन्तर्य कायमै रहन्छ । त्यसपछिचाहिं विश्वशान्तिको कल्पनासंम गर्नु पनि बेकार नै हुन्छ । अतः विश्वशान्ति स्थापित गर्ने नै खास लक्ष्य होभने उक्त महानुभावहरू छ जनामध्ये प्रभावशाली एक कुनै महानुभावको नेतृत्वलाई विश्व जनसमुदायहरूले एक मन भएर स्वीकार गर्नुपर्छ र त्यसलाई सक्रिय सहयोग पनि दिनुपर्छ । यस कुरामाचाहिं कसैको वैमत्य हुनै हुँदैन । यस निर्णय-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई पहिले सबैले अकाट्य रूपमा स्वीकार गर्नुपर्छ । अनि यस अकाट्य निर्णयको आधारमा वर्तमान विश्वको स्थितिलाई हेर्दा उक्त छ जना महानुभावहरूमध्ये कसको नेतृत्व सामयिक र वाञ्छनीय छ ? भन्ने प्रश्न आउँछ र यो नै वर्तमान विश्वको अगाडि एक महाजटिल प्रश्न पनि हो भनेर गम्भीरतापूर्वक यसलाई सोच्नुपर्छ ।''

यो प्रश्न जब उठाइयो, यसउपर विश्वका पत्रपत्रिकाहरूबाट प्रशस्त टीकाटिप्पणीहरू भए । यसले विश्वमा साँच्चै एउटा हलचल पनि ल्याइदियो– कसैले भने– मर्यादापुरुषोत्तम रामको नेतृत्व हुनुपर्छ, कसैले भने कृष्णको, त्यस्तै कसैले बुद्ध, कसैले ईशा, कसैले मुहम्मद र कसैले गान्धीको नेतृत्व हुनुपर्छ । यस वैमत्यले विश्वभरिका विभिन्न पक्षधरहरूका बीच यस्तो प्रतिस्पर्धा बढ्यो– हरेक राष्ट्रका जनतामा नराम्रोसँग विभाजन आयो । परिणामस्वरूप क्रमशः पहिले वाग्युद्धको श्रीगणेश भयो । अनि द्वन्द्वयुद्ध चल्न थाल्यो, त्यसपछि शस्त्रयुद्ध । विश्वभरि नै हाहाकार मच्चियो । त्यो स्थितिमा उक्त सांप्रदायिक संघर्षको आगो निभाउन कुनै राष्ट्रको कुनै पनि सरकारले सकेन । आखिरमा त्यसलाई शान्त गर्न विश्वमानवमात्रको नाममा एक संयुक्त वक्तव्य दिनको लागि भारत सरकारले वन्दनीय उक्त महामानवहरूसँग अनुरोध गऱ्यो । उनीहरूले पनि त्यस अनुरोधलाई सामयिक र उपयुक्त संझिए र छओटै महामानवहरूको विश्वमा सर्वप्रथम यस प्रकारको संयुक्त वक्तव्य बाहिर प्रकाशित भयो– ''हामी छ जना राम, कृष्ण, बुद्ध ईसा, मुहम्मद र गान्धीले अतीत युगका विभिन्न परिच्छेदहरूमा आएर विश्व-शान्ति र विश्वकल्याणको निमित्त जे-जे सन्देश दिएका थियौं, ती सन्देशहरूमा हामीले कुनै त्यस्ता भाव प्रकट गरेनौं, जसले विश्वका राष्ट्र-राष्ट्रमा र मानव-मानवमा विभाजन, परस्पर वैर, प्रतिपक्षभाव, बलात् सैद्धान्तिक, धार्मिक आक्रमण, पक्षाग्रह र एकाधिकारका मार्गतिर मानवमात्रलाई प्रेरित गरून् । हाम्रो उद्बोधन त यही अभिप्रायको थियो र अहिले पनि छ– 'सर्वभूतेषु चात्मानं सर्वभूतानि चात्मनि'–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राणीमात्रमा ऐकात्म्यबुद्धि नै विश्वशान्ति भावनाको प्राण हो, विश्व-कल्याणको मार्ग हो। मानवमात्रमा भेदभाव ल्याइदिनु, संप्रदाय खडा गरिदिनु भनेको परस्पर हिंसा र रक्तपातलाई नै निम्त्याउनु हो। के राष्ट्रिय समृद्धि, के विश्वशान्ति दुइटै उपलब्धिको मार्गमा लौह अवरोध ल्याइदिनु हो। कुनै पनि सन्देश देश, काल, परिस्थितिसापेक्ष हुनैपर्ने हुँदा शब्दहरूमा फेरफार, भङ्गीहरूमा विभिन्नतासंम त देखा पनि पऱ्यो होला, तर हामी छओटैका सन्देशहरूको लक्ष्य अघि पनि एउटै थियो, अहिले पनि एउटै छ। अतः हाम्रो नाम र व्यक्तित्वको आडमा विश्वमा, राष्ट्रमा र समाजमा सांप्रदायिकता, क्षेत्रीयता जस्ता रोग सल्काउने, वैर र विभाजन ल्याएर भाँड्ने काम कसैले पनि नगर्नू। हिंसा-प्रति-हिंसाको पर्वाह नगरेर, विश्वमै धार्मिक, सांस्कृतिक, राजनीतिक एकाधिकारसम्पन्न नेतृत्व साम्राज्य गर्ने जस्ता दुराशयबाट प्रेरित तथाकथित क्षुद्र संकीर्ण क्रियाकलापबाट विश्वशान्ति र मानवकल्याण दुइटै कुरा संभव छैन।"

विश्वका देववत् पूज्य महामानवहरूको सर्वप्रथम संयुक्त वक्तव्य ! योभन्दा महत्त्वपूर्ण वक्तव्य र कौतुकपूर्ण घटना के हुन सक्छ ? त्यसैले विश्वमा यसको चर्चा-परिचर्चा नगर्ने कुनै पनि पत्रपत्रिका, रेडियो र टेलिभिजनहरू भएनन्। त्यो हप्ता, त्यो पक्ष विश्वका समस्त प्रचार-माध्यमहरूको काम नै त्यसैको प्रचारप्रसार र टीकाटिप्पणी थियो। तर यत्रो प्रचारप्रसार भईकन यसको भावनात्मक सदुपयोग पनि भइदिएको भए राम्रो मूल्याङ्कन भयो भन्न हुन्थ्यो। कलियुगकै समय भएकोले न राष्ट्रहरूका विधायकमण्डल, न चेतनशील व्यक्तिविशेषहरू कसैका पनि मन सङ्गला थिएनन्। विश्वमा सर्वत्र छिद्रान्वेषण, शङ्का, ईर्ष्या, अहंकार, प्रतिपक्षभावले मात्र काम गरिरहन्थ्यो। त्यसैले बन्दनीय महामानव-हरूको संयुक्त वक्तव्य प्रसारणपछि जापान, इजरायल, अमेरिका, सउदी अरेबिया, पाकिस्तान सबतिरका पत्रपत्रिकाहरूबाट भारत सरकारको तीव्र आलोचना हुन थाल्यो। सबैका आलोचनाहरूको तात्पर्य एउटै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो–

"विदेशी महामानवहरूलाई समेत आफ्नो नियन्त्रणमा राखेर कुरान र बाइबिलजस्ता धर्मग्रन्थहरूलाई घाँसपरालबराबर अनुल्लेखनीय तुल्याएर, एकात्मवादजस्ता आफ्ना पूर्वाग्रहपूर्ण सिद्धान्त र दर्शनलाई मात्र अघि सारेर आज भारतले विश्वमा राजनीतिक, धार्मिक, सांस्कृतिक एकाधिकार जमाउने षड्यन्त्र गरिरहेको छ। अरू मुलुकका पूजनीय महामानवहरूका पनि आफआफ्ना मूल्य, मान्यता, सिद्धान्त र आदर्शहरू हुन्छन् भन्ने कुरालाई भारतले विश्वलाई नै बिर्साउने प्रयास गरिरहेको छ र उक्त तत्तत् राष्ट्रका अमर विभूति विदेशी महामानवहरूलाई आफआफ्नो राष्ट्रमा फर्केर, आफ्ना पक्षधर जनसमुदायहरूलाई आश्वस्त बनाएर विश्वशान्ति र राष्ट्रिय समृद्धिको लागि आफ्नो सिद्धान्त र आदर्शअनुसार काम गर्न नदिने समेत कूट प्रपञ्च रचिरहेको छ।"

जनस्तरमा पनि, महामानवहरूको यस संयुक्त वक्तव्यउपर एकथरि धर्मान्ध जनसमुदायहरूको यस्तो खरो प्रतिक्रिया पनि बाहिर आयो– "आजसम जुन जुन महामानवहरूका पृथक्-पृथक् दर्शनका सिद्धान्तहरूले विश्वभर पृथक्-पृथक् विशाल-विशाल आफ्ना प्रभावक्षेत्र बनाइसकेका छन्, जसले गर्दा उक्त दर्शन र सिद्धान्तहरूको विश्वमा आफआफ्नो पृथक् प्रभाव र प्रतिष्ठा छ र त्यसैबाट तत्तत् संप्रदायका दार्शनिक, चिन्तक, विचारक र उपासकहरूको पनि विश्वमा तदनुरूप नै प्रभाव र प्रतिष्ठा छ। आज आएर तिनै महामानव भनाउँदाहरू हामी छ जनाको सिद्धान्त र दर्शन एउटै हो, भेदभाव र संप्रदाय खडा गर्न हुँदैन भन्छन्भने यिनीहरूले हामीलाई समुद्रको बीचभङ्गालोमा पुऱ्याएर डुबाइदिएको संझनुपर्छ। भेदभाव र संप्रदाय हामीले सृष्टि गरेको हो? यस्ता विक्षिप्त प्रलाप गरेर समाजलाई भाँड्छन्भने यिनीहरूमाथि नराम्रो प्रहार नपरी छोड्दैन।"

अर्काथरि व्यावहारिक पक्षधर जमातहरूले भने– "व्यर्थका आदर्श फलाकेर व्यवहारमै आघात पुऱ्याउन थालेभने प्रहार गर्न पनि त पऱ्यो!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कसले महात्मा भनेर बाँकी राख्छ !"

सबैथरिको यस्तो विषाक्त एवं अशान्तिकारक आलोचना सुनेपछि मर्यादापुरुषोत्तम राम र योगेश्वर कृष्ण परस्पर मुख हेराहेर गरेर मुस्कुराए। अरू विश्ववन्द्य महामानव बुद्ध, ईसा, मुहम्मद र गान्धीले चाहिं भित्रैदेखि दिक्क मानेर सुस्केरा हाले।

तर संबन्धित राष्ट्रहरूका पत्रपत्रिकाहरूको यस प्रतिक्रियापछि भारत सरकारले लगत्तै तिथि तोकेर, तोकिएकै दिन सबै महामानवहरूलाई उनीहरूको इच्छानुसार– राष्ट्र, जन्मभूमि वा प्रभावक्षेत्र– जहाँ भन्छन्, पठाइदियो। यस कार्यक्रमअनुसार म. ईसा जेरूसेलममा, म. मुहम्मद मदीनामा, म. बुद्ध नेपालमा र राम, कृष्ण, गान्धी क्रमशः भारतको अयोध्या, मथुरा र चंपारनमा पुगे। पुगेका दिन ती ती स्थानविशेषहरूमा प्रशासन र जनताको संयुक्त योजनामा वहाँहरूको 'न भूतो न भविष्यति' भव्य स्वागत भयो।

× × ×

पूज्य महामानवहरू आफआफ्नो स्थानविशेषमा पुगेपछि स्थानीय प्रशासन (सरकार) र जनताले धेरैधेरै विनय, श्रद्धा र भक्तिको प्रदर्शन गरे। साथै वहाँहरूसँग कल्याणकारी राज्यप्रशासनको लागि निर्देशन र आशीर्वाद पनि मागे। त्यसरी माग्दा, बलियाको मात्स्यन्यायबाट सदा पीडित, सत्तापक्षको अन्याय, पक्षपात एवं अनुदार कर्कश अर्थनीतिबाट सदा कदर्थित एवं परस्पर युद्ध-कलह, हिंसा-प्रतिहिंसाबाट कम्पित मानवहरूको सार्वभौम शोचनीय स्थिति उक्त विश्ववन्द्य महामानवहरूको कारुण्यपूर्ण दृष्टिमा छिपेको थिएन। त्यसैले ती सब समस्याहरूलाई समेत हृदयमा राखेर उक्त पूज्य महामानवहरूले राज्यप्रशासनको नाममा निर्देशन दिए। सबै महामानवहरूको निर्देशनहरूको सारांश एउटै आशयको थियो र यस्तै थियो– "जनता कसैले पनि भोको नाङ्गो-रहनु नपरोस्। शोषण र संग्रहको अधिकार कसैको नहोस्। प्राणीमात्रमा भ्रातृभावको व्यवहार होस्। यस लोकमा शक्ति र सत्ताको बल र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रभावमा छिप्न सके पनि ईश्वरको आँखाबाट पाप छिप्न सक्तैन । कसै-लाई पनि कर्मको फल नभोगी सुख छैन । अतः सबैले अनासक्त भएर, कर्तव्यबुद्धि लिएर, परार्थको भावले काम गर्नुपर्छ । त्यसरी गरेको कर्मबाट विश्वशान्ति र विश्वसमृद्धि ल्याउन सकिन्छ र संसारको बन्धनमा पर्न पनि पर्दैन ।''

महामानवहरूको यो निर्देशन बाहिर प्रसारित भएपछि तत्तत् राष्ट्रका प्रशासनिक तत्त्वहरू भिन्नभिन्न खित्का छोडेर हाँस्न थाले । उनीहरूका आकस्मिक मिटिङ्गहरू पनि चल्न थाले । आफ्ना-आफ्ना राष्ट्रका ख्यातिप्राप्त वर्चस्वी, दक्ष राजनीतिक नेता र कार्यकर्ता-हरूको नामावली झिकेर छानबीन पनि हुन थाल्यो । यसनिति जे-जति बजेट निकासा हुनुपर्थ्यो, त्यो पनि भयो ।

यता जनपक्षमा– ''आफ्ना उद्धारक, करुणासागर महामानवहरू आएर राज्यमा निर्देशन दिएर स्वयं काम गर्न थालेपछि अब हामी दीन-दुःखी भक्तहरूका समस्या केचाहिं बाँकी रहलान् त ?'' भनेर एकथरि भक्तिवर्गी जनसमुदायहरूले निकट भविष्यमा नै साँच्चै रामराज्यकै आशा र परिकल्पना गर्न थालिसकेका थिए ।

अर्कायरि प्रसिद्ध, दक्ष, चतुर राजनीतिक सामाजिक, धार्मिक तत्त्वहरूलेचाहिं सोझासाझा, भावुकता र अल्पशिक्षावश आफ्ना महा-मानवहरूलाई निकटमा पाउँदा त्यसै पनि अपार हर्ष र आनन्दको अनुभवका साथै सर्वत्र विजय र सफलताको असन्दिग्ध आशा गरिरहेका, साधनसुविधासाथ थोरै प्रेरणा दिंदा पनि हौसिएर निर्भीक, महानिर्भीक भएर सरकारका तथाकथित अन्याय, अत्याचारहरूको विरुद्ध संघर्षको आगोमा होमिने आँटकाँट भएका युवकहरूका जमातलाई पछि लगाएर सरकारको विरोध गरेर जुलूस-प्रदर्शनका साथ क्रान्तिकारी झन् क्रान्ति-कारी नारा दिइरहेका थिए– ''इन्क्लाब जिन्दाबाद ! राज्ययन्त्र तोडियौ ! महामानवहरूको आकांक्षा पूरा हुनैपर्छ ! इन्क्लाब जिन्दाबाद !''

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो वेला विश्वको वातावरण यति धमिलियो– जता पनि संघर्ष ! जता पनि विरोध ! आज पनि संघर्ष, भोलि पनि संघर्ष ! तात्कालिक सरकारको मात्र नभएर अब त पचासौं वर्षअघिका सरकार-का दोष र छिद्रहरू पनि खोतलिन थाले । सरकारी भवन जलाइन थाले । लिंग तोडिन थाले । राता-रात पुल भत्काइन थाले । राज-नीतिको रहस्यमय बहुरूपी प्रकृति नबुझ्ने साधारण जनसमुदायहरू आश्चर्य भए र उनीहरूमा यो भ्रम र विश्वास भयो कि– "ज्यान छोडेर राष्ट्र, विश्व र जनताको हितका निति अन्याय-अत्याचारको विरोध गर्न थालेपछि त यिनै महामानवहरूले करोडौं संपत्तिको साधन-सुविधा वर्षाइदिदा रहेछन् ! उनीहरूले चिताइदिए पुगिहाल्यो । नत्र यी नेताहरू हिजोसम नचिनेका मानिस होइनन् । माटोभन्दा पनि सस्तो भएर यत्रो धन कताबाट आयो ? धन्य महामानवहरूको दया र करुणा ! त्यसै भएर त उनीहरूलाई अवतारी पुरुष भन्नुपरेको ! मोटरमा चढेर विरोधमा माइकिङ्ग गर्दै हिंड– कति चाहिन्छ, पैसाको खाँचो छैन । मञ्चमा बसेर सारा संविधान र कानूनका अदलहरूलाई कुल्चेर सरकार-को विरोधमा चिच्याओ– कति चाहिन्छ, पैसाको खाँचो छैन । महामानवहरूको आशीर्वाद छ, डराउनुपर्दैन, पुल तोड, व्यारेक फोर– कति चाहिन्छ, पैसाको खाँचो छैन । काम गर्न जाने, सके पैसा त माटैसरि पो रहेछ !"

नराम्रै दृष्टिले हेर्दा पनि, साधारण जनसमुदायहरूको यस अन्धधारणाले सरकारलाई मदद नै गऱ्यो । यसरी दिन दोब्बर, रात चौबर जनविप्लव बढ्न थाल्यो । जति सैनिक र पुलिस थप्ता पनि राज्यहरूमा काम चल्न छोडऱ्यो । कस्तो असहनीय आपत्ति कि– राष्ट्रिय संपत्ति त देशको शान्तिसुरक्षा गर्दै र राजनीतिक बन्दीहरू पाल्दैमा समाप्त हुन लाग्यो । किनभने शुद्ध हृदयका ती महामानवहरूले विश्वशान्ति र कल्याणका सन्देश र निर्देशन दिन छोडून् न, आवेश र आवेगका साधारण जनसमुदायहरूले संघर्ष गर्न छोडून् ! तिनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आवेग र आवेशलाई कसले शान्त गराइदेओस् ? जब कि नेतृत्व नै त्यस्तै छ, निर्भीक, महानिर्भीक, चतुर र दक्ष ! परिणामस्वरूप राज्यहरूका सारा कामकाज बर्बाद भए । स्थिति अस्त-व्यस्त भयो । अव्यवस्थाबाट उत्पन्न नानाथरि दुःखकष्टको शिकार बन्दा-बन्दा आजीत भएर अब त विश्वका एकथरि लाखौं जनसमुदायहरूमा त यस्तो पनि भावना आउन थाल्यो– "बरु अघिका ती तौ राष्ट्रका सरकारहरूले नै जे जे गरेका थिए, त्यो नै ठीक थियो । बेकार यी महामानवहरू भनाउँदा आए ! समय हेरेर यिनीहरूले पनि आउन नजानेकै हो !"

× × ×

सन् १९९० मार्च २ तारीखका दिन बी.बी.सी. लण्डनबाट र विश्वका अरू पनि प्रसिद्ध प्रचारमाध्यमहरूबाट अकस्मात् एक समाचार प्रकाशित भयो । जसमा भनिएको थियो– "यही मार्च ७ तारीखदेखि भारतको केन्द्रीय राजधानी नयाँ दिल्लीमा 'वर्तमान विश्व र महामानवहरूको निर्देशन' यस विषयमा गम्भीर विचारविमर्श गरेर सार्वभौम शान्तिस्थापन र व्यवस्थापनको लागि एक ठोस कार्यविधिको तर्जुमा गर्न भारत, नेपाल, अमेरिका, इजरायल, सउदी अरेबिया, पाकिस्तान र जापानका राष्ट्रप्रमुखहरूको एक त्रि-दिवसीय शिखरसंमेलन हुने भएको छ, जसमा परलोकबाट फर्केका छ जना विश्ववन्द्य महामानवहरूले पनि सक्रिय भाग लिनेछन् र यही मार्च १० तारीखका दिन संबन्धित राष्ट्रप्रमुखहरूको संयुक्त विज्ञप्तिको रूपमा उक्त संमेलनको परिणाम घोषित हुनेछ ।"

जब यस समाचारको सार्वभौम प्रचारप्रसार भयो, विश्वभर सञ्चालित ती आन्दोलनहरू सब बन्द भए । साथै सधैंको विरोध र सधैंको संघर्षको परिणामस्वरूप राज्यको सर्वाङ्गीण अव्यवस्थाबाट उत्पन्न निराशा, निर्वेद र उदासीनताको शिकार भइरहेका विश्वजनसमुदायहरूमा यस समाचारले आशा र स्फूर्तिको सञ्चार गरिदियो । किनकि उनीहरूमा वज्रजस्तै बलियो भएर यो धारणा जम्न गयो कि–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"सरकारहरू झुके । महामानवहरूलाई समेत सहभागी तुल्याएर संकटकालीन संमेलन गर्दैछन् । यो भावी सफलताको पूर्वलक्षण हो । अपार हर्षको कुरा यो छ कि– 'प्रातःस्मरणीय विश्ववन्द्य महामानवहरूको अवतरणको प्रभाववाट यति थोरै समयमा नै अनुदार सरकारसँग सयौं वर्षसंम संघर्ष गर्दा पनि देख्न नपाइने युगान्तरकारी एवं कल्याणकारी नयाँ परिवर्तन देख्न पाइने भयो । सयमा सयै नै विश्वास छ कि त्यस ऐतिहासिक परिवर्तनभित्र हाम्रा चतुरस्र मागहरू पूर्ति भैसकेका हुन्छन् ।"

यस धारणाले विश्वभरिकै जनसमुदायहरूमा फेरि एक पटक हर्ष र आनन्दको लहर चल्न थाल्यो । विश्वभरि के घर, के सरकारी कार्यालय, के सडक, के पार्क सर्वत्र यही संमेलनको चर्चा-परिचर्चा हुन थाल्यो । अर्कोतिर पूज्य महामानवहरूप्रति साधारण जनसमुदायहरूको भक्ति र आस्था कति छ ? भन्ने कुरा ! १० तारिखपछि त आफआफ्नो राष्ट्रका स्थलविशेषहरूमा फर्किहाल्छन् भनेर लाखौं-लाखौं चन्दा उठाएर ती जनसमुदायहरूले हजारौं भव्य-भव्य स्वागतद्वारहरू निर्माण गर्न प्रारम्भ गरिसके । दर्शन पाइने भयो, समस्याहरू समाहित हुने भए भनेर सबै संबन्धित राष्ट्रहरूका अवहेलित, शोषित, निराश्रय जनसमुदायहरूमा अपार उत्साह र उमङ्गको भावना उम्लन थाल्यो । किनकि उनीहरूको निमित्त ती दिनहरूभन्दा आशाजनक आनन्दका दिन अघि कहिल्यै आएका थिएनन् । त्यसैले उनीहरू आफ्नो भाग्यको उद्घाटन गरिदिने त्यही आगामी १० तारिखको महाप्रतीक्षामा थिए ।

घण्टा घण्टा गन्दा, आशापूर्ण प्रतीक्षाका दिनहरू काट्न ज्यादै कठिन हुन्थ्यो तापनि विधिले भाग्यवञ्चित, निराश्रय ती जनसमुदायहरूलाई १० तारीखको दिनसंम आशैमा झुण्ड्याएर पुऱ्याइदियो । १० तारीखका दिन, घर-घरका अतिरिक्त रेडियोको आवाज आइपुग्न सक्ने गल्ली र सडकसम्म पनि समाचार सुन्नको लागि त्यस्तै त्यस्ता साधारण, उत्सुक, निराश्रय जनसमुदायहरूको भीड लागेको थियो र तिनीहरूका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साथै विश्वका चेतनशील वर्ग र व्यक्तिविशेषहरूले पनि निर्धारित समयमा रेडियोतिर कान थापिरहेका थिए । केही मिनेटपछि पूर्वघोषित कार्यक्रमअनुसार रेडियोबाट संयुक्त विज्ञप्ति प्रसारित हुन थाल्यो । विज्ञप्ति यस प्रकारको थियो— "वर्तमान विश्व र महामानवहरूको निर्देशन' यस विषयमा गम्भीर विचारविमर्श गरेर सार्वभौम शान्ति-स्थापन र व्यवस्थापनको लागि एक ठोस कार्यविधिको तर्जुमा गर्न हालै नयाँ दिल्ली भारतमा भएको त्रिदिवसीय शिखरसम्मेलनको परिणाम-स्वरूप हामी नेपाल, भारत, अमेरिका, इजरायल, सउदी अरेबिया, पाकिस्तान र जापानका राष्ट्रप्रमुखहरू यस निष्कर्षमा पुगेका छौं—

'अतीत युगका विभिन्न परिच्छेदहरूमा यस धरातलका तत्तत् राष्ट्रहरूमा जन्मेर त्यस वेला देश, काल, परिस्थितिसापेक्ष, विश्व-प्रभावकारी गौरवका कतिपय कार्यहरू गरेर कीर्तिशेष भएका र हाल परलोकवाट फर्केका हाम्रा पूज्य महामानवहरू राम, कृष्ण, बुद्ध, ईसा, मुहम्मद र गान्धीहरूप्रति हामी सबैको श्रद्धा, आस्था रहिरहनु स्वाभाविक नै हो ।

तर उक्त हाम्रा पूजनीय महामानवहरूको आकस्मिक अवतरण एकातिर हामीहरूको निमित्त महान् हर्ष र गौरवको विषय भएको छ भने अर्कोतिर त्यही अवतरण विश्वका राजनीतिक, आर्थिक, सांस्कृतिक समस्याहरूको समाधानको निति कुनै बौद्धिक, नैतिक मार्गदर्शन नभ-एको, खास गरी विश्वलाई वर्तमान अस्वस्थता र अस्तव्यस्तताको शोचनीय स्थितिमा पुऱ्याउने आवेश र आवेगलाई बोकेको, विप्लवकारी अन्ध जनधारणाको उत्प्रेरक र बलवर्धक पौष्टिक तत्त्व बन्न पुगेको छ । जसको कारणवाट कतिपय राष्ट्रहरूले केवल शान्तिसुरक्षानिति र राष्ट्र-द्रोही राजनीतिक बन्दीहरूको प्रवन्धनिति आफ्नो भएभरको राजसी शक्ति र राष्ट्रिय संपत्तिको अति अक्षम्य दुरुपयोगलाई पनि बाध्यै भएर अपनाइरहनुपरेको छ । हाम्रा वन्दनीय विश्वहितैषी निर्दोष पवित्र महामानवहरूले पनि यस तथ्यलाई स्वयं साक्षात्कार गरेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सविवेक स्वीकार गरिसक्नुभएको छ ।

अतः 'पूज्य महामानवहरूको निकटस्थितिको प्रभाव नै वर्तमान अराष्ट्रिय-सार्वभौम विद्रोहको निदान र साहस हो'– यस तथ्यलाई महसूस गरेर संमेलनले विश्वभरि शान्तिस्थापन र व्यवस्थापन गर्न बाध्य भएर संबन्धित सबै सरकारहरूले आफआफ्ना राष्ट्रका पूज्य महामानवलाई सदाको निमित्त जनसंपर्कहीन' सर्वसुविधापूर्ण एकान्त-वास र तत्तत् संप्रदायकै व्यावहारिक लौकिक प्रवृत्तिका व्यक्तिविशेष-हरूका संभावित षड्यन्त्रहरूबाट संरक्षण दिएर राख्नुपर्ने निर्णय गरेको छ, जुन निर्णय उक्त शान्ति एवं व्यवस्थापनको निमित्त सदा अपरिवर्त-नीय मानिनेछ ।''

यो विज्ञप्ति सुनेपछि राम र कृष्ण परस्पर मुख हेराहेर गरेर मुस्कुराए । अरू महामानवहरूका धैर्य एवं गाम्भीर्यपूर्ण मुखमुद्राहरूले पनि आफ-आफ्नो प्रभावक्षेत्रमा रहिरहनुपरेमा आफ्नै संप्रदायका कति-पय तथाकथित व्यावहारिक संकीर्ण कुतत्त्वहरूबाट संभावित खतराहरू-लाई दृष्टिगत गरेर उक्त संमेलनको निर्णयमाथि आफ्नो आन्तरिक मौन संमति र स्वीकृतिलाई अभिव्यक्त गरिरहेका थिए । विश्वका करोडौं-करोडौं जनसमुदायहरूमा भने आशाको बदला निराशा छाएको थियो । यति निर्वेद र ग्लानि आएको थियो कि– के चिताएको, के भयो ! फेरि यस विषयको चर्चा गर्नेसम्म पनि उनीहरूमा उत्साह र उमङ्ग आएन । विश्वभरि नै "इन्क्लाब जिन्दाबाद ! राज्ययन्त्र तोडिद्यौ !" यस्ता-यस्ता खतरनाक नारा दिएर त्यस्तो भूकम्प ल्याउन सक्ने, सामयिक नीतिका धुरन्धर, चतुर, दक्ष राष्ट्रिय, प्रान्तीय, जिल्ला-स्तरीय राजनीतिक, सामाजिक, धार्मिक, सांस्कृतिक तथाकथित नेताहरू-को चाहिं त्यस संयुक्त विज्ञप्तिप्रति ओज र स्फूर्तिहीन शुष्क प्रतिक्रिया यस प्रकारको थियो– "अनुशासनहीन अमर्यादित र अराजक स्थिति उत्पन्न भएर विश्वभरि नै एक विकराल समस्या उत्पन्न भइसकेको थियो । पूज्य महामानवहरूको प्रभावमा ठूलै परिवर्तन ल्याउन सकिन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनेर ती आन्दोलनहरूमा समर्पित भएर हामीले पनि सक्रिय भाग लियौं, लिन लगायौं तापनि स्थिति उत्तरोत्तर अनियन्त्रणीय हुँदै गएको देख्ता के गरेर आन्दोलनहरूलाई स्थगित गर्ने र स्थिति सम्हाल्ने ? भन्नेतर्फ पनि हामी सोच्तै थियौं । तर नीतिनिष्णात, दक्ष एवं अनुभवी संबन्धित राष्ट्रप्रमुखहरूको सामयिक र प्रभावकारी कदमबाट तत्काल समस्या समाधान हुन सक्यो । त्यो हुन नसकेको भए यो विश्व नै डुब्ने थियो र महामानवहरूको ज्यानमा पनि आशंका थियो ! जनताले आफ्नै बलसंवर्धनको निति, स्वार्थको निति पो बुद्ध बुद्ध, ईसा ईसा, मुहम्मद मुहम्मद भनेका छन् त, कसले धर्मका निति तिनको नाम लिएको छ र ? आफ्नो स्वार्थमा अलिकति खटपट परोस् न, के बुझेका छौ तिमीहरूले ? जेहोस्, समाधान भयो, यो ज्यादै हर्षको कुरा भयो । यस उपलक्ष्यमा उक्त संबन्धित राष्ट्रप्रमुखहरूलाई सबैले धन्यवाद दिनैपर्छ । कहिले हो, संबन्धित सबै राष्ट्रहरू मिलेर शान्तिदिवस मनाउने रे भन्ने पनि सुनिएको छ । त्यो मनाउनुपर्ने पनि हो । त्यसमा हामी सबैले सहयोग पुऱ्याउनु पनि पर्छ !"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६ / खानदानी

डाक्टरले भन्यो– "अब औषधि बन्द गरिदिनोस्, चाहिन्न। भिटामिन बाँकी नै रहेछ, यो चाहिं फेरि थपे पनि हुन्छ। रोग छैन, खालि कमजोरी मात्र बाँकी हो। खास गरी डाइट्चाहिं राम्रो मिलाउनुहोस्।"

हेमलाल– "डाइट् त मेरो सधैं एकनासै छ। घरमा दूध छैंछ। कहिले सुन्तला, कहिले मौसम, स्याउ यामले जे-जे पाइन्छ, फलफूल पनि टुटाएको छैन। त्यत्तिको लागि एउटा नोकर काठमाडौं जाने-आउने गरिरहन्छ।"

डाक्टर– "परिश्रमचाहिं केही नगर्नुहोला!"

हेमलाल– "अहिले सम्झेर ल्याएँ डाक्टरसाहेब, त्यो पल्लो घर बनाउँदा, ज्यामी, डकर्मी, कर्मीहरू लगाउँदा, ऊ बेलामा थाहा पाइनँ, निकै परिश्रम परेछ मलाई! त्यसैले म यति कमचोर भएँछु!"

डाक्टर– "पहाडमा यत्रो, यस्तो घर! घर त सुब्बाबाजेले निक्कै राम्रो बनाउनुभयो। कति लाग्यो बाजे?"

हेमलाल– "यहीं ईंट बनाउँदा, यहींको काठ कटाउँदा पनि, खालि सिमेन्ट र डण्डीहरू मात्र काठमाडौंबाट ल्याएको हो, सत्तरी हजारजति लाग्यो। हुन त काठमाडौंमा भए यत्तिको घर बनाउन डेढ लाख, दुई लाख घटीले पुग्दैनथ्यो।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डाक्टर– "पहाडमा यत्रो घर बनाउनुभन्दा काठमाडौंमा बनाउनुभएको भए बाहालमा पनि जान्थ्यो !"

हेमलाल– "एउटी छोरी काठमाडौंमा ठूलै ठाउँमा दिने कुरा भइहाल्यो। आफूलाई पनि एउटा घर चाहिएको। वहाँका मलाद्मी जन्ती आउँदा उनीहरूको इज्जत पनि रहोस् भनेर !"

डाक्टर– "वहाँदेखि जन्ती आउने, तिनको इज्जतअनुसारको काम गर्दा त बिहेमा पनि ठूलै खर्च लाग्यो होला !"

हेमलाल– 'लाग्यो, कसेरै खर्च गर्दा पनि तीस-चालीस हजार !"

डाक्टर–"लौ त वस्नुहोस् है सुब्बाबाजे ! धेरै कुर्नुपर्दैन भनेर टयाक्सी ल्याएको, कराउन थाल्यो होला !"

हेमलाल– "हस् त, अब औषधी किन्न नपरेपछि अरूले काठमाडौं जानुपरेन, यहाँलाई टयाक्सीसम्म पु-याइदिने मात्र हो। त्यस कारण दिनुपर्ने जति, म यहीं छिनिदिन्छु। कति टक्याइनुपर्‍यो, डाक्टर साहेब ?"

"धादिङ्ग मान्छु बेसी जाने, सिम्लेसंमको आउने-जाने भन्दा दुई सयमा कबूल गरेर टयाक्सी ल्याएको छ। अनि अरू त ·· ·· बाजे-कहाँ आएको, मैले कति माग्नु ! के माग्नु !" –डाक्टरले भन्यो।

हेमलालले साढे तीन सयको नोट डाक्टरको हातमा राखिदिंदै भन्यो– "लौ त, डाक्टरसाहेब ! फेरि-फेरि पनि परिरहला। दुःख नमान्नुहोला !"

डाक्टर– "तपाईंको निम्ति दुःख मान्ने भए यहाँसम्म आउँथें ? वरु कहिलेकहीं त आफैं आउनुहोस् न काठमाडौंतिर, बेकार यत्रो खर्च !".

हेमलाल– "जागीर छोडेपछि त्यता फर्केकै छैन।"

डाक्टर– "बाजेको जागीर कहाँ थियो ?"

हेमलाल– "भन्सारको सुब्बा थिएँ, एक्काईस वर्षसम्म भन्सारको भन्सारै। दिक्कै लागेर राजीनामा दिएर बसेको म त ! एघार वर्ष लगातार बिराटनगर भन्सारको हाकिमको हाकिमै।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डाक्टर– "धेरै वर्ष पो काम गर्नुभएछ। लौ त, वस्नुहोस् है, नमस्ते !"

× × ×

अर्जेलको छाप्रोमा चार-पाँच जना गाउँले बसेका छन्। पिढीमा दुई-अढाइ वर्षको विरामी बच्चा सुताएको छ। अर्जेलले भन्यो– "खै, मान्छे होला जस्तो छैन। मुखैले यस्तो भो, यस्तो भो भन्दा, गजुरीको डाङडरले निमोन्या भएको होला, लिएर आइज भन्या'थ्यो। भनेको पनि चार-पाँच दिन भइसक्यो। दिनदिनै चाप्तै गएको छ। अब त लगे पनि होला जस्तो छैन। फुकेर हुन्छ कि भनेर बिहानै, बेलुकै चाउरेले फुकि पनि राखेकै छ !"

तो गाउँलेहरूमध्ये धनबहादुर भन्नेले भन्यो– "डाङडरले भनेको बेला लगिहाल्नुपर्दैनथ्यो ? आँखै हेर्दो रहेनछ। यसरी सास बढिसकेछ। मैले सारो भैंसकेको ठहऱ्याएँ है ! बेलैमा ताल्नुपर्ने, तिमी त सिल्ली पो रहेछौ अर्जेल !"

अर्जेल– "कता गाडीको भाडा, कता औषधि किन्ने पैसा ! अर्काको मेलामा नगए घरमा खोलेफाँडो पनि नचल्ने ! जहानलाई पठाउन एउटा फेरेर जाने लुगासम पनि भएन भन्न थाली। दुई रुपियाँ लाग्छ, चक्की ओखती दिन्छु। खवाएर, कस्तो हुन्छ ल्याउनू पनि भनेको थियो। खेप गर्न गा'को यहीं नआई ज्याला पनि पाइनँ। भनेको बेलामा त्यही दुई रुपियाँ भेटेको भए पनि त यस्तो भइहाल्दैनथ्यो होला ! आफ्नो थिति नमिलेपछि सिल्लि नै भइयो, के गर्ने ?"

अनि बाबुलाल भन्ने बूढो अरूलाई पन्छाएर अघि सऱ्यो र बच्चाको नारी समातेर एक छिन घोरियो र अर्जेलको मुखतिर फर्केर भन्यो– "यस्तो हुञ्जेल नीच मानें नहुने, बिगारिसकेछौ अर्जेल ! निको अस्ति कता हो सुब्बाकहाँ शहरबाट डाङडर आ'थ्यो भन्थे। बोकेर त्यहीं पुऱ्या' भए पनि ओखती पारिदिन्थ्यो, त्यति पनि नगरेको, यो त तिम्रै दोष हो !"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"लौ, ज-जसले जे-जे दोष दिए पनि सहनैपर्‍यो गर्न नसकेपछि ! आफू घरमा थिइनँ, आइमाईलाई त्यो कुरा कसैले सम्झाइदिएन । को आयो, को गयो– बसलाई के पत्तो !" – अर्जेलले भन्यो ।

यति कुरा गर्दा-गर्दै बच्चाले फुस्रो आँखा पल्टाइहाल्यो । तिनमध्ये एउटा बूढोले भन्यो– "लौ, लौ, लौ बच्चा त जान लाग्यो, उचालिहाल, उचालिहाल ! तुलसीको मोठ, तुलसीको मोठ ! छिटो, छिटो, छिटो !"

सबै ससर्काए, त्यसै लर्बरिए । त्यत्तिकैमा हिमेकान्छो भन्नेले चर्को स्वरले 'छड' भनेर अरूलाई पन्छाएर, बच्चालाई च्याप्प दुई हातले समातेर आफ्नो काखीमुनि चेपेर, तुलसीको मोठमा पुऱ्याएर सुताइदियो । अर्जेली 'मेरो बाबा !' भनेर बच्चालाई छाँद हालेर, डाँको छोडेर रुन थाली । अर्जेल आँखाबाट आँसु चुहाएर, उभिएर बच्चालाई हेरिरह्यो ।

हिमेकान्छोले फेरि चर्को स्वरमा भन्यो– "विरामीलाई व्यर्थै सकस पार्न यी अर्जेलनीले के गरेकी ? जाऊ, उता गएर बस । ए अर्जेल ! के पक्क परेर हेरिरहेको, मुखमा अलि-अलि पानी हालिदेऊ न, सास गएको छैन ! बढ्ता हालौला नि, सकस हुन्छ !"

तिनमध्ये एउटाले भन्यो– "लौ, सास जानै आँटचो, राम राम राम !"

सबैले एकै स्वरले भने– "राम, राम, राम ! नारायण ! नारायण ! लौ, गइ पनि हाल्यो । कस्तो बेलामा आइपुगिएछ नि, कहिलेको साइत त कस्तो हुन्छ ? धिक्कार होस् !"

अर्जेलले धुँक्का छोड्दै भन्यो– "तै यहाँहरू सबै जम्मा भा' बेला पर्‍यो । म एक्लै भए के गरूँ, के गरूँ हुन्थ्यो । के गर्ने त अब, आफ्नो रहेनछ !"

आधा घण्टापछि फेरि त्यही हिमेकान्छोले भन्यो– "अब यस्ता कुरा गरिरहेर केही हुँदैन । चलाउन थाल अब !"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्कोले भन्यो- "एउटा नयाँ टालो त चाहियो नि !"

अर्जेलले भन्यो- "लौ, गाउँले छरछिमेक चाहिने यस्तै परिआउँदा हो ! मबाट केही निरकँदैन । दुई हातको सेतो कपडा त जुटाइदिनुपर्‍यो । अरू थोक बाटो मेरो के छ र ? जति दिन पर्ला, जसको भए पनि मेला आइदिन्छु । मदद गर्नुहोस्, कसले गर्ने हो !"

त्यो सुनेर सबैले मुखामुख गरे, कालो मुख लगाए । कसैले एक अक्षर बोलेन । धेरै बेरपछि एउटाले भन्यो- "सुब्बाकहाँ गएर यस्तो पर्‍यो भन्दा गरिहाल्छ कि ? काम गरेर कटाउँछु भनेको छ भन्नू नि, नत्र दिंदैन ।"

अर्कोले भन्यो- "खै, पत्यार त लाग्दैन त्यो किरन्टोकीले गर्ला भन्ने । तैपनि दुई जना जाओ न । भन, के भन्दोरहेछ !"

सबैको रायअनुसार तुरुन्त नै दुई जना उठेर गए । करीब आधा घण्टापछि रित्तै फर्कि पनि हाले र कालो मुख लगाएर खेद प्रकट गर्दै भने- "त्यस्तो पचास नभए त्यत्रो सम्पत्ति जोडिन्छ ? यही गाउँलेले गरिदिएर वर्षेनी धान, गहुँ, मकै गरेर हजार मुरीभन्दा अझ बेसी अन्न घरमा भित्र्याउँछ, यही गाउँलेलाई यस्तो परेर ऋण माग्दा पनि एक पैसा दिंदैन किरन्टोकी ! कस्तो पचास होला !"

अर्कोले भन्यो- "के भन्यो त ? एक थोक त भन्यो होला नि ?"

गएर आउनेमध्ये एक जनाले भन्यो- "यस्तो कामलाई, कुनै पनि खानदान घरबाट दिने चलन हुँदैन रे ! बाहिर-बाहिरै उठाउन जाने हो भने, बितलपको मानेकान्छोसँग अथवा साहिलो घर्ती जस-कहाँबाट भए पनि दश-बाह्र रुपियाँ उठाएर काम चलाउनू भन्यो । त्यतिको निमित्त त्यसका आसामी कता पुगेका छन्, कहाँ उठाउन जाने ? घरबाट दिए अलच्छिन लाग्छ रे !"

हिमेकान्छोले भन्यो- "खानदान र खानदानीभन्दा अरू थोक भन्न जान्दैन ! क्या मान्यो यो किरन्टोकी खानदानले ! हाम्रा बूढा-मावलीवा भन्थे- उनको घरबाट खुद हेमलालकै बाबु गएर, खान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाइनँ भनेर पाँच पाथी कोदो आफैंले बोकेर ल्या'को रे। बाबुका पालामा यसको घरको चाल के थियो भन्ने कुरा यी गाउँलेलाई था' छैन र ? त्यही भन्सारको कारिन्दो भएदेखि यो मुर्दा खानदानको भएको हैन र ? त्यत्रो वर्षसम्म खाएछ मज्जासँग घूस ! त्यसैले 'खानदान र खानदानी' सिवाय त यसले भन्न जानेकै छैन। पहिलेको बुङ्गोले पैसा कमाएपछि त अघिको कुरा कसरी बिसिदेलान् भनेजस्तो मात्र लाग्दो रहेछ त्यसलाई ! अनि भएनभएको धाक लगाएको छ, बसेको छ यी गाउँले गरीब दुनियाँलाई।"

"भो नकराऊ" – भनेर हिमेकान्छोलाई रोक्तै बाबुलाल बूढाले भन्यो– "ए खत्री, मेरो घरमा गएर तेह्र रुपियाँ मागेर ले। छोराको किताब किन्न भनेर हिजो अढाइ पाथी मकै छोडाएर बेचेको पैसा हो त्यो। कतै खर्च भा'कै छैन। यस्तो परेर, मैले पठाएको भन् न। आमाले दिन्छे, फरक पर्दैन। ए साहिला ! तँ पनि जा न ! उतैबाट सिम्ले गएर सेतो कपडा, धूप, घिउ, एक माना चामल मिलाएर ले। चामल पोको पार्न एक टुक्रा सेतो कपडा बेग्लै चाहिन्छ नि हैं, नबिर्सनू !"

× × ×

एक घण्टाजति भयो। अकस्मात् पानी बिबिराउन थाल्यो। झन्-झन् बढ्न थाल्यो। त्यसैले ओत लाग्नै भनेर डाँडाघरे रिजाल अर्जेलको छाप्रोको पिढीमा आएर बस्यो र बोलायो– "ए अर्जेल ! के गर्न लागेका छौ भित्र ? बाहिर आऊ न !"

"को रिजाल भाइ ह्यौ ?" – भन्दै अर्जेलले बाहिर निस्केर भन्यो– "मेरो त बेलामा खर काट्ने फुर्सद पनि भएन। अरूलाई लाउन यसै हबिगत भएन। यति पानी पर्दा पनि छाप्रो चुहिएर बस्नै भएन। अनि जो भएका झुन्नाझाम्रा पनि भिज्लान् भनेर तह लगाइ-रहेको म त ! अनि यो के लिएर आयौ नि टपरीमा ?"

रिजालले भन्यो– "अ.....त्यहाँ सुब्बाका छोरीज्वाइँ आउने रे भनेर, पैसा दिइसकेका रहेछन्, खुन्तेको खसी पुऱ्याइदिएर आ'को।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिंड्न लाग्या' पो, दूध मुछेर उनको बेलाइती कुकुरलाई भात दिएको, सुँध्यो मात्रै, मुखले छुनसम्म पनि छोएन। त्यत्तिकै टाँडतिर लगेर फालिदे भन्न लागे। मेरो पालो अन्नको जात किन फाल्ने, त्यसमाथि दूध हालेको! सानो छोरो सिता देखन पाए रमाउँछ भनेर टपरीमा हालेर, छोपेर ल्याएको। योचाहिं, बोक्रा ताछेर सुब्बालाई स्याऊ खान दिने मरेको रहेछ, त्यो बोक्रा पनि किन फाल्ने? सानो छोरोले रमाएर चुस्छ भनेर बोकेको! हामी गरीबलाई केको लाज त! उनीहरूले पयाँक्ने कुरा त हो नि भनेर!"

"अ···केही न केही। हामीलाई त जे ल्याए पनि, जसरी ल्याए पनि टार्न पाए भयो। उनको कुकुरलाई जे पायो रुच्तैन यहाँका कुकुरलाई जस्तो! सिसीका सिसी माछाको तेल पनि खुवाउनुपर्छ रे त्यसलाई त! बडा घरको बडै चाला! बरु हाम्रो कुराको पो के चाल हो? फेरि भेट भएन कि, त्यसै सेलायो?" – अर्जेलले भन्यो।

रिजालले भन्यो–"पानी पऱ्यो ओत पनि लागूँ त्यो कुरा पनि टुङ्ग्याइहालूँ भनेर म पसेको। ऊ मकहाँ तीनपटक आइसक्यो। अहिले यहाँ को छ र हो कि? ऊ काम नसकिईकन तीन सयभन्दा दिन नसक्ने। सकिएपछि पनि दुई सयभन्दा अरू थप्न नसक्ने। जम्मा पाँच-बाट टुङ्ग्याउनुपर्ने। हुने भए हुने भन, नहुने भए नहुने। के भन्छौ?"

"भैगो नि, नहुने भन्ने कुरा त कैले गरेको छ र! एउटा कति भने, बेलै नभएकी छोरीलाई अहिल्यै अर्काको पक्का गरिदिन किन पऱ्या'ध्यो र आफ्नो मर्काले त हो नि। त्यसैले हजारसंम पुऱ्याइ-दिएको भए मैले मेरो राम्रै मर्का फुक्थ्यो, नभए अहिलेलाई त्यति नै भएछ नै, अब के गर्ने त!" – अर्जेलले भन्यो।

"लौ त, पाँच सयमा कुरा टुङ्गियो, अनि अर्को कुरा – आमा-चाहिको पनि मञ्जूर छ हैन त? फेरि काम गर्ने बेलामा कचकच होला!" – रिजालले सोध्यो।

"के कुरा गर्छौ रिजाल! तिमी पनि! सल्लाहै नगरी यत्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आँट म गर्छु ? बरु छोरोमँगचाहिं सल्लाह हुन पाएन । ऊ यहाँ पनि छैन !" – अर्जेलले भन्यो ।

"कहाँ पठायौ त नि ?" – रिजालले सोध्यो ।

"अनि दुई पैसा हुन्छ कि भनेर गा' को । यी सुब्बाको छोरो र हाम्रो छोरोको दुई महीना' जेठाकान्छी छ । सुब्बाको छोरो अहिले शहरा' बूढानीलकण्ठमा बोर्डिङ छ रे नि, त्यहाँ बसेको छ । अनि साथी साथी, उसको हेरबाह पनि हुन्छ भनेर त्यहीं भाँडा-सांडा माझ्ने काम गर्नेमा भर्ना गरिदिएर सुब्बाले राख्न खोजेका, त्यहाँ मिलेनछ । गइसकेको, फर्कन मन नभएर 'जाधीर त खान्छु खान्छु' भनेर अहिले नौबिसेको होटेलमा पो बसेको छ काम गर्ने भएर । केटाकेटी, पैसा जोगाउन जान्दैन । चुरोट खान सिकिसक्यो । अस्ति दुई महिनामा आएर बीसोटा रुपियाँ फालेर गा'थ्यो !" – अर्जेलले भन्यो ।

"लौ त, पानी पनि थामियो । कुरा सकियो हैन त ? भोलि बेलुका ल्याऊँ त ? ऊ मकहाँ आइरा' छ । टुङ्गो लाउने, सक्ने भनेर !" – रिजालले सोध्यो ।

अर्जेलले भन्यो– "काम त भित्र सक्ने मात्र न हो ? भर्खर एघार पुगी बाह्र लागेको छ, कानूनको डरले, अरूले थाहा पाउन भएन त ! सिन्दूर हालेर, पक्का गरेर छोड्ने मात्र न हो ? लाने कुरा भएन ।"

"त्यो, त त्यसै हो । लौ त, म गएँ । भोलि बेलुका झमक्क भएपछि आउँला । फूलपाती, दीयोकलश, पूजा गर्ने सर्जाम त ठीक गरिराख्नू नि !" – रिजालले भन्यो ।

यति कुरा भएर रिजाल हिंड्यो । त्यसको डेढ-दुई घण्टापछि अर्जेल्नी घाँस काटेर आइपुगी । भारी बिसाएर, नाम्लो पटयाउँदै पिंडीमा बसी र लोग्नेसँग भनी– "तल्लाघरकी कान्छीले भनेकी, हिजो कान्छा गजुरी गएका । रामदत्त चितौनबाट आएर त्यहीं बसेका छन् रे ! आज बेलुका अथवा दिउँसो नै आउने कुरा छ रे यहाँ ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्जेलले झस्किएर भन्यो– "हो ? लौ वित्तल पऱ्यो !"

अर्जेलनीले कालो मुख लगाउँदै भनी– "के वित्तल पर्ने ?"

"अहिले डाँडाघरे रिजाल आएर भोलि वेलुका उसलाई ल्याउने कुरा टुङ्गियो । रामदत्त आएर भोलि नगएर पर्सि मात्र जाने भए भने त दुवैवरि भिडिने भए नि ! उसले भोलि वेलुका तीन सय लिएर आउँछ ।" – अर्जेलले भन्यो ।

अर्जेलनीले भनी– "अ... भएन त नि दुईतिरबाट खानचाहिं, नचाहिंदो कुरा । एक दिन कुरा नखुलिछोड्दैन । कुनचाहिंकाँ पठाउने हो कुन्नि पछि !"

"नखाए के गर्ने त । बाँच्नै सकिएन । खान त एकैतिरबाट पनि खान हुँदैनथ्यो त नि ! नजानेको थ्यो र ?" – अर्जेलले भन्यो ।

अर्जेलनीले फेरि वरपर हेरेर भनी– "भोलि थाहा पाएपछि यी गाउँलेले के भन्लान् ? हुँदैन क्या हुँदैन, दुईतिरचाहिं !"

"भोलि त्यो तीन सय भेटेपछि, बाली लाउने वेलासंम खोले-फाँडो चल्न सक्छ । अनि कतै अधियाँ कमाउन पनि भेटिएला, मेलामा हिंडेर गुजारा गर्न पनि पाइएला भन्ने एको'रो सुर मेरो !" – अर्जेलले भन्यो ।

यत्तिकैमा छोरीचाहिं पनि घाँसको सानो भारीमाथि दाउराका झिंगल्टा एक बिटो हालेर आइपुगी र भारी बिसाएर उसले आमाचाहिं-लाई भनी– "पानी खाऊँ न आमा !"

अर्जेलनीले भनी– "पारु ! म पनि बिसाएर भर्खर बसेकी बाबै, वरु जा न भित्र गएर अँखोरामा भरी पानी सारेर ले । दुइटैलाई पुग्छ, मलाई पनि असाध्ये तिर्खा लाग्या'छ । मभन्दा तैं बलिई छस् जा बा, ले !"

अर्जेलनीले फेरि कुरा थपी– "छिटो गर् र कोरीबाटी पनि गर् । चितौनबाट रामदत्त आ'का छन् रे ! अहिले आइहाले, आफूले भित्र-बाहिर गर्ने पो कसरी हो ! फरिया फाटेर यो गति छ ! तेरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि त्यो गति छ !"

यति कुरा गर्दा-गर्दै, करेसातिर हेरेर अर्जेलले स्वास्नीलाई भन्यो– "हो त रहेछ नि, ऊः आइसके । कुच्चो लाएर, पिंडीमा गुन्द्री हालिहाल । मकै त होला नि, भुट्न पनि थाल ।"

एक व्यक्ति आएर आँगनमा उभियो– तीस-पैंतीसको, झोला भिरेको, हल्का सस्तो पाइन्ट र बुसट, गोडामा चप्पल, गहुँगोरो !

अर्जेलीले पटुकाको छेउ हातले मुठ्याएर, निहुरेर, भूईंमा दुई हातको कान्छी आँला अडयाएर ढोगिदिई । अर्जेलले निहुरेर, दुइटै गोडामा पालैमैंग गिर राखेर ढोगिदियो । हुडबडका साथ बढारेको पिंडीमा अर्जेलीले गुन्द्री बिच्छयाई । त्यो आगन्तुक चप्पल फुकालेर, चुरोट तान्दै त्यही गुन्द्रीमा गएर बस्यो । त्यो चितौन शारीनगरको निवासी थियो, जसको नाम थियो– रामदत्त । केही महीना अघि, बेलुका यही छाप्रोमा यस व्यक्तिले दीयोकलशपूजाको सानो छोटो विधि पुऱ्याएर पारुको सिउँदोमा सिन्दूर हालेको थियो । त्यसैले आज पारुलाई घर लान भनेर यो आएको थियो ।

पहाड-पर्वतमा कम जेथाका केटाहरूको निम्ति केटी पाउन मुस्किल पर्छ । त्यसैले त्यस्तै धेरैजसो छिनेका कङ्गालीहरूले आफ्ना तात्कालिक समस्या मिलाएर मात्र छोरी दिने चलन हुन्छ । मौकामा आफ्नो मर्का फुकाइहाल्ने केटी दिनेको दाउ हुन्छ । त्यस्तै केटी पाएको वेला जेजस्तो शर्तमा सरीक भएर भए पनि केटीलाई आफ्नी गराइ-राख्ने दाउ केटापक्षको हुन्छ ।

कुराको प्रसङ्ग उठेपछि रामदत्तले भन्यो– "म त यसपाला लिएर जाऊँ कि भनेर आ'को !"

अर्जेलले भन्यो– "अहिले त पठाउन्नँ ज्वाइँ ! छोरो जागीर खान भयो । अरू केटाकेटी स-सानै छन् । आमालाई सगाउने यही एउटी छ । घरको सन्निसर्पन छ । अर्को कुरा– कलिली नै छ । गाउँमा जोरीपारी छन् । कानूनको कुरा छ । अहिलेलाई माफ रहोस् । दसैं-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिरलाई फरकै पर्दैन ।"

रामदत्तले दुई सयको नोट अर्जेलको हातमा राखिदिएर भन्यो– "त्यसो भए ससुरा ! म हिंडि पनि हालें । दसैं टीकामा आउँला । लौ सासूलाई पनि नमस्कार भनिदिनुहोला । साथी छुट्छन्, मोटर छुट्छ, म गइहालें ।"

"लौन नि, बल्ल-बल्ल आउनुभएको ज्वाइँलाई कसरी बिदा गर्ने अहिनेको अहिल्यै !" – अर्जेलले कृत्रिम स्वरमा भन्यो– "भित्र मकै पनि भुट्न थालेकी थिई ।"

"होइन, होइन । भखरै सिम्लेमा साथीहरुसँग खाजा खा'को, पर्दैन । म हिंडिहालें" भन्दै रामदत्त हिंडि पनि हाल्यो । अनि भित्र पसेर अर्जेलले स्वास्नीलाई भन्यो – "आनन्दै भो पारुकी आमा ! अहिले छोरी पठाउन्नें भनेको त दुई सयका दुइटा नोट हातमा राखिदिएर हिंडि पनि हाले, साथी छुट्छन् भनेर । बेसै भो" – अर्जेलले भित्रैदेखि प्रसन्न भएर भन्यो ।

त्यो सुनेर अर्जेलनीले भनी– "भरे, भोलि के खान दिने, कहाँबाट पैंचो ल्याउने भनेर चिन्तित भएकी थिएँ, जात्ती भएछ ! बरु, लौ लिइहाल्नुभएछ, एक सयको एउटाचाहिं मलाई दिहाल्नोस्– धोती र चोलो गरिहाल्छु । ज्यादै जात्रा भा' छ ।"

पारु झन् भित्रबाट चियाएर कुरा सुनिरहेकी थिई । हाँस्तै बाहिर निस्केर भनी– "कस्ती आमा त, आफ्नो मात्र कुरा गर्नुहुँदो रहेछ ! हाम्रो लुगा छ नि ?"

"तिमीहरूको मात्र कुराले भयो र ? पहिले यसबाट पाँच-सात पाथी मकै, दुई-तीन पाथी गहुँ र मट्टीतेल नल्याई भएकै छैन । बेलुका अँध्यारोमा नझुल्क्याएको कति भयो ? अर्को कुरा – त्यो दुई पाथी मकै र एक पाथी गहुँ ल्याएको, थाल छोडिराख्या' छ पसलेकहाँ, माया मार्न भयो ? ढलोटको त्यत्रो थाल, पसले त लिन नगए खुशी हुन्थ्यो होला । त्यो नल्याई भएन !" –अर्जेलले भन्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"सधैं खोले, सधैं खोले । आज अलि बाक्लो खाऊँ न ढींडो पकाएर । छिटो ल्याइपुऱ्याए पिष्ठन भ्याइन्छ ।" – अर्जेल्नीले भनी ।

"दुई-चार माना चामल पनि ल्याऊँ न बा ! भाइबहिनी पनि रमाउँछन्, एक छाक खाऔं ।" – पारुले भनी ।

हाँस्तै अर्जेलले भन्यो– "लौ, तैंले भनेको पनि गर्छु । तर तिहुन के नि, भातजस्तो पकाएपछि ?"

पारुले आमातिर फर्केर भनी– "गुन्द्रुक छैन र आमा ?"

× × ×

भोलिपल्ट बेलुका रिजाल र अर्को एक जना मानिस अर्जेलको छाप्रोको पिंडीमा आएर बसे । त्यो अर्को मानिसको नाम थियो– 'मयनाथ' । जो आज पारुलाई सिन्दूर हाल्न आएको थियो ।

साँझ छिप्पिसकेको थियो, अन्धकार बाक्लिदै गएको थियो । बाहिर पिंडीमा रिजालले ल्याएको लालटिन बलिरहेको थियो, भित्रपट्टि अर्जेल्नीले बालेको टुकी । अनि अर्जेजले रिजाललाई भन्यो– "किन विलम्ब गर्ने त, तिमीले भनेको सामान ठीक छ । भित्र गएर जे-जे गर्नुपर्ने गर । मैले त्यहाँ ठाउँ पनि पोत्न लगाइदिसकेको छु ।"

"अँ..., अरूथोक के गर्नु छ र ! दीयो, कलश पूजा गर्ने मात्र त हो ! लौ म सकिदिहाल्छु" भनेर रिजाल भित्र पस्यो र करीब बीस मिनेटपछि मयनाथलाई भित्र बोलाएर भन्यो– "लौ आऊ । तिमी यहाँ बस । मैले पूजा गरिसकेको छु । तिमी पनि फूल-अछेता चढाऊ ।"

रिजालले भनेबमोजिम पूजा सकेर, मयनाथले पारुको सिउँदोमा सिन्दूर हाल्यो, चुरा-पोते पनि दियो । पारुलाई मयनाथका गोडामा ढोग्न लगाए । काम सकियो । जो पाकेको मीठोपीठो खाए । रिजाल-को हातबाट जो लेनदेन थियो, त्यो पनि सकियो । त्यति सकेर मयनाथ र रिजाल लालटिन बालेर आफ्नो घरतिर लागे पनि ।

त्यो रात बित्यो, बिहान भयो । अर्जेल उठेर कक्कड बनाएर सोल्फामा तान्न मात्र लागेको थियो, अर्जेलको घरमा रिजाल आइ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुग्यो । रिजाललाई देखनेबित्तिकै अर्जेलले भन्यो– "हिजो मौकै परेन । भन्नै सकिनँ । आएछौ ठीक भयो । मैले चालीस रुपियाँ तिमीलाई छुट्याएको छु ।"

रिजालले रातो मुख लगाएर भन्यो– "चालीस-सालीसको कुरा होइन अर्जेल ! हिजो तिमीकहाँ आएर, एक्कै छिन बसेर, सिम्लेमा अरू साथीहरूसँग मिलेर तलतिर जाने मानिस को हो ? मलाई नढाँटीकन भन ! मेरो विश्वासमा कत्रा-कत्रा काम भा' छ । मयनाथले मलाई सिल्ली बनाउँदैन अब ? तिमी त खतरनाक मानिस पो र' छौ ! मैले धर्म छोडिदे त तिमी अहिल्यै बाँधिन्छौ !"

अर्जेलले कालो मुख लगाएर भन्यो– "होइन, कसले के सुनायो तिमीलाई ? मन माझेर भन न ।"

"भुत्राको मन माझ्ने ? हिजो त्यो चितौनेसँग दुई सय लिएको होइन ? जे मन लाग्यो गरिरहन्छौ ? "

अनि अर्जेल कर्कलो गलेजस्तो गल्यो र कालो मुख लगाएर भन्न थाल्यो– "शरणागत रिजाल भाइ ! तिमीहामी बाँडीचुँडी खाऊँ । यस्तै हो दुःख परेपछि । 'जहाँ कङ्गाल, वहाँ चण्डाल' भनेको साँच्चै रहेछ बुझ्यौ ? नरिसाऊ ।"

अनि नाटकीय रुष्ट मुद्रामा रिजालले भन्यो– "हिजो बेलुकाको तीन सयचाहिं मलाई देऊ मिलाउने हो भने । छिटो गर, मलाई हिंड्न बेर भो !"

अर्जेलले तीन सयबाट पचास रुपियाँ झिकेर राख्यो र अढाइ सय रुपियाँ रिजालको हातमा राखिदिंदै भन्यो– "आधा आधा पारें, लौ लेऊ !"

त्यो पैसा बगलीमा हाल्दै रिजालले भन्यो– "काम गर्दा सल्लाह नगरीकन नगर्ने गर न, तिमी अलि मूर्ख रहेछौ अर्जेल ! लौ बस, अहिले म गएँ" यति भनेर रिजाल हिंड्यो । अर्जेलनीले तिनी-हरूका कुरा कान थापेर सुनिरहेकी थिई । रिजाल अलि पर पनि पुग्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाएको थिएन, लोग्नेलाई बोलाएर उसले भन्नसम्म भनी– "मैले हिजै भनेको होइन ? कति नराम्रो भयो, अब झन् कति नराम्रो पर्दै जाला ? एक कान दुई कान मैदान ! म आइमाईको जति पनि बुद्धि नभएको लोग्नेमान्छे ! तीन-तीन सय रुपियाँ क्यांके पारेर लग्यो कि ? मरिजाओस् मुर्दा, एक दिन पनि बाँच्न नपाओस् । यस्ती कलिली छोरीलाई दिएर लिएको पैसा, हरिया बाँसमा हालेर खोलातिर झारेको हेर्न पाउँछु कि पाउन्नँ मुर्दालाई । अर्काको पैसा खान अत्याउन, तर्साउन पो पसान्या'र छ एकाबिहानै ! मरिजाओस् ! बस्ता मुर्दासँग शरणागत भन्दा आफ्नै कामले आफैंलाई लाज लागेन, तपाईंलाई ? धिक्कारै होस् ।"

यो कराएको सुनेर दुई जना गाउँलेले करेसाबाट बोलाएर अर्जेललाई भने– "ए अर्जेल ! के हो ?"

हातको सोल्फा तान्दै बाहिर निस्केर अर्जेलले भन्यो– "गोपाल ह्रो ?"

"हो, के भएको हो ? तिमीले के गऱ्यो र 'लाज लागेन, धिक्कार' भनेको ?" – गोपालले सुनेको जति भनेर सोध्यो ।

"केही होइन, घरको थिति मिलाउन नसक्ता लाज लागेन तँलाई भन्छन्, धिक्कार पनि दिन्छन्, यस्तै रहेछ !"

"ए ! सुल्फा तान्दै रहेछौ, आउँछ ?"

"नआए अर्को भरूँला के ! आऊ न बस !"

"लौ" भनेर गोपाल र उसको साथी अर्जेलको पिंडीमा आएर बसे । अनि सोल्फा तान्दै गोपालले भन्यो– "लोग्नेमान्छे भएर स्वास्नीको गाली खाएर के बसिराख्या' त नि, यसो गाउँतिर नटहलिएर !"

"के काम छ र कता टहलिने ? ठाउँ भए त जान्थें के !"

"सुब्बाकहाँ हिंड न, हामी उतै जान आ'का !"

"के छ र सुब्बाकहाँ आज ?"

सुब्बाको छोरो पढ्न गएको ठाउँमा पैला भो' रे । बिहिबार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आउने रे । ऊ आएपछि खसी काटेर भोज लाउने रे । अनि कुन्ती छोरीलाई त्यसको भोलिपल्ट घर पठाउने रे । घर जाँदा कुन्तीले कोसेली लानुपर्ने भएकाले, त्यसको निति गाउँका जान्ने-बुझ्ने आइमाई जति आजैदेखि कोही झिलैयाँ बनाउने, कोही सेल पकाउने, कोही अर्सा, कोही अनर्सा, कोही फिनी ! र अर्कोतिर लोग्नेमानिसहरू कसैले माछा मारेर सुकाउनुपर्ने, चार-पाँच धार्नी चाहिने रे, कसैले के-केको हो सुकुटी पनि बनाउनुपर्ने रे । किरन्टोकोकाँ' अरू बेलामा गएर कुनै गाउँलेले पानी माग्यो भने, 'पानी सकिया छ, एक गाग्री पानी लिएर पनि आऊ, खाएर पनि जाऊ' भनेर गाग्री ल्याएर तेस्याइदिन्छ अगाडि । त्यहाँको चलनै त्यही हो । सतोसत ढाँटेर भनेको भए ! अहिले त उसलाई मदद चाहियो गाउँलेको, चिया र चिउरा त फालाफाल छ रे जाने-आउनेलाई ! त्यसै भएर हिंड भनेको, जाऊँ न, रमाइलो हेरूँ ! खानदान र खानदानी भन्छ, 'हो हो सुब्बाबाजे' भनिदियो ! फुरुङ्ग पर्छ !" – गोपालले हाँस्दै भन्यो ।

× × ×

आज सुब्बा हेमलालको नयाँ घरको दलानमा धेरै गाउँले, स्त्री-पुरुषहरू विभिन्न कामले जुटेका छन् । छोरीलाई घर पठाउन थरिथरिका मूल्यवान् खाने चीजहरू बन्दै छन् । सुब्बा हेमलाल बालिष्टमा अडेस लागेर, सन्नब्जामाथि गलैंचा, गलैंचामाथि बाक्लो चक्लामा बसेर गुडगुडे हुक्का, लामो बाग्लुङे नलीमा तमाखु तानिरहेका छन् । उनका वरिपरि गाउँले बूढा र केटाहरू बसिरहेका छन् । तिनमध्ये एउटाले सोध्यो– "हाम्री कुन्ती नानीको दुलाहाको अहिले के काम छ सुब्बाबाजे, शहरमा ?"

सुब्बाबाजेले भने– "भर्खर बी. ए. पास गरे । अहिले के काम गर्नु ? अब एम्. ए. पास गरेपछि पो काम खोज्लान् । मैले आफ्नी छोरीलाई बी. ए., एम्. ए. पास गर्नेबित्तिकै काम खोजिहाल्नुपर्ने, घरमा केही नभएको बुङ्गालाई दिएको छु र ? आफूजत्तिकै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खानदानको केटोलाई छानेर पो दिएको छु त ! विराटनगरमा दुई-तीन सय बिगाहा जग्गा छ, दुई ओटा ट्रक छ, चार ओटा बस छ हाम्रा ज्वाइँहरूको । हेर, तिमीहरूले बुझेका छैनौ – छोरी दिंदा पनि, लिंदा पनि हात्तीसँगै सम्बन्ध गर्नुपर्छ । त्यसो भए आफ्नो खानदानीको इज्जत पनि रहन्छ, आफूलाई कतै दुःख पऱ्यो भने, खट्टपट्ट दुई-चार लाखको काम पनि टर्छ । त्यो कुरा थिएन भने छोरीलाई किन टाढा पुऱ्याउँथें ? यही गाउँको एउटा केटोलाई दिन्थें नि ! पच्चीस मुरी आउने एउटा खेत दिन्थें, दङ्ग पर्थ्यो । छोरी घर पठाउँदा यतिको झंमार किन गर्नुपर्थ्यो ? एक पाथी चिउरा र बीसोटा सेल पठाइदिए कोसेली भइहाल्थ्यो !"

सबैले एकै स्वरले भने– "अहा ! क्या चित्त बुझ्ने कुरा सुब्बाबाजेको ! कहिल्यै नअघाइने, सुनिरहूँ जस्तो ? हो त नि, यहाँका फुम्लेलाई दिएको भए केको यो टन्टा गरिरहनुपर्थ्यो ? तर हजूरको इज्जत रहन्थ्यो र त्यस्ता मोरालाई ज्वाइँ बनाएर ?"

"कुरा बुझ न, मेरा संघौ, ज्वाइँले पनि यस्तै-यस्तै विचार गरेरै मेरी छोरी बिहा गरेका, यस्तो पहाडको कुनामा आएर ! के उताउता थिएनन् र केटीहरू खानदानी नहेर्ने हो भने ! के त भोलि छोरीले दुःख पाउने भई भने दुई-चार लाखको मुख म हेरूँला त ? यो सब खानदानीकै कुरा हो !" – सुब्बाबाजेले भने ।

फेरि सबैले एकै स्वरले भने– "केको मुख हेर्नुहुन्थ्यो ! सबैल जानिहालेकै छन् नि ! एउटा आशा नभए त्यत्रो काठमाडौंमा केटी थिएनन् र यस्तो डाँडापाखाको कोल्टामा खोज्दै आउनुपर्थ्यो ? उनीहरूले पनि सुब्बाबाजेलाई राम्रै चिनिसकेका रहेछन् क्या !"

०२८ साल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७ / मिलाप

"ए बहादुरे. तेरी स्वास्नी त पल्लो गाउँले कालेसँग पोइल गई रे हो ? शहरमा डेरा लिएर राखेको छ रे ! त्यसरी जान दिनु हुन्छ ?" – बानेश्वर ब्यारेकनिर पाँच-सात ठिटाहरू जम्मा भएर बसेका थिए, तिनमध्ये एउटाले सोध्यो ।

"किन नहुने ! मलाई त आनन्द भा'छ, त्यो राँडी गएको । त्यो आजकी त्यस्ती हो र, राख्नै नहुने अलच्छिनी । बढार्नुपर्ने कसेर हावाले लग्यो । तिमीहरूलाई के था' छ !"– बहादुरेले भन्यो ।

"त्यस्ती थिई र !"– तिनमध्ये एउटाले भन्यो– "बाटामुनि साहिलीले भनेकी, पातलीलाई अस्ति भेटेकी रे, राष्ट्रिय नाचघर मरम्मत हुन लागेको, त्यहाँ ज्यामीकाम गर्न दिउँसो आउँदी रहिछ रे । ऊ त तँलाई पो यस्तो साइँदुवा, उस्तो साइँदुवा भनेर भन्नु नभन्नुसँग मुख छोडेर गाली गर्छे रे– 'खायो नखायो, लायो नलायो हेर्नु छैन, दुनियाँको अगाडि बेइज्जत, को बस्छ त्यस्तो मारूसँग । बरु बाहिर बसेर लडेर लिन्छु– कहाँ जान्छ मेरो अंश !' पो भन्छे रे तँलाई त !"

"भो, नाप्यो लिई अंश ! खूबै खायो नखायो हेर्नेलाई छानेर अन्मरिएकी होली राँडी । मसँग बस्दा आफ्नो गाउँको मेला, पर्व भनेको अर्कै हो, त्यस्तो सडकमा, शहरको माझमा कहाँ घर बन्दै छ भनेर ज्यामीकाम गरेर हिंड्नुपरेको थ्यो, त्यो भाँडलाई ! के

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गाउँलेका आँखा फुटेका छन् र ! त्यसै मनपरि भन्नलाई !" बहादुरेले रातो मुख लगाएर भन्यो– "यहाँ'ड लाएर गएको फरिया धरो फेरेको मावँ देखूँला नि यी आँखाले, लाने मुर्दाको पनि गति थाहा नपाएको छैन । दुनियाँ हेरी त्यमको आफ्नै घराँ' थाँग्नामुँग्ना कसले हेरिदेला जस्तो छ ।"

"जे भए पनि घरको एक्लो भइस् । अब तुँलाई गाह्रो पऱ्यो भनेको !"– अर्कोले भन्यो ।

"त्यो पो घरको काम गर्ने मान्छेको भाँडो थिई र, एउटा भा'को गाईलाई त आफैं घाँस काट्नुपर्थ्यो । बिहान-बेलुका घिच्न पाए, चुरोट तान्न पाए र यो गाउँ र ऊ गाउँ घुम्न पाए रानी भएँ भन्ठान्ने अलच्छिनीबाट केको घरको काम हुन्थ्यो ! अर्काले देख्न मात्र थियो"– बहादुरेले भन्यो ।

"अब जानु गैगई । उसले त आफ्नो घर गरिहाली । तेरो यो बिचल्ली भयो । एउटी ल्याउन परेन, घर चलाउन !"– एउटाले भन्यो ।

"सके ल्याउँला, नसके यत्तिकै भा'छ बरु । घरमा त्यस्ती अनविश्वासी हुनुभन्दा त ठिगो वस्तु बेस लाग्या'छ मलाई त । बुझ्यौ, म पनि नामर्दको छोरो होइन, खँड्काकै छोरो हुँ क्या !"– बहादुरेले गर्दन फुलाएर भन्यो ।

× × ×

अरुसँगको जवाफको निति जवाफ ! तर बहादुरे स्वयं त पानी-आन्द्रे नै थियो ! उसलाई आफ्नो समस्याले भित्र पोलेको पोल्यै गरि-रह्यो– 'घरको स्थिति ठीक छैन, कसैले पत्याएर छोरी दिदैन, ल्याउन पनि नहेरी, नबुझी कुनचाहिं आउँछे र ! भनेजस्तै यही भाँडले भएको लट्टीपट्टी पनि अंश चिरेर लगिदिने पो हो कि, गाउँ-गाउँ फत्फताएर हिंड्छे, क-कसले उचालिदिने हुन्, के भन्न सकिन्छ !'

बहादुरेलाई त्यो राती निद्रै लागेन यस्तै अनेक तर्कवितर्कले–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राष्ट्रिय, नाचघरमा काम गर्न आउँदी रहिछ भनेपछि जान पो पऱ्यो कि कस्ती भएर आउँदी रहिछ, भेटेपछि कस्तो कुरा गर्दी रहिछ। कसले पो थाहा पाइहाल्ला त, सुटुक्क एक्लै भेट्ता !'

भोलिपल्ट दिउँसो दुईबजेतिर बहादुरे राष्ट्रिय नाचघरबाहिर पेटीमा वरिपरि आँखा लगाएर ओहोरदोहोर गरिरहेको थियो। ठ्याक्कै ज्यामीहरूले खाजा खाने वेला परेछ। पातली नाचघरबाहिर आशा चुरोट किनेर सल्काउन लागेकी रहिछ। बहादुरेसँग देखादेख भइहाल्यो। बहादुरेले आँखा तरेर हेऱ्यो। पातलीले पनि आँखा तरेर हेरी र त्यही पेटीको कुनामा बसेर चुरोट तान्न थाली।

बहादुरेले पनि त्यही पसलमा गएर एउटा आशा चुरोट किनेर सल्कायो। पचास-साठी हातको फरकमा पातलीको आँखा छलेर केही बेर हेर्नै, बुझ्ने गऱ्यो। उसको मनमा के-के लाग्यो। त्यो दिन पछिल्तिर फर्किंदै पातलीलाई हेर्दै आफ्नो घरतिर लागि पनि हाल्यो। उसको घर वानेश्वरतिर थियो। बाटामा उसको मनमा धेरै कुरा खेल्यो– 'फर्केर गएर कुरा गरिहालेको भए पो हुन्थ्यो कि, मलाई देखेपछि भोलिदेखि यहाँ काम गर्नै नआउने पो हो कि !'

बहादुरे घर पुग्यो, त्यो रात पनि उसलाई पूरै निद्रा लागेन। भोलिपल्ट पनि बहादुरेले हिजोकै बेलातिर गएर त्यही पसलमा चुरोट किन्यो, सल्काग्यो। पातलीले पनि त्यसै गरी आएर चुरोट किनी, सल्काई र पेटीको कुनामा बसेर तेर्सा आँखाले बहादुरेलाई हेर्दै, आँखा छल्दै गर्न लागी। त्यो दिनचाहिं बहादुरे अलि नगीच पुग्यो, तर बोलिहाल्ने साहसचाहिं गरेन। वरु पातलीले नै उछिनेर भनी– "के कामले नगीच आएर हल्लिरा' नि यता। व्यर्थै अर्कालाई नराम्रो पार्न, देखेभने !"

"त सर्कारको यत्रो बाटो, तेरै घर-आँगन हो सबै ? कसैले उभिन, हिंड्न नहुने !"– बहादुरेले भन्यो।

"ओहो ! काम थाल्ने वेला भइसक्यो क्या रे !"– भन्दै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पातली जुरुक्क उठेर नाचघरभित्र पसी । पसिसकेर पनि फेरि फर्केर ढोकानेर उभिएर बहादुरेलाई हेरिरही । बहादुरेले पनि पेटीमा बसेर उसलाई धेरै बेरसम्म हेरि नै रह्यो । पातलीले पछ्यौराले आँखा पुछ्जस्तो गरी । फेरि पनि एक छिन त्यहीं उभिइरही र भित्र पसी ।

त्यसरी भित्र पसेर पनि फर्केर हेरिरहँदा र पछ्यौरीले आँखा पुछ्ता पातलीले आफूलाई माया नमारेजस्तो बहादुरेलाई लाग्यो । अनि उसले जितेर मनमा विकल्प राख्यो– 'पर्खेर आजै कुरा टुङ्गयाऊँ कि भोलिलाई राखूँ ! के भन्ने र के टुङ्गयाउने हो बरु !'

उसको शरीरमा अर्कै किसिमसँग रक्तसञ्चार भयो । छाती घप्प भएर आयो । मस्तिष्कले निर्णय गर्न सकेन । 'भैगयो आजलाई !' भन्ने विचार गरेर त्यो दिन पनि ऊ आफ्नो घरतिर लाग्यो । मनका अनेक तरङ्गले उसले बाटो हिंडेको थाहै पाएन । एकैचोटि घर पुगे-पछि झल्याँस्स भएर पछितो गर्न लाग्यो– 'त्यो को पो नौली थिई र व्यर्थै, आजै टुङ्गयाउनुपर्ने, केही जाने भोलि आइदिइनभने !'

एकातिर दुनियाँको आँखा छल्न पनि गाह्रै छ । गाउँमा कसले कुरा पुऱ्याइसकेछ कुन्नि ! भित्र-भित्रै हुनसम्म हल्ला भैसकेछ– 'बहादुरे त दिनभरि गएर स्वास्नीले काम गर्ने ठाउँमा धर्ना बस्न थालेको छ रे ! त्यस्ती चरित्रहीन पातरलाई पनि केको धर्ना बस्नु ! मुर्दा, कहीं नभएको नामर्द नै रहेछ मोरो !'

बहादुरेलाई यो कुरो केही थाहा छैन । ऊ आफ्नै सुरमा छ । उसको निम्ति यो तेस्रो रात त साँच्चिकै लामो भयो । बल्लबल्ल रात बित्यो ! लामो बिहान बित्यो । बाह्र बज्यो । एक बज्यो । कहिले दुई बज्ला भनेर बहादुरे त्यो दिन पनि राष्ट्रिय नाचघरको अगाडि पेटीमा नाचघरभित्र आँखा लगाउँदै ओहोर-दोहोर गर्न लाग्यो ।

उसलाई एउटै चिन्ता थियो– 'आज नआएकी भए त मारि नै हाल्यो !'

तर दुई बज्नेबित्तिकै सधैंजस्तै खाजा खान ज्यामीहरू छुटे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उसरी नै पातलीले त्यही पसलमा आएर चुरोट किनी, सल्काई, सधैंकै ठाउँमा बसेर आँखा तर्दै, छल्दै बहादुरेलाई हेर्न लागी। त्यो देखेपछि बहादुरे ढुक्क भयो अनि ऊ पनि अलि नजीकै पुगेर आँखा तर्दै, हेर्दै गर्न लाग्यो। त्यति भएपछि पातलीले झन् आँट गरेर भनी– "सोझै हेरे त भैंगो नि, केको आँखा तरेर हेर्नुपर्‍यो नि, त्यसरी नै हेर्नु थियो- भने नजीकै पो किन आइरा'को नि !"

बहादुरेले पनि झट्ट ओठेजवाफ दिइहाल्यो– "तैंले पनि किन आँखा तरेर हेरेकी नि, हेर्दै नहेरे भइहाल्यो नि, यसै छोडेर हिंडेकी उसै छोडेर हिंडेकी !"

"छोडेर हिंड्दैमा भित्र माया जाँदो रहेछ र ? कहाँ देखूँ-देखूँ लाग्या' थ्यो।" – पातलीले पछचौराले आँखा पुछ्दै भनी।

"देखूँ-देखूँ नलाग्या' भए म पो यहाँसम्म किन सधैं धाइरहन्थें नि ! के भित्र साँच्चि पर्‍या' छैन र !" – बहादुरेले पनि मायालाग्दो स्वरले भन्यो।

"परेर के गर्ने त, अब जे हुनु भैंगो। लाग्ने बेलामा कोको, कोको लागेर मन बिगारेर हिंडाइदिइहाले राँडीहरूले। दशाले गर्दा, त्यो बेला आफूले पनि आँखा देखिनँ। अहिले मन रोइरा' छ ! के गर्नु रोएर !"– झन् मायालाग्दो रुञ्चे स्वरमा पातलीले भनी।

"भलाई पो खपिसक्नुभा' छ र नि ! अ । अरूले जे भन्लान् भन्लान्, आँट गरेर जाऊँ भने जान्छेस् त घर ?" –बहादुरेले सोध्यो।

"लगे त किन जाँदैनथें त नि ! तिमी र म मिलेपछि कसले के भनेर पो के हुने हो र हुन त ! आफ्नो लोग्नेस्वास्नीको मिलाप नहुनुपर्ने कहीं छ र ? आफ्ना साथीहरू गाउँ-गाउँमा के-के भन्दा हुन्, भेट्न जान पनि बन्द भयो। कति न्यास्रो लाग्या'छ आफूलाई !"–पातलीले भनी।

× × ×

आषाढ महीनाको बेलुका ६ बज्न लागेको छ। बानेश्वरब्यारेक-नेरको गल्लीमा चार-पाँच जना गाउँले ठिटाहरू जम्मा भएर हाँसो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिरहेका थिए। एउटाले भन्यो– "बहादुरेले पातलीलाई ल्याएछ नि फेरि, थाहा पायौ ? अहिले त बहादुरे भन्छ रे– 'केही दिन आफ-आफ्नो मन बाझेर आफ्ना इष्टमित्रकहाँ गएर बसी भन्दैमा मेरी स्वास्नीले आफ्नो घर संझेर आउन नहुने हो र ! लोग्नेस्वास्नीको झगडा परालको आगो भनेकै छ नि !"

अर्कोले भन्यो– "छिः, त्यस्ता हिनामी नामर्दको के कुरा गरिरा'को व्यर्थै ! ऊः कुरा गर्नु पनि, पातली यतै आउँदै छ। आज दिउँसो ज्यापूको मेलामा काम गर्न गएकी थिई क्यारे। कोही पनि नहाँस है ? वरु त्योसँग कुरा गर्नुपर्‍यो, के भन्दिरहिछ। ऊः आइसकी, सुँन्ली।"

"कहाँ गएर आयौ भाउज्यू ?"– एउटाले भन्यो।

"त्यही नातिचाको मेलामा गएर आएकी बाबू ! के गर्ने त काम नगरी खान पाइएन त। अर्काको जस्तो नाककान हल्लाएर, कम्मर नचाएर, गिज्जिदै हिंड्न सकिएन। आफ्नो सोझो काम गर्‍यो, हिंड्यो। आफूलाई आफ्नै घर प्यारो छ, बिग्रला भन्ने डर छ !"– एकै छिन अडेर पातलीले भनी– "जाऊँ है !"

पातली अलि पर पुगेपछि सबैले हाँसेर एकै स्वरमा भने– "कस्तो घरको माया, कस्ती सच्चरित्र !"

०३५ साल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८ / वादविवाद

धादिङ्ग, अवन्टार। श्रावण कृष्णको आधारात। आकाशमा करोडौं ताराहरू मिमिरे गरिरहेका थिए। सर्वत्र अन्धकारको एकाधिकार साम्राज्य थियो। माता निद्रादेवीले वात्सल्यपूर्ण मृदु स्पर्श गरेर लेखिरहेका ब्राह्मणजीलाई भनिन्– "कति परिश्रम गरेको ?"

यत्तिकैमा अज्ञात सुदूर प्रदेशबाट एउटा शब्द आयो– "ब्राह्मणजी, म सत्य हुँ। सत्यलोकबाट बोलिरहेको छु। भगवान् शङ्कर सर्वाङ्गनग्न भएर भौंतारिंदै हिंडे रे ! उनको अङ्ग देखेर कामातुर ऋषिपत्नीहरू यज्ञ छोडेर उनको पछि-पछि लागे रे ! यो कस्तो असत्य, वीभत्स, विषाक्त प्रचार हो ? आर्ष संस्कृति र त्यसका अवष्टम्भहरूमाथि अश्रद्धा र अविश्वास ल्याइदिएर अब के यो विश्वलाई अनुशासनहीन, मर्यादाहीन, रागद्वेष-युद्ध-सङ्घर्षमय, अशान्त, रक्तरञ्जित तुल्याएर श्मशान बनाइछोड्ने ? विश्वशान्ति र विश्वबन्धुताको प्रथम-उद्घोषिका तथा अनन्यसाधिका आर्ष संस्कृतिमाथि यो कत्रो वज्रप्रहार हो ? यसको क्षततक्ष प्रतिवाद गर्नुपरेन ?"

ब्राह्मणजीले भने– "आशीर्वाद पाऊँ। म गर्छु अवश्य !"

यत्तिकैमा एकाएक तल छिडीको ढोका उघ्रियो। ब्राह्मणजीले सावधान भएर कान थाप्नेबित्तिकै सामान्य मानिसको भन्दा अलि अग्लो शरीरको कद, वर्ण कालो, असाधारण कान्ति, यथास्थान शरीरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बहुमूल्य आभूषण, स्वच्छ वस्त्र ! एक व्यक्ति माथि उक्लियो र ब्राह्मणजीले स्वागतवादका साथ नमस्कार गरे। अनि मन्द मुस्कानका साथ त्यस आगन्तुकले नमस्कार फर्काएर आसन ग्रहण गर्दै भन्यो– "म कलि हुँ।"

ब्राह्मणजीले हर्षपूर्ण मुद्रामा फेरि नमस्कार गर्दै भने– "ओहो ! मेरो सौभाग्य, कष्ट गरेर यत्रो अनुग्रह !"

कलिले स्निग्ध वाणीमा भन्यो– "तपाईंलाई त म बेला-बेलामा सम्झिरहन्थें। राणशासनलाई कमजोर पार्न नेपाली जनजागरणको लागि तपाईंले प्रचार गरेका छोटा कथाहरूमध्ये 'सेवा' शीर्षक कथाबाट तपाईंलाई मैले त्यही बेला मूर्ति र ग्रन्थहरूको गतानुगतिक प्रभावमा नपर्ने स्वतन्त्रचेता, निर्भीक व्यक्तिको रूपमा चिनिराखेको थिएँ। त्यसैले नै हो, एउटा उद्देश्य लिएर म तपाईंकहाँ आज आएको छु। त्यो के भने ब्राह्मणजी ! तपाईंले पनि थाहा पाएको कुरा हो। दशरथपुत्र राम र वसुदेवपुत्र कृष्णले आफ्नो जनद्रोही शक्तिको बलमा वाल्मीकि र वेदव्यास यी दुई स्तुतिजीवी भाटहरूको माध्यमबाट युग-युगान्तरसम्म मानव-मस्तिष्कलाई भ्रान्त तुल्याउने अन्धविश्वास र आदर्शवादी लंगडो संस्कृतिको विश्वभर प्रचार-प्रसार गरिदिएका छन्। यसलाई मूल-उन्मूलन नगरी अरबौं-अरबौं जनसाधारणको लागि अमनचैन छँदै छैन। विश्वव्यापी अनिष्टकारी काँढाको त्यो भावनात्मक घोर जंगल भावनात्मक नै प्रतिकारी डढेलोबेगर सखाप हुन सक्तैन। अतः विश्वैको हृदयपटलमा एक आकस्मिक, प्रबोधात्मक, प्रतिकारी भावना सृजन होओस् भनेर मैले राम र कृष्णलाई अन्तर्ब्रह्माण्डीय न्यायालयमा नालिस दिएँ ... ।"

ब्राह्मणजीले सुन्नेबित्तिकै आश्चर्य मानेर सोधे– "त्यस्ता अवतारी पुरुषहरूलाई नालिस ?"

कलिले कड्किएर भन्यो– "यही त अन्ध-व्यामोह ! कहाँको अवतारी हुने तिनीहरू ?"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनि ब्राह्मणजीले उत्सुकता एवं जिज्ञासापूर्ण स्वरमा भने– "अनि वहांहरूलाई अभियोगचाहिं कस्तो त ?"

कलिले भन्यो– "निरपराध बाली र शम्बूकको हत्या, निरपराध सीताको परित्यागको अभियोग रामलाई र दुनियाँभरका कामिनी-काञ्चनको एकाधिकार उपभोग, आफ्ना फुपूका छोरा, अधिकारहीन, नियोगजात पञ्चपाण्डवहरूलाई राज्य दिलाउनका लागि पृथ्वीभरका राजा-रजौटाहरूको निर्मम संहार, शुद्ध कौरव राजवंशको उच्छेद इत्यादि अनाचारको अभियोग पनि कृष्णलाई थप्नुपर्छ भनी अरूले भनेका थिए, त्यो कुरालाई मैले अपराध मानिनँ । किनभने कदाचित् स्वार्थको लागि निरपराधलाई पनि मार्नुपर्ने, त्याग्नुपर्ने स्थिति आउँछ, आफन्तउपर पक्षपात नगरे त झन् के गर्ने ? यसनिम्ति संसारैका मान्छे मर्छन् भने पनि के गर्ने ? कामिनी-काञ्चन भनेको कुराचाहिं कसलाई नचाहिएको कुरा हो र, वास्तवमा यो दोषै होइन । यस्ता अव्यावहारिक कुराजति छोडेर जुन कुराले मानवजगत्लाई नै मूढ, अन्ध, अशक्त तुल्याएको छ त्यो मात्र अभियोग मैले लगाएको छु– पहिलो– ईश्वर हुँ, भनेर अशक्त, अजागरूक व्यक्तिहरूमाथि प्रभाव पारेको, दोस्रो– अन्धविश्वास र दाससंस्कृतिको विश्वमा प्रचार-प्रसार गरे-गराएको । मुद्दा एक किसिम छिनिइसकेको छ, त्यस्तो अपराधको सजाय अन्धतामिस्र तोक्नुपर्ने हो, दास देवताहरूको पहुँच पुगेको न्यायालय, के हुन्छ ! यसरी मैले तिनीहरूमाथि प्रतिक्रिया त गरें । तर उद्देश्यचाहिं पूरा भएन । किनभने यस कुराको प्रचार अरू अमर्त्य-लोकहरूमा चाहिं भयो, प्रचारको माध्यम नभएकोले खास पृथ्वीमै हुन सकेन । यसैले रामायणमा पनि, महाभारतमा पनि यो सब कुरा समाविष्ट गरेर परिशिष्ट थप्न र पृथ्वीमा प्रचार गर्न तपाईंले मलाई सहयोग गर्नुपर्‍यो । यो काम गर्न तपाईंलाई केही बाधा छ ?"

ब्राह्मणजीले भने– "यहांजस्ताको अनुरोध, मलाई बाधा छ त कसरी भनिहालूँ ? तर यहांकै अनुग्रह, यहांकै प्रभावले आएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरेक विषयलाई बुद्धिवादी ढङ्गबाट केलाउने प्रवृत्तिअनुसार सोच्दा प्रकृत विषयमा हात हाल्नुअगाडि दुइटा प्रश्नको समाधान हुनुपर्छ जस्तो लाग्छ, पहिलो– के प्रतिक्रियावाद नै उचित हो ? दोस्रो– त्यस प्रतिक्रियाको प्रभाव के वर्तमान विश्वमा राम्रो पर्ला ?"

कलिले भन्यो– "लौ हुन्छ, पहिलो प्रश्नमै आफ्नो राय दिनु-होस् न त !"

ब्राह्मणजीले भने– "प्रचलित आदर्श र संस्कृतिमाथि प्रतिक्रिया नहोस् भन्ने आशयले म प्रतिक्रियावाद नै गलत हो भन्ने जिक्र गर्दछु। किनकि प्रतिक्रिया भनेको सीमारहित कुरा हो । हामी जब कुनै विषयमाथि एक प्रतिक्रिया गर्छौं, त्यसमाथि विपक्षले अर्को प्रतिक्रिया गर्छ । फेरि हामी प्रति-प्रतिक्रिया गर्छौं, फेरि अर्कोले अर्को प्रतिक्रिया गर्छ । अनन्त समयसम्म यस्तै क्रम चलिरहँदा व्यर्थमा बुद्धि, श्रम, समयको एकातिर दुरुपयोग हुन्छ, अर्कोतिर हितको बदला अहित हुन्छ। यदि हैरान भएर कालान्तरमा यसबाट बच्न कुनै बिन्दुमा पुगेर विश्राम लिनै छ भने यसलाई आज नै प्रारम्भ नगर्नु बेश होला जस्तो मलाई लाग्छ । वर्तमान युगका तपोधन महात्मा गान्धीको अमृतवचन छ– 'तलवारका अन्त तलवार से नहीं । कहीं न कहीं मर्यादा या विश्राम लिनैपर्छ अन्यथा यसको सीमा नै छैन ... ।"

कलिले बीचमा रोकेर भ्रुकुटी बंग्याउँदै ब्राह्मणजीलाई भन्यो- "तपाईं राजनीतिक तत्त्व, प्रतिक्रियादेखि यसरी डराउनुहुन्छ ? उसो भए राजनीतिक मार्ग छोडेर यतिमार्ग पक्रनुहोस् । व्यावहारिक दुनियाँमा त युद्ध-संघर्ष भइ नै रहन्छन् । ती सब प्रतिक्रिया नै हुन् । राजनीतिको आधार नै प्रतिक्रिया हो । विश्वैको धाराप्रवाही परि-वर्तनशील उत्तरोत्तर परिणति प्रतिक्रिया हो । यथास्थितिवादको विरुद्ध, विश्वका नयाँ-नयाँ विकास परिच्छेदहरू प्रतिक्रियाकै फलितहरू हुन् । त्यस प्रतिक्रिया-भावनाको अवलम्ब नहुँदो हो, कति वीर-हृदय आजसम्म टुक्रा-टुक्रा भइसक्थे ! प्रतिक्रिया-भावना नै आत्माभिमानी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरूका जीवनको साधन, आशा र भरोसा हो; वीर्य र पौरुषका उद्दीपन हो । कहिले-कहिले ठूला-ठूला वैरनिर्यातनहरू असफल हुन पुग्छन् । त्यो वेला यो प्रतिक्रिया-भावना आफूमा नहुँदोहो, ऐनामा आफैं मुख हेर्दा पनि लज्जित हुनुपर्थ्यो, अरूलाई मुख देखाउनु परे रहोस् । किनकि पराजित अवस्था ज्यादै दयनीय, शक्तिविकल, निःसार एवं लघुतापूर्ण हुन्छ । यो स्थितिमा वैरीमाथि प्रतिक्रिया नगरीकनै कसैको क्रोध त्यसै शान्त हुन्छ भने त्यसलाई कसले पुरुषको नाम दिन्छ ? त्यसको अस्तित्वलाई नै कसले स्वीकार गर्छ ? त्यसैले त्यस्तो मुर्दापनको, क्लीवताको शल्यचिकित्सा नै प्रतिक्रिया हो । विना-प्रतिक्रियाको जीवन वास्तवमा जीवन नै होइन, केवल जीवन्मृत नामर्द-हरूको कालप्रतीक्षा हो । ..."

बीचैमा रोकेर ब्राह्मणजीले भने--"भैगयो, यहाँको आशय यस्तो रहेछ । म पनि दर्शनकै छात्र हुँ । तर्क र वक्तृताको बलमा असत्लाई सत् र सत्लाई असत् पनि बनाउन सकिन्छ । जस्तो कि यहाँले उत्कृष्ट उपादेय तुल्याउनुभएको प्रतिक्रिया-भावना निकृष्ट र अनुपादेय पनि बन्न सक्छ । यथार्थलाई नछिपाईकन भनूँ भने प्रतिक्रिया-भावनामा के गरिमा र के उत्कर्ष छ ? जबकि अर्काको निन्दा, हेला, पराभव, तिरस्कार र पराजय, राग, द्वेष, ईर्ष्या, असूया नै जसका उत्पत्तिस्रोतहरू छन् । त्यस प्रतिक्रिया-भावनामा के विशालता छ ? जबकि त्यसको मार्ग न घाम, न जून, सदा अन्धकाराच्छन्न एवं साँघुरो छ । त्यस प्रतिक्रिया-भावना-मा के उपादेयता, के आकर्षकता छ ? जुन मार्गका पथिक नै भूत, प्रेत, बेताल झैं अदृष्ट भएर, हुच्चील, लाटोकोसेरो र चमेराका साथमा रात्रिचर्या गर्छन्, जो क्षेप नबदली, मकुण्डो नलगाई, आङ र छाती नखुंच्याई आफ्नो स्वरूपले निर्धक्क भएर हिंड्न, डुल्न सक्तैनन्, जसको निमित्त यो सुन्दर, शान्त, विशाल विश्व नै भय, त्रास र आशंकाको गढ हो ।

किञ्च– यहाँले प्रतिक्रिया-भावनालाई यच्च यावत् युद्ध र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संघर्षको कारण मान्नुभयो, म त्यसमा सहमत छैनँ । प्रत्याक्रमण र प्रतिक्रियामा ठूलो अन्तर छ, यो बुद्धिगम्य तथ्य हो । अतः प्रत्याक्रमण प्रतिक्रिया होइन । वैरीको आक्रमणपछिको प्रत्याक्रमण राजनीतिक विधान हो, वीरको विषय हो । त्यसको विपरीत प्रतिक्रिया भनेको त पुंस्त्वहीन, विक्रमहीन पराजितहरूको क्षुद्र, गोप्य सहारा हो, आश्वासन हो; पूर्व-पराजयको विज्ञापन हो, जो थोरै पनि वीरसम्मत, शिष्टसम्मत छैन ।

तथा च– प्रतिक्रिया-भावनाको अभाव अराजनीतिकता हो, यतिमार्ग हो भन्ने यहाँको जिक्र बिल्कुल उपपत्तिहीन छ । प्रतिक्रिया-भावना नै राजनीतिक भए विदुर जस्ता महात्मा र राजदार्शनिकले राजनीतिलाई उत्तम कोटिका व्यक्तिहरूको प्रिय विषय मान्दैनथे । यस पक्षमा म पूर्णतया सहमत छु । किनभने राजनीति भनेको नीतिमध्येको राजा हो । 'राज्ञां नीतिः' नभएर 'नीतीनां राजा' हो । विश्वको सामूहिक सर्वाङ्गीण सुप्रबन्ध, राष्ट्र र समाजको सर्वाङ्गीण सुरक्षा, व्यवस्थापन, उन्नति, समृद्धिको साधकभावना राजनीति हो । उदात्त, असंकीर्ण, उच्चस्तरीय भावना राजनीति हो । महान्भन्दा महान्, विशालभन्दा विशाल व्यक्तित्वको स्रष्टा, विश्व, राष्ट्रको विधायक र यच्च यावत् शासितहरूको निर्भय, शीतल छत्रच्छाया राजनीति हो । तथाकथित संकीर्ण, छिद्रान्वेषी, षड्यान्त्रिक प्रतिक्रिया-भावनाको अवरोधक, ध्वंसकारक सबल यन्त्र नै राजनीति हो । त्यसै भएर राजदार्शनिक कामन्दकले राजनीतिलाई नै धर्म र अर्थको प्रयोजक मानेका छन् । भीष्म र शुक्राचार्यले त झन् राजनीतिलाई त्रिवर्गको साधक मात्र नमानेर मोक्षकै पनि साधक मानेका छन् । त्यसैले उच्च शिष्ट राजदर्शनअनुसार राजनीतिकता र प्रतिक्रिया-भावनाको सामनाधिकरण्य संभवै छैन । अर्काको निन्दा, हेला, पराभव, तिरस्कार र पराजय, राग, द्वेष, ईर्ष्या आदि प्रतिक्रिया-भावनाका मूल स्रोतहरू वीर राजनीतिक हृदयको निमित्त सबका सब अपरिचित छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसैले राजनीति र प्रतिक्रियामाथिको यहाँको समानार्थक धारणासित म बिल्कुल सहमत छैनँ । अतः पहिलो प्रश्नको मीमांसामा मेरो उत्तर पक्ष हो - 'प्रतिक्रियावाद नै औचित्यपूर्ण छैन ।"

"बिल्कुल गलत" – कलिले भन्यो– "तपाईंले त ब्राह्मणजी ! राजनीतिलाई गणेशस्तोत्र बनाउनुभयो । गणेशको नाम लिएर सिद्धि, बुद्धि, धन, सन्तान, मोक्ष सबै पाइन्छ भनेजस्तो । त्यो त केवल अर्थ-वाद हो । तपाईंका राजदार्शनिक कामन्दक, शुक्र, विदुरले समसामयिक राजनीतिलाई बल दिन राजनीतिलाई त्यसरी परिभाषित गरेका हुन् । राजनीतिबाट मोक्ष हुने भए स्वयं उनीहरू पनि हुन्थे । वास्तव प्रति-क्रियाको परिष्कृत प्रयोग नै राजनीति हो, वीर उत्साही व्यक्तित्वको उर्वर मस्तिष्कको उपज प्रतिक्रिया-भावना नै राजनीति हो । कर्मठ, वीर्यसम्पन्न, तीक्ष्ण मेधावान् व्यक्तिहरूको कार्यक्षेत्र एवं प्रिय वाद-प्रतिक्रियावाद नै राजनीति हो । आत्माभिमानीहरूको कुण्ठाहीन, प्रसृत्वर, प्रतिभाशक्तिको क्रीडाभूमि प्रतिक्रिया-भावना नै राजनीति हो । प्रतिकारी प्रतिस्पर्धाको ऊष्ण निःश्वास नै राजनीति हो । विपक्षको सूक्ष्मातिसूक्ष्म रन्ध्रानुसन्धान गर्ने प्रतिकारी दिव्य चक्षु, प्रेरणा र निर्मम प्रहार नै राजनीति हो । कुण्ठित मस्तिष्कको, आहत हृदयको, नैराश्यको, विषादको, भय-संकोचको शीतल आश्रय एवं प्रियवाद यथास्थितिवादको घनघटालाई छिन्नविच्छिन्न पार्ने क्रान्तिकारी आँधी नै राजनीति हो । यथास्थितिवाद विक्रमहीन, पुंस्त्वहीन व्यक्ति-हरूको लागि मानसिक शान्तिको, मुर्दा शान्तिको प्रलोभन दिन्छ । त्यस्तो शान्ति त के, शत्रुको विरुद्ध विजयश्रीको प्राप्तिको अभियान-मा मोक्षकै पनि प्रलोभन बाटामा तेसिन आउँछ भने त्यो मोक्ष पनि वीर आत्माभिमानी व्यक्तित्वको निमित्त विघ्नरूप हो– 'निर्वाणमपि मन्येऽहमन्तरायं जयश्रियः' – भारवि ।"

"बिल्कुल गलत" – ब्राह्मणजीले भने– "सुन्नुहोस्, प्रतिक्रिया भनेको त ... ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्राह्मणजीलाई बीचमा रोकेर कलिले भन्यो– "वादविवाद लम्ब्याएर काम छैन । पहिलो प्रश्नमा तपाईंको आशय बुझियो । अब दोस्रो प्रश्नमा जाऊँ न !"

ब्राह्मणजीले भने–"ठीक छ । अब दोस्रो प्रश्न हो– 'त्यस प्रतिक्रियाको प्रभाव के वर्तमान विश्वमा राम्रो पर्ला ?' मेरो विचारमा विश्व, राष्ट्र र समाजलाई संचालन गर्ने शक्ति आदर्श हो । आदर्शको क्रियात्मक रूप लोकमर्यादाहरूको संस्थापन हो । परस्त्री, परसम्पत्तिको बलात् अपहरण, निरपराध अशक्तहरूमाथिको हिंसा-प्रतिहिंसा र त्यस्तै अरू पनि यच्च यावत् लोकस्थितिभञ्जक, उन्मार्गगामी प्रवृत्तिहरूमाथि अवरोध ल्याएर लोकमर्यादाहरू स्थापित गरेको हुनाले नै अतिमानव, महामानव विभूतिहरूका युग-युगका क्रिया-कलापहरूलाई विश्वले लोकोत्तर र स्तुत्य मानिआएको हो । हाम्रो वर्तमान मानवजगत्को आजसम्मको धारणानुसार राम, कृष्ण, बुद्ध, ईसामसीह, मुहम्मद यी सबले आफ-आफ्नो प्रक्रिया र भङ्गीअनुसार त्यही लोकमर्यादा-संस्थापनकार्य गरेका हुन् । त्यतैबाट एक किसिमको आदर्श विश्वमा स्थापित भइसक्यो । त्यही आदर्शलाई आधार मानेर करोडौं-करोडौं मनुष्यहरूको लोकयात्रा चलि नै रहेको छ । यो स्थितिमा तपाईंको प्रतिक्रियावादलाई प्रश्रय दिएर रामको विरुद्ध राक्षसवादलाई, कृष्णको विरुद्ध जरासन्ध-शिशुपालहरूको दुष्ट क्षत्रियवादलाई, ईसामसीहको विरुद्ध क्रूर शासक हेरोडेस र रूढीवादी धर्माध्यक्षहरूलाई, मुहम्मदको विरुद्ध कुरैषीहरू र परम्परावादी यहुदीहरूलाई महत्त्व दिएर उठाइदिने हो भने ती बनिरहेका र जनजनमा भिजेका लोकमर्यादाका आदर्शहरूमाथि खड्गप्रहार हुन्छ । अनि स्थितिको शृंखला टुट्ता जुन विश्वव्यापी आतंक र विप्लव हुनसक्छ, त्यसलाई प्रतिरोध गर्ने उपाय के छ ? कि त यी आदर्श नै गलत हुन् भनेर परस्त्री र परसम्पत्तिहरण, हिंसा-प्रतिहिंसा आदि अनाचारहरूलाई नै आदर्श मान्न सक्नुपर्छ । राम, कृष्णहरूलाई प्रतिक्रिया गरिसकेपछि पनि आखिर लोकस्थिति त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाँध्न परयो ! त्यसकारण म जहाँतक बुद्धिवादी ढङ्गसित सोच्तछु- तथाकथित प्रतिक्रियावादले के विश्व, के राष्ट्र कर्ते पनि राम्रो परिमाण ल्याउँदैन ।... ..."

बीचैमा रोकेर असन्तुष्ट मुखमुद्रामा कलिले भन्यो- "तपाईं ब्राह्मणजी ! आफूलाई एकातिर कत्रो न बुद्धिवादी ढङ्गसित सोच्ने हुँ भन्नुहुन्छ, अर्कोतिर राम, कृष्ण, बुद्ध जस्ताका थाङ्ने कुरालाई आँखा चिम्लेर समर्थन पनि गर्नुहुन्छ । कहाँनेर छ तपाईंको बुद्धिवाद ? सत्य, त्रेता, द्वापर जुग भनेको त जंगली जुग हुन् ती सब ! एउटा चंख, फटाहा निस्कियो भने विश्वैको राज्य गर्न सकिने जुग हुन् ती ! लंकामा सीताको अग्निपरीक्षा गर्ने रामले पछि धोबीको अगाडि किन अग्निपरीक्षा नगराएको ? सारा सधवा गोपिनीहरूसँग रासक्रीडा गर्दा कृष्णको आध्यात्मिक लीला भनेर भजन गर्ने चलन चल्यो । त्यस्ता फटाहा कुरा एउटाले गर्दैमा विश्वैले पत्याइहाल्ने जुग थिए ती ! आज त्यो संभव छ ? जहाँसम्म घाम र हावा पुग्छ त्यहाँसम्मका जनतामा यथाशक्य जागरण हालिदिएको छु मैले ! त्यसकै परिणाम, आज शिष्यले विनासंकोच गुरुलाई नसीहत दिन्छ । पत्नीले पतिलाई धंकाउँछे । छोरो बाबुआमाको विरुद्ध षड्यन्त्र गर्छ । कुलीन कन्याहरू विनाआवरण, विनाशर्म परपुरुषसँग रासविलास गर्छन् । मद्यपान, र एकादशीकै दिन किन नहोस् मांसभोजन, त्यो पनि बंगुरको-गर्दा स्वयं द्विजवर्ग आज आफूलाई प्रगतिशील सम्झन्छ । तीर्थ र मन्दिरहरू स्वास्थ्यको लागि भ्रमण र प्राचीन ऐतिहासिक दृश्यावलोकनका लागि मात्र आज आफ्नो महत्त्व राख्न बाध्य छन् । श्राद्ध, बलि, वैश्वदेव- जस्ता अन्धपरम्पराका कामको लागि आज कसैले आफ्नो अमूल्य समय खर्च दैन । आज जनतामा यसरी पुराना राजनीतिक, सामाजिक, धार्मिक मान्यताहरूलाई ध्वंस पार्न सक्ने छुटपुट जागरण र क्षमता त आइसकेको छ, केवल व्यापक रूपमा आइसकेको छैन । यो वेलासम्म त मन्दिर, मस्जिद, गुम्बा, चर्च भने जति त भूमिसात्, भस्मसात्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धूलोसात् भइ नै सक्नुपर्थ्यो । कति विकास र प्रगति गर्नुपर्ने वेलामा विश्वैको मस्तिष्क अझै जाम भइरहेको छ त्यस्तै थाङ्ना आदर्श र संस्कृतिका भ्रान्त धारणाहरूले ! ... ..."

ब्राह्मणजीले फेरि बीचैमा काटेर भने– "होइन, कलिजी ! लोकको मर्यादा, लोकको स्थिति कसरी बच्तछ, प्रचलित आदर्श-उपर नै यसरी अश्रद्धा ल्याइदिएपछि ? सर्वत्र विप्लव, सर्वत्र आतङ्क । यसको नियन्त्रण ... ।"

बीचैमा रोकेर, कलिले कड्किएर भन्यो– "त्यो विप्लव, त्यो आतङ्क भइरहोस् न ! के हुन्छ त ? किन नियन्त्रण गर्ने ? सर्वत्र हाहाकार, सर्वत्र आतङ्क, सर्वत्र विप्लव, सर्वत्र रक्तपात ! यसैको आवश्यकता छ यहाँ । पृथ्वीभर सर्वत्र रक्तपात, सर्वत्र अराजकता– यही हो मेरो लक्ष्य ! यसको कति दूरगामी महत्त्व छ, तपाईं के बुझ्नुहुन्छ ? तीन-तीन ओटा जङ्गली जुगाका साँचिएका अन्याय, अत्याचार, शोषण, उत्पीडन सबमाथि सफल प्रतिक्रिया गर्ने मेरो वास्तविक इरादा हो । बलिहारी छ तपाईंका लोकमर्यादाका ती मृतक भावनाहरूलाई, जसले अरबौं जनतालाई अर्धजीवित, कङ्काल महा-कङ्काल तुल्याएर नारकीय यातना दिइराखेका छन् र दिइ नै रहनेछन् ।"

ब्राह्मणजीले भने– "यो एकपक्षीय दृष्टिकोण हो । त्यस्तै अरू पनि दृष्टिकोण ... ... ।"

बीचैमा रोकेर, अरू रातो मुख लगाउँदै कलिले भन्यो– "छोडिदिनुहोस्, त्यस्ता दृष्टिकोण-सृष्टिकोण केही होइन । यो सब तपाईंहरूको कमजोरी हो, क्लीबता हो ... .. ।"

यति भनिसकेपछि बाहिरतिर हेरेर कलिले भन्यो– "आज समय रहेन, म जान्छु । छलफल टुङ्गिएको छैन । म फेरि आउँछु ।"

यति भनेर कलि उठ्यो । ब्राह्मणजी सम्मानार्थ के उठ्न मात्र लागेका थिए, ऊ अल्पि पनि हाल्यो ।

यत्तिकैमा अज्ञात सुदूरप्रदेशबाट एउटा शब्द आयो- "ब्राह्मणजी !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म सत्य हुँ। सत्यलोकबाट म बोलिरहेको छु। भगवान् नारायण जालन्धरको रूप लिएर जालन्धरकी सह-धर्मिणी वृन्दाकहाँ सतीत्व नष्ट गर्न गए रे ! यो कस्तो असत्य, वीभत्स, विपाक्त प्रचार हो ? आर्ष संस्कृति र त्यसका अवष्टम्भहरूमाथि अश्रद्धा र अविश्वास ल्याइदिएर अब के यो विश्वलाई अनुशासनहीन, मर्यादाहीन, रागद्वेष-युद्धसङ्घर्ष-मय, अशान्त, रक्तरञ्जित तुल्याएर श्मशान बनाइछोड्ने ? विश्वशान्ति र विश्वबन्धुताको प्रथम-उद्घोषिका तथा अनन्यसाधिका आर्ष संस्कृति-माथि यो कत्रो वज्रप्रहार हो ? यसको क्षततक्ष प्रतिवाद गर्नुपरेन ?"

ब्राह्मणजीले भने– "आशीर्वाद पाऊँ, गर्छु अवश्य !"

यो सुनेपछि निद्रादेवी बिदा भइन्। ब्राह्मणजी पनि स्वप्नगृहको ढोका उघारेर बाहिर निस्किए। त्रिशूलीको मन्द, शीतल हावा बहिरहेको थियो। विभिन्न पक्षीहरू आफ्नो मधुर स्वरले सत्-जागरण-को लागि स्वर्णमयी उषालाई बोलाइरहेका थिए।

०३५ साल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९ / विवशता

श्रीपञ्चमीको अघिल्लो दिन, दिउँसो दुई बजेको समय थियो। आकाशको धेरै भाग कालो बादलले ढाकेको थियो। घाम एक्कै छिन झुल्केजस्तो हुन्थ्यो र फेरि उहीखेरै बिलाइहाल्थ्यो। घाम झुल्किहाले पनि कत्ति आँच थिएन। हिमालको चीसो बतासले मुटुमा कम्प ल्याइ-रहेको थियो। तल सडकमा कोही कस्मिराको सुटमाथि बाक्लो कस्मि-राको ओभरकोट, गलबन्दी लगाएर हिंडेका थिए। कोही तीनतगुवा मयलपोस-सुरुवाल, मोजा, पंजा, गलबन्दी लगाएर, कोही दोलाई ओढेर, मोजा, पंजा, जुत्ता लगाएर हिंडेका थिए। टयाक्सी, प्राइभेट कार, सरकारी मोटर सबै आप-आफ्नो गन्तव्यस्थानतिर दौडिरहेका थिए, तर ती सबैका झ्याल बन्द थिए। त्यसै बेला एक जना पुलिस-हवलदार सिभिल ड्रेसमा र हातमा छोटा-छोटा डन्डी लिएका दुई जना पुलिस युनिफर्ममा अचानक देवलमाथि आए। हवलदारले देवलमा बस्ने सबै जनाको एक-एक गरेर मुख नियाल्यो र बगलीबाट एउटा फोटो झिकेर आफूले मात्र देख्ने गरी हेर्‍यो। फेरि सबैको मुख एक-एक गरी नियाल्यो र फेरि दोहर्‍याएर फोटो हेर्‍यो र फर्कियो। उसको पछिपछि ती दुइटा पुलिस पनि लागे।

यो देवल काठमाडौं गणेशस्थानभन्दा उत्तरपट्टिको गद्दी बैठक-अगाडिको देवल हो। त्यहाँ काला-काला दाउराका ठुटाजस्ता, कञ्चट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बसेका, आँखा धसिएका चार-पाँच जना माग्नेहरू थिए– चार जना केटा-केटी र एउटा बूढो । तिनीहरू प्रत्येकको आङमा प्वाल परेका, फाटेका एक-एक ओटा बोराका टुक्रा मात्र थिए । कसैको लँगौटी, कसैको कट्टू, फाटेको सर्वे अरू जीउ थियो नाङ्गो, कहिल्यै पानी नपरेको, शतपत्र मयलै-मयल जमेको, बढेका नङले कन्याउँदा-कन्याउँदा जतातत सेतासेता धर्सा परेको । तिनमध्ये बूढो माग्नेचाहिं फुटेको मकलमा सडकतिर फालिएका काठका टुक्रा र कागतहरू बाहेर निभेको भुतभुते आगो तापिरहेको थियो, अरू माग्ने केटाहरू पनि त्यही मकलनेर झुम्मिरहेका थिए । तिनीहरूको नजीकै एउटा करीब एक हातको, फाटेको मैलो कपडामा भात, चिउरा, पकाएको तर्कारी साग, काउली, आलु, केराउ, मूला सबै एकै ठाउँमा मिसिएको, मुछिएकोलाई फिजाएर सुकाइएको थियो र त्यसमा त्यो सबै छोपिने गरी का ला काला झींगा भन - भन भन्किरहेका थिए । त्यो मिस्कट खाना परपरसंग पनि ह्वास्स गह्लाइरहेको थियो । त्यहीं एकातिर कुनामा विभिन्न देशका गोरा पर्यटकहरू उनीहरूलाई पथप्रदर्शन गर्ने, टुटेफुटेको अंग्रेजी बोल्ने एउटा नेपाली केटोसँग कुरा गरिरहेका थिए । पर्यटकहरूले आफ्नो भाषामा त्यस पथप्रदर्शक केटोलाई सोधे– "अघि यहाँ कसको फोटो लिएर पुलिसहरू आएका ?"

त्यो पथप्रदर्शक केटोले जवाफ दियो– "थुनामा परेको, अथवा पक्रनुपर्ने कुनै अपराधी भागेको हुँदो हो । त्यो माग्नेहरूसँग मिसिएर लुक्न आएको छ कि ? भनेर चिन्नलाई फोटो लिएर आएका होलान् पुलिसहरू त्यसलाई खोज्न, पक्रन !"

"ठीक, ठीक !" पर्यटकहरूले भने– "अनि यी माग्नेहरूले यो के सुकाएको ?"

पथप्रदर्शक केटोले भन्यो– "यी माग्नेहरू कसैले भोज लगाएको ठाउँमा नबोलाए पनि गएर खानको लागि कुरिरहन्छन् । भोजमा अरूले खाइसकेपछि खाने चीज उत्रियोभने यी माग्नेहरूलाई पनि दिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यिनीहरू पाएको चीज खान सकेजति त्यहीं खान्छन् र आउँदाखेरि आफूले खाइनसकेको बाँकी र अरूले खाएर फालेको चीज पनि सबै उठाएर, सोहोरेर, एकै ठाउँ मिसाएर कपडामा पोको पारेर ल्याउँछन् र यसै गरी सुकाएर आफू-आफूमा जो पुगेको बाँडीचुँडी गरेर खाइरहन्छन् । यो त्यही सयौं जनाले खाएर फालेको जुठो हो ।"

पर्यटकहरूले आफू-आफूमा आफ्नो भाषामा भने– "यस्तो जाडो छ, त्यस्तो नाङ्गो जीउ छ, खाना त्यस्तो छ, त्यो पनि झिर्गझिर्गाले यसरी छोपिएको छ ! यी कसरी बाँचेका होलान्, कस्तो आश्चर्य !"

यत्तिकैमा किस्ने नाउँको मान्ने आएर भन्यो– "यस्तो जाडोमा पछि लाग्दा-लाग्दा कालीमाटीको पुल भनेको यहाँ हो ? वहाँ पुगें । त्यो खर्पनको काउली, चम्सुर-पालुङ्गो त हेटौंडा लान पो किनेको रहेछ ! सित्तै दुःख मात्र पाएँ, भोजको निंति होइन रहेछ ! वरु यो सुक्यो होला नि, खाओ यसैलाई !"

"यसले आएर के भन्यो ?" – पर्यटकहरूले किस्ने मान्नेलाई देखाउँदै भने ।

पथप्रदर्शक केटोले भन्यो– "यिनीहरू बजारमा चियो गरिरहन्छन् । कसैले भारीका भारी तर्कारी किनेर लग्यो भने कहीं न कहीं भोज रहेछ भन्ने कुरा अन्दाज गरेर त्यो भोज लगाउने ठाउँ पत्ता लगाउन यिनीहरूमध्ये एक जना त्यो तर्कारी भारी बोक्नेको पछि लाग्छ र ठाउँ पत्ता लगाएपछि आफ्नो जमातमा आएर सुराक दिन्छ– 'यो ठाउँमा भोज हुने रहेछ !' भनेर अनि त्यस भोजमा गएर यी सबै धर्ना बस्छन् । यो मान्ने त्यही सुराक लगाउन गएको थियो । फर्केर आएर अहिले त्यसै विषयको रिपोर्ट गर्दै छ – त्यो तर्कारी भारी भोजको लागि होइन रहेछ भनेर ।"

पर्यटकहरूले भने– "ठीक ठीक !"

त्यसपछि घुमेर आउने किस्ने मान्नेले फेरि दोहोऱ्याएर भन्यो– "खाऊँ न भनेको, कस्तो भइसकियो भोकले !"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कान्छो माग्नेले भन्यो– "किस्नेले भनेको ठीक हो, खाऊँ। बरु बाम्रा सेनामेनाहरूलाई पनि बोलाएर अलिअलि दिऊँ हैं, आफूलाई घटाएर पनि। तिनैको न्यानोमा भरे सुस्नुपर्छ !"

किस्ने माग्नेले भन्यो– "यति छ जम्मा, भर्ने हो भने दुई माना छैन। खाने पाँच जना छौं। कति कुकुरलाई, कति हामीलाई ?"

कान्छो माग्नेले भन्यो– "नत्र जाडोले रात काट्न सकिन्छ ? कस्तो रहेछ !"

माग्ने किस्नेले भन्यो– "भाग लगाएपछि तेरो भागबाट दे न त ! त्यसै जान्ने हुन्छ गधा !"

माग्ने कान्छोले क्रुद्ध स्वरमा भन्यो– "तँ नै गधा, मुख छोड्छस् ! लात्ताले दिन्छु मुर्दालाई अनि !"

"लौ नाप् त हेरूँ !" – माग्ने किस्नेले झन् चर्किएर भन्यो।

तिनीहरूले झगडा गर्न लागेको देखेर त्यो बूढो माग्नेले दुइटैलाई हप्काउँदै भन्यो– "खानु छ यस्तो, लाउनु छ यस्तो, बस्नु छ यसरी ! यस्तो गतिमा पनि फेरि आफू-आफूमै बाझ्ने ? धिक्कार तिमीहरूको बुद्धि त !"

ती दुइटा माग्ने केटाहरूको हात चलाइ, उच्च कर्कश स्वर र क्रुद्ध मुखमुद्रा देखेर ती पर्यटकहरूले त्यो पथप्रदर्शक केटोलाई सोधे– "यिनीहरूले झगडा गरेको हो ? किन ?"

पथप्रदर्शक केटोले बुझाइदियो– "यो सुकाएको खाना कुकुरलाई पनि बाँडेर खाऔं, त्यसो भए राती जाडोबाट बच्न सकिन्छ' भनेर एउटा भन्छ। अर्को भन्छ– 'खाना थोरै छ, हामी मात्र खाऔं।' त्यसैमा दुइटाको कुरा नमिलेको !"

पर्यटकले आश्चर्यमुद्रामा सोध्यो– "कुकुरलाई खान दिंदा कसरी जाडोबाट बचिन्छ ? यो के भनेको ?"

पथप्रदर्शक केटोले नजीकै गुँडुलिकरहेको एउटा लुते कुकुरतिर अङ्गुलीनिर्देश गर्दै भन्यो– "यस्तो जाडो छ, यिनीहरूसँग ओढ्ने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ओछ्याउने कुनै लुगा पनि छैन । त्यसैले अलि-अलि खान दिएर यस्ता गल्लीका लुते कुकुरहरूलाई यिनीहरूले बोलाउनेबित्तिकै आउने र आफूसँग झ्याम्मिइरहने पारिराखेको हुन्छ । अनि राती यी कुकुरहरूको पनि कतै आश्रय छैन, त्यसैले यिनीहरूलाई बोलाएर आफूसँग लिएर सुतेपछि कुकुरको न्यानो आफूलाई, आफ्नो न्यानो कुकुरलाई हुन्छ र निद्रा लाग्छ भनेको । गर्न पनि यिनीहरू त्यसै गर्छन् !"

पर्यटकहरूले आश्चर्यमुद्रामा हाँस्ते, नाक कोटचाउँदै भने– "यस्ता लुते कुकुरहरूसँग टाँसिएरै सुत्ने ?"

'लुते भनेर के गर्ने ! यो त सब विवशता पनि हो र यिनीहरू पनि पो कस्ता छन् र नि !" – पथप्रदर्शक केटोले हाँस्ते भन्यो ।

अनि ती पर्यटक "ठीक ! ठीक !" भन्दै हाँस्ते उठे । त्यो पथप्रदर्शक केटो पनि उठ्यो । पर्यटकहरूले आफ-आफ्नो केमरा झिकेर बूढोसहित ती माग्ने पाँच जनाको र सुकाइराखेको मिश्रित त्यो वासी खानाको समेत फोटो लिन थाले । त्यो पथप्रदर्शक केटोले चाहिं त्यो बूढो माग्ने भएनेरको मकलनजीकैबाट अखबारको एउटा टुक्रा कागत टिपेर ठूलो स्वरले त्यसमा लेखिएको अक्षर बाँच्यो– "सात अरब ४० करोडको बजेट पारित .. !"

त्यो बाँचिसक्नेबित्तिकै त्यसले फेरि बूढो माग्नेतिर फर्केर भन्यो– "यो त पढ्नुपर्ने पुरानो अखबारको टुक्रा रहेछ, खालि हेडिङ मात्र पो फेला पऱ्यो । यस्तो अखबार पोलेर खराब गरिछस् बूढा ! चित्त दुखे गरी !"

बूढो माग्नेले हाँस्ते भन्यो– "के चित्तदुखाइ छ र हजूर, हामीलाई त ! हिजो एउटाले के माल हो कुन्नि झिकेर अर्को झोलामा हाल्यो र यो एक पाता सडकाँ फ्यात्त फाल्यो । मैले जे-जे पाइन्छ जाडोमा बाल्न हुने कुरा खोज्दै हिंड्दा यो पनि टिपेर ल्याँ' थें । राती बालें, आगो निभ्दा यो पनि यति बाँकी भएछ बलेर !"

अनि माग्नेहरूको फोटो लिइसकेपछि ती पर्यटकहरू हाँस्दै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवलको सिंढी ओर्लेर जुद्धसडकतिर लागे । त्यो पथप्रदर्शक केटो पनि तिनीहरूकै पछि-पछि लाग्यो ।

× × ×

रात पऱ्यो । अन्धकार झन्-झन् बाक्लिंदै गयो । आकाशका घेरैजस्तो भागलाई बादलले ढाक्यो । ताराहरू पनि फाटफुट मात्र देखिए । मुटु छेड्ने गरी चीसो बतास चल्यो । यसै भएर होला छिटछिटै बजार पनि बन्द भयो । शहरका साहू, महाजन, खानदान, धनीमानी, जागीरदार, जग्गावालहरू सबै आफ-आफ्नो घरमा झ्याल-ढोका बन्द गरेर, गरम मीठो मसिनो खाएर, हिटर खोलेर सिरक-डसनामा गुटमुटिएर रेडियोको गीत सुन्न थाले । बिचरा यी देवलका नाङ्गा-भोका माग्नेहरू पनि रात चकमन्न हुँदै गएपछि आफ्ना साथी ती गल्लीका लुते कुकुरहरूलाई बोलाएर, सँगै लिएर, टाँसिएर देवलको नाङ्गो चीसो भूईंमा पल्टिए । मसक्क निदाए पनि ।

पछि आधारात नहुँदै ब्यूँझेर माग्ने कान्छोले भन्यो– "ए बूढा ! बेइमान कुकुरहरू त कता गएछन् कता ! आफ्नो भाग काटेर खान दिएको झन् भुस्याहाहरूलाई ! केको निद्रा लाग्यो ! कसरी रात काट्ने अब ?"

बूढोले भन्यो– "तिमीहरू त एक्कै छिन भए पनि, पहिलो झमट निदाइहाल्यौ । म त बूढो मान्छे, छिटो निद्रा लागेन । कसले हो कुन्नि, एउटा गाई लखेट्तै ल्यायो । बाटाका, वरपरका कुकुरहरू भुक्न थाले । त्यो सुनेर हाम्रा कुकुरहरू पनि भुक्तै एक्कैचोटि तल ओर्लिए, के लाग्यो ! म त एकपटक पनि निदाएकै छैनँ । हिजो त त्यो हलुवाइ-पसलमा रातीसम्म पकाइराखेका थिए र त्यो मकलमा आगो थापेर ल्याइयो, यता-उता कागत, काठका टुक्रा पनि भेटेर बालियो । एक्कै चोटि भने पनि जीउ रन्न तातन पाएको थियो र पो आँखा लागेको थियो, आज त केही पनि भएन ।"

यति भन्दा, तिनीहरूको आवाजले अरू माग्नेहरू पनि ब्यूँझिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिनमध्ये एउटाले भन्यो– "मलाई त सपनामा रा···तो लुगा लगाएकी एउटी आइमाईले के के भन्न लागेकी थिई, बेकार कराएर तिमीहरूले व्यूँझाइदियौ ।"

त्यो सुनेपछि माग्ने किस्नेले भन्यो– "त्यो सपना त राम्रो हो । के के भेट्छस् है तैंले !"

बूढोले भन्यो– "त्यत्तिकै हो, केही पनि भेटिदैन, त्यस्ता सपनाले । आस गर्नु मात्र हो । यस्तो राम्रो सपना देखेपछि खूब भयो भने एक-दुई दिनको बरपरमा कहीं भोजमा पुगेर टपरी, लपेस के छ, उसै गरी टक्टक्याउन पाइन्छ । त्यत्ति हो, अरू केही हुँदैन । अहिले छत्तीस साल हो क्यारे । अघि चौरान्नब्बे साल हो भन्थे । यस्तै जाडो महिना थियो । मैले पनि एकपटक हात्ती नै चढेको सपना देखें । सबैले, लौ यसले के भेट्टाउँछ भने । मैले पनि निकै आस गरें अरूले त्यसो भन्दा । आखिरमा त एउटा महाजनले पस्पतिमा गरीबगुरुवालाई टिकट बाँडेर खुवाउने रहेछ र मैले पनि टिकट पाएँ । के के न होला भन्दा, त्यत्तिबाटै त्यो सपना टन्यो । खान भने, मीठो पनि, पेटभरि पनि, खूब खाइयो । चिउरा, काउलीको तर्कारी, त्यो पनि भुटुनै भुटुन भएको, अर्को पनि तर्कारी, अचार, रोटी, बडे-बडे लड्डू, हलुवा, स्वारी, दही, त्यो पनि खाउञ्जेल नै, रोटी बढ्ता भएर बोकेर पनि ल्याइयो ।"

सानो चाहिं माग्नेले थूक निल्दै भन्यो– "त्यस्ता धर्माती आजकल छैनन्, हो कि ?"

बूढोले हाँस्तै भन्यो– "धर्माती किन छैनन् आजकल पनि ? देख्तैनौ ठाउँ-ठाउँ सप्ता' ला' का ? स्वास्नी, छोरी, बुहारी सबैलाई सुनै-सुनले छापेर, राम्रा-राम्रा लुगा लगाएर सप्ता' सुनेका, भोज ला' का ? कोही देशतिर गएर तीर्थ गरेर आ' भन्छन् । छिमेकी, इष्टमित्र सारा बोलाएर तीर्थभोज गर्छन् । कोही लच्छे होम गर्ने भन्छन् । तिनले पनि आफूलाई धर्माती नै ह्वौं भनेका छन् नि !"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सानो चाहि माग्नेले भन्यो– "भनिरहुन्, हामीजस्ताको उद्धार गर्ने कोही छैन । साँच्चि कति भए, के भए हाम्रो उद्धार हुँदो हो बूढा ?"

बूढो माग्नेले भन्यो– "उद्धारै हुन त कति चाहिन्थ्यो कति । कर्ममा नभएको कुरा गरेर के काम ? तर कामै पाए हाम्रो केही बाटो लाग्ने हो, त्यही पाउन पनि कति कुरा मिल्नुपर्छ भने– घसी-घसी साता दश दिन नुहाउन पुग्ने दुई-तीन ओटा नुहाउने साबन, नुहाउने एक धर्सो कपडा, अनि नुहाइसकेपछि फेरेर हिंड्नलाई झुवै भए पनि सुकिलो एक जोर कमीज-सुरुवाल, अथवा कमीज र कट्टु । यति र दश-आठ दिनलाई दिनको एकै छाक मात्रै भए पनि, खोले नै भए पनि पेटमा हाल्ने सर्जाम । अथवा नुहाउने साबन नपाए पनि माटैले माडेर पनि मयल निखारिन्थ्यो, लुगा धुने साबन र ती अरू थोक त मिल्नै-पर्‍यो । यति भए, दश-आठ दिन घुमेर, धेरैतिर चा'रेर मानिसहरूसँग काम माग्न पनि सुहाउँथ्यो । तर एकैचोटि यति जुटाऊँ भन्दा जिन्दगी-भर नै जुटेन । अघि, भइसक्यो होला पन्ध्र-बीस वर्ष, एक जना धर्माती-ले मलाई जडौरी कमीजसुरुवाल दिएको थियो । के गर्नु ! त्यो बेला पनि त्यस्तै ! साबन पनि पाइनँ । मान्दै हिंड्दा, यसरी नै भूईंमा सुत्ता त्यो पनि झन् मैलियो, गलिसकेको जडौरी, त्यो पनि फाट्यो । गयो एकैचोटि पनि धुन नपाएको नपायै ! के लाग्यो । त्यसरी सांगा नमिले, लौ विचार गर – मयलै-मयलको यो गनाउने नाङ्गो जीउ, जुम्रै-जुम्रा, लिखै-लिखाको यो फुन्नो कपालको जगल्टा, देख्तै सबै घिनाउँछन्, कसले नजीक पर्न दिन्छ र काम माग्न जाने ? यत्तिकैमा काम माग्न जाँदा घिनाएर पहिले कसैले कुरै सुन्दैन, सुनिहाले पनि चोरेर भाग्छ भनेर कसैले काम पत्याउँदैन । त्यति किन, तिमीहरूलाई थाहा छ ? हामीले त बाटामा सुनचाँदी पाएर बेच्न लगे पनि चोरेर ल्याएको भनेर कसैले पनि किनिदिँदैन बाबै हो !"

कान्छो माग्नेले भन्यो– "यो देशी कुइरेहरू पनि खालि हाम्रा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्वीरै मात्र खिचेर लान्छन् । खाग्रो, लाग्रो चाहिं कोही पनि भन्दा रहेछन् हो कि ?"

अर्कोले भन्यो– "आफ्ना देशकाले त दिएनन्, अन्तका आएर किन दिन्थे झन् ?"

बूढो मान्नेले भन्यो– "हामीलाई नै भनेर अन्तकाले दिइराख्या' भएर त नि यहाँ यत्रा घर बनेका छन् नि ! अरूले नदिएका छैनन् । तिमीहरूले कुरा बुझेका छैनौ । हाम्रो त आफ्नै देशकासँग मेलमिल्ती हुन सकेन । किनभने हामीसँग न संपत्ति, न केही ! यस्तो गतिका हामीबाट देशको बेइज्जत भइरहेको छ भन्ने पो यहाँ परेको छ त ! हुन पनि हो, हामीबाट यो देशको इज्जत रहेको पनि छैन, हामीले आफ्नो देश र आफ्ना देशका दाजुभाइ भन्नु पनि बेकार छ । भोलि श्रीपञ्चमीको दिन, बिहान वसन्त सुन्ने भनेर कस्ता-कस्ता आउँछन् मोटरका ताँती लिएर । घरबार, जग्गाजिमीन, जागीर, व्यापार भएका पर्धान मन्त्री, मन्त्री, जागीरदार, व्यापारी, साहू-महाजन, ठूला-बडा ! त्यस्ता-त्यस्ताले पो आफ्नो देश भनेको पनि सुहाउँछ । हामीजस्ताले भनेको कतै सुहाउँछ ?"

"भैगो नसुहाए नभनिरहौंला । वरु त्यो पर्धान मन्तरी भन्नेले के काम गर्नुपर्छ, अनि त्यसले कति जागीर पाउँछ नि ?" – मान्ने कान्छोले सोध्यो ।

अर्कोले भन्यो– "मैले ठान्दा पर्धान मन्तरी भन्नेले राजासँग पैसा लिएर पुलिस, सिपाही, अड्डाका मानिसहरू सबैलाई जागीर बाँड्नुपर्छ क्यारे महीना-महीनामा । त्यत्रो काम पाएपछि आफू पनि खाँदो हो के महीनाको हज्जार रुपियाँ घटीमा पनि !"

मान्ने कान्छोले जिभ्रो काडेर भन्यो– "ओहो, हज्जार रुपियाँ ? उसो भए त त्यसलाई सुनै-सुन खाए पनि, सुनै-सुन लाए पनि पुग्ने रहेछ के ! होइन त ?"

अर्कोले भन्यो– "किन नपुग्नु ? घरमा जहान जति भए पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बिहान-बेलुका दाल, भात, तर्कारी, अचार, दूध, दही, मासु पेटभरी खाएर, दिउँसो खाजा मिठाइ नै मिठाइ खाए पनि पुग्ला के !"

त्यो सुनेपछि बूढो माग्नेले झर्किएर मुख विगार्दै भन्यो– "छोडिदेओ यस्ता कुरा । तिमीहरूलाई के थाहा छ– के खान्छन्, कति खान्छन् भन्ने कुरा ! हामीले भनेर तार लाग्ने कुरो हो त्यो ? बेकार छालाकाडिमागौला त्यस्ता कुरा खोतल्ने हुँदा ! छोटी मुख बडी बात भनेको उसै छ ?"

× × ×

रात बितेर उज्यालो उज्यालो भयो । ती माग्नेहरूमध्येबाट एउटाले टाढा औंलाले देखाउँदै भन्यो– "ए किस्ने, हेर् त । ऊः त्यहाँ महादेवपार्वतीको देवलमुनि पेटीमा, एक जना रातो गलबन्दी गुतेको मानिस बसिरहेको थियो, त्यो उठेर जाँदा त्यसको कोटको बगलीबाट के खसेजस्तो लाग्या' छ । जा, जा, गइहाल् । खुरुक्क टिपेर ले । उज्यालो भैसक्यो, अरूले देखेर टिपिसक्छन् !"

"पल्टिरहेको बूढो माग्नेले मुन्टो उठाएर भन्यो– "ए ! गइहाल्, गइहाल् ! को जाने हो । बरु जे पाए पनि धर्मफराक है बाबु हो, बाँडेर खानुपर्छ !"

किस्ने बिस्तारै सिढी ओर्लेर गयो । त्यसै गरी पाइला सार्दै महादेवपार्वतीको देवलतिर पनि लाग्यो । त्यत्तिकैमा जाडोले दाँत कटकटाउँदै, अलिअलि अस्पष्ट, जिभ्रो बटारिएको स्वरमा अर्को माग्नेले भन्यो– "कति बिस्तारै हिंडेको नि मोरो, अरूले टिप्छन् भन्दा अलि छिटो-छिटो त पाइला सार्नुपर्छ ।"

"तेरो बोली किन यस्तो 'तू तू' पर्ने भा'को नि, जाडोले । ऊ पनि त्यस्तै होइन र ? हिजो त्यति बेर पेटमा त्यति चारा परेको, रातभर निद्रा छैन । जाडोले कक्रिएको छ । पैतला कस्तो भा'होला । लम्केर गए भाउन्न भएर बाटैमा ढल्न पनि सक्छ । केको हुति छ र त्यसको ? त्यसको न हाम्रो ! फेरि गोडामा खटिरै-खटिरा छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बिचराको !" – बूढो माग्नेले भन्यो ।

यिनीहरूको यति कुरा हुँदा-हुँदै माग्ने किस्ने महादेवपार्वतीको देवलको पेटीमा पुगेर केही चीज टिपेर फर्कियो । देवलबाट ती सब माग्नेहरू एकटक लगाएर त्यसैलाई हेरिरहेका थिए । उनीहरूको दृष्टिमा आशा, जिज्ञासा र कौतुक त छँदै थियो, अब हर्ष पनि थपियो । माग्ने किस्ने फर्केर त्यही मन्द गतिमा आइ पनि पुग्यो र पुरानो थैली देखाउँदै उलले भन्यो– "यो थैलीमा दुई रुपियाँको नोट रहेछ । काम नलाग्ने एउटा कागत पनि छ ।"

त्यो सुनेर बूढोले भन्यो– "आज एक बिहानै शुभो लाग्या' छ बाबै हो, एक-एक मुठी चिउरा त सबैकी पेटमा पर्ने भयो कि यति भएपछि ?"

माग्ने कान्छोले भन्यो– "हो त नि, बरु किनेर ल्याइहालूँ न, खाइहालूँ !"

बूढोले भन्यो– "कति आउँछ यसबाट ! त्यो पनि अहिलेदेखि नै खाएर के गर्ने ? फेरि कहिले भेटिने हो !"

यस्तो कुरा हुँदै थियो । यत्तिकैमा हडबडाउँदै स्वरै बिगारेर अर्कोले भन्यो– "ऊः हेर ! थैली खलाल्ने मान्छे त्यही रहेछ क्यारे । वरिपरि घुमेर हेरिरहेको छ । ऊः टचाक्सीको ड्राइभरसँग कुरा गर्न थाल्यो । टचाक्सी अघिदेखि त्यहीं थियो । ड्राइभरले भित्र ऐनाबाट देखेको हुँदो हो । थैली टिपेर ल्या'को कुरा भनिदियो होला । लौ मार्‍यो तेरो बाजेले, त्यो मान्छे भौंलाले यतै देखाउँदै हेर्दै गरिरहेको छ । तर, पख है ! ऊः गयो, गयो । कालाभैरवतिर लाग्यो । आएन अब !"

कान्छो माग्नेले भन्यो– "वल्ल-वल्ल भेटेको यति पैसा पनि कस्तो आएर लगेन मोराले ! त्यसै भएर त किनिहालूँ खाइहालूँ, भनेको मैले !"

बूढोले भन्यो– "पख न पख । आधा दिन ढल्कोस्, अनि किनेर खाउँला । अनि विस्तारै-विस्तारै आज सरस्वती थानतिर जानु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्छ। त्यहाँ कसैको न कसैको आज भोज हुन्छ । त्यहाँ रहेनछ भने पनि आधा दिन ढल्केपछि खा कोबाट भोलि आधा दिनसम्म पनि थेग्न सकिन्छ नि ! त्यो पनि त विचार गर्नुपर्‍यो नि ! दुई रुपियाँ भनेको जाबो पनि हो, हामीजस्ताको निति त लाख पनि हो ।"

बूढोले यति भनिसकेको मात्र थियो । हडबडाएको सानो आवाजमा, सबैको अगाडि थैली फाल्दै माग्ने किस्नेले भन्यो– "म त टिपेर ल्या' को भन्दिनँ है, ऊः गयो भन्या' त पुलिस लिएर पो आउँदै छ यता, मोरो त !"

उत्नीखेरै आँखीभौं र मुख बङ्ग्याउँदै बूढोले भन्यो– "त्यसो भए झन् किन कराउन थालेको ? नकराईकन बस् न । अर्काले कुरा लाइदिसकेको थाहा भएपछि मैले ल्याएको होइन भनेर, ढाँटेर किन पुलिसको कुटाइ खान्छस् ? चोरेर ल्या'को हो र डराउनलाई ? ऊः आइसके, चूप लाग् !"

नभन्दै देवलको सिढी उक्लेर एक जना पहाडिया र पुलिस माथि आइपुगे । अनि पुलिसचाहिले हातको डन्डी हल्लाउँदै रुखो आवाजमा भन्यो– "यहाँ गोडामा खटिरा भएर कागत टाँसेको माग्ने छ रे, कुनचाहिं हो ? त्यसले यो मान्छेको थैली टिपेर ल्या'को छ रे ? त्यसमा पैसा र तारीखको पर्चा पनि छ रे ! दे छिटो, तुरुन्त !"

अनि बूढो माग्नेले एक हात निधारमा पुऱ्याएर सलाम गर्दै पुलिसलाई भन्यो– "हजुर, पुलिससाहेब ! वहाँ मालिकले थैली खसालेर जानुभएछ। आए दिउँला नै भनेर हामीले टिपेर राखिदिएका हौं। जस्ताको तस्तै छ हजुर ! हामीले केही गरेको छैन। संपत्ति हजुरहरूकै हो ।"

यति भनेर बूढोले पुलिसको हातमा थैली राखिदियो। पुलिसले थैली खोलेर त्यसबाट दुई रुपियाँ र एउटा सानो नेपाली कागज झिकेर हेर्दै पहाडियापट्टि फर्केर भन्यो– "यत्ति हो ?"

पहाडियाले भन्यो– "त्यत्ति हो, नभएको झुरा गर्न हुँदैन ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थैली लिएर पुलिसहरू फर्केपछि ती नाङ्गा-भोका मान्नेहरूले लामो सास फेरेर, अवाक् भएर, दीन-करुण दृष्टिले धेरै बेरसम्म पुलिसहरू गएतिर हेरिरहे । पुलिस र त्यो पहाडियाचाहिं सडकमा ओर्लेर पश्चिमपट्टि कलधारोतिर लागे । देवल र तर्कारीपसलको बीच हुँदै पश्चिमपट्टि पूर्व फर्केको सामुन्नेको पसलमा पुगे । अनि त्यही थैली-बाट दुई रुपियाँको नोट झिकेर चुरोट किने र फर्किए । फेरि त्यही कलधारोनिर आएर याक चुरोटको बट्टाबाट तीन-तीन ओटा चुरोट झिकेर बाँडे, एक-एक ओटा सल्काए र खाँदै कालाभैरवतिर लागे । त्यतिसम्म पनि मान्नेहरू तिनीहरूलाई हेरिरहेका थिए । त्यो बेला बिहानको सात बजेको थियो । हिउँजस्तो चीसो बतास चलेको थियो । आकाशलाई कालो बादलले चारैतिरबाट घेर्दै आइसकेको थियो । तप्प्याक्तुप्लुक् पानीले पनि छिटा हाल्न थालेको थियो । त्यत्तिकैमा बूढो मान्नेले भन्यो– "बिहानैदेखि शुभो लाग्यो भन्या' त झन् अशुभो पो लाग्यो । पानी पनि पर्न थालिहाल्यो । आकाश हेर्दा आज पानी पनि पर्छ, छिटो बिदो पनि हुँदैन । चारैतिर ढाक्तै आएको छ । यही आँङको बोराको टुक्रो पनि कता भिजाउने अब अँध्यारो जंगारतिर लागेर ? अब भोक्कै बस बावै हो ! दिनभरि, रातभरि !"

०३६ साल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१० / सखाप

"अर्काको छोरा फुटाइदिनु, बरान्दिनुको के अर्थ हुन्छ ? – घर भताभुङ्ग पारेर टुक्रा बनाइदिने, अनि एक-एक ओटा गरेर हत्याउने यही लक्ष्य हैन वैरीहरूको ? अर्काको जेथा ताक्नेहरूको चाल यही होइन त ? जत्रो जेथा भए पनि आफ्नो जेथाको मलाई ठूलो माया छ बुझ्यौ भन्जा !" – श्राद्धमा निम्तो मान्न आएका इष्टमित्रहरूका अगाडि कड्किएर थानेश्वरले भने- " एक छिन पर्खं है, धेरै कुरा गर्नु छ । आज छिप्पिएका दुई-तीन ओटा खसी दिएर पठाउनु छ । एउटा छानेर घरलाई पनि राख्नु छ । म आइहाल्छु, एकै छिन है भान्जा !"

थानेश्वर चोटाबाट ओर्ले । अरू निम्तारुहरू पनि सँगै बिदा भए । अनि शम्भुले माइज्यू (थानेश्वरकी श्रीमती) सँग हाँसेर भने– "मामाका कुरा मैले कहिल्यै बुझ्न सकिनँ माइज्यू ! दशैंको टीकामा पनि मामा यसै भन्नुहुन्थ्यो, परार पनि । कसले जेथा खान आँटचो भनेको ? फेरि आँट्तैमा मात्रै कसैको जेथा कसैले त्यसै खान सक्छ र ? के कुरा हो यो ?"

माइज्यूचाहिले अगाडि सरेर 'खुय्य' गरेर भनिन्– "व्यर्थै वरपरकालाई छेड हानेको के ! दुई गुणका छोरा आपसमा नमिलेका, त्यसमाथि बाबुको कायममा नबसेका, छाडा ! कसैको माथिल्लो घरे घलेकाँ' रासो-बासो, कसैको तल्लाघरे मिश्रकाँ' । आफूले सम्झनुपर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नै कमजोरी, आफ्नै छोराहरूको दोष ठान्नुपर्नेमा, हो न हो यिनै छिमेकीहरूले कान फुके, छोरा भाँडिदिए, यिनले मेरो घर भाँडेर जेथा खान खोजे भन्ने मामाका सधैं एउटै कुरा । उहाँ त्यही भनिरहनुहुन्छ । यसो भन्दा कता के पर्छ, कता के पर्छ भन्ने उहाँलाई छैन ।''

''त आफ्ना छोराहरूलाई पो कायम राख्नुपर्छ । अर्कालाई त्यसरी भनिरहन हुन्छ र ?'' – शम्भुले भन्यो ।

''त्यही त बाबू ! म भनिरहन्छु– 'यसरी नकराइरहनुहोस् । आफू दरो भएर, छोराहरूलाई मुठ्ठीमा राखेर घर समाल्नुहोस् । जथाभावी अर्कालाई फरेब लाइरहँदा, आफू दरो हुन नसक्ता आफ्ना कामदारहरूले पनि पत्याउन, टेर्न छोडिसके, घर बिग्रिसक्यो' भनेर । तर कत्ति भनेको सुन्नुहुन्न । बरु बाबुले पनि यो कुरा अलि सम्झाइदिनुपर्यो मामालाई !'' – माइज्यूले भनिन् ।

''के सम्झाउने, कति सम्झाउने ! टीकामा आउँदा पनि त मैले भन्नसम्म भनेकै हुँ । साँच्चि, यसपालि त खेतसम्म पनि रोपिएन भन्या' हो ? आफ्नै गोठाला, कामदारहरूले गोठबाट वस्तुहरू फोइदिएर बीउमा लगाइदिए रे भन्या' हो कि वस्तुहरू आफैं फुकेर बीउ खान लाग्दा गोठालाहरूले नधपाइदिएर बीउ सिनित्त भयो भन्या' हो, कसले भन्यो, एकचोटि कानमा झट्ट पऱ्यो । अहिले भन्ने मानिस पनि बिर्सें । त्यो सुन्दा दिक्कचाहिं ज्यादै लाग्यो, के हो यो कुरा ?'' – शम्भुले सोध्यो ।

''हो, बाबू ! कसले-कसले गोठबाट सबै वस्तु फुकाएर बीउमा लगाइदिएछ । एउटा फुकेको भए पो फुकेछ आफैं भन्नु, सबैका सबै वस्तु एकैचोटि त कसरी फुक्छन् र ! कसैले उपद्रो गरेको त भन्नैपर्यो । मान्छे चिनिएन । मामाले एकचोटि जागेर साने र को-को तीन जना मिलेर कसले-कसले बीउ खुवाएको रहेछ, सात दिनभित्र पत्ता लाउनू भनेर भन्नुभएको थियो, पछि उहाँले नै त्यो कुरा बिर्सनुभयो । त्यो कुरा त्यसै हरायो । आँखाले नदेखीकन त्यसै अर्कालाई दोष लगाउन पनि भएन । यसैमा पनि खानु खाइगा'थ्यो, खेत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाँझिनु बाँझिइहाल्या'थ्यो, अहिले तिल लगाएको छ, कुरा सकिइहाल्या' थ्यो। मामाचाहिं यही कुरालाई लिएर, त्यो रात हाम्रो गोपाले पनि कताबाट गोठमा सुत्न पुगेको रहेछ नि फेरि ! मिश्रले कान फुकेर मेरो खेत मास्न लगाएको, नत्र छोरोजस्तो गोठमा सुत्ने, त्यतिका वस्तु फुकेर बीउ मास्ता थाहा नपाउने कतै हुन्छ ? – भनेर कराउन थाल्नुभयो। क-कसले कुरा पुऱ्याए, पुऱ्याउने नै भए। कसो लाठो लिएर आएनन् बाबू ! कतै फौजदारी पर्छ कि भन्ने पनि लाग्या' थ्यो मलाई। आफ्ना बाबुको मिजास यस्तो छ। किन व्यर्थै गएर अरूलाई गाल पार्छस् भनेर कसिपटक गोपालेलाई पनि भन्छु, मान्दैन। यता माथिल्ला घरे घलेकहाँ' फेरि मेरो सानेको उस्तै छ। नजा भन्यो मान्दैन। घलेको छोरो र हाम्रो साने हलगोरुजस्ता छन्। काटे पनि छुट्टिदैनन्। बाबुचाहिं कतै गा'को पनि सहनुहुन्न। यस्तै मुख चलाइ-दिनुहुन्छ। यसैले न तल मिश्रका खलक, न माथिल्ला घरे – हामीसँग कुनै सखल्ल छैनन् अहिले। मामाको स्वभाव यस्तो छ। छोराहरूको चाल यस्तो छ। दुनियाँले देख्ता महावेइज्जेत भैसक्यो। कहाँ कोसँग गएर भन्नु त्यस्तो कुरा ! यो बेला भकारी रित्तै छ, एक गेडो धान छैन। टौवामा पराल छैन। नोकर-चाकर अटेर, खै व्यवस्था घरको ?" – माइज्यूले भनिन्।

"होइन, अब यस्तो भएपछि भाइहरूलाई नै मिलेर घर सम्हाल भनेर आफू पन्छिएर बस्नुपर्ने मामाले। भाइहरूले मिलेर गरे अझ के बिग्रेको छ र !' – शम्भुले भन्यो।

"भो बाबू ! भनेर साध्यै छैन। यहाँ के पो नयाँ काम गर्नुपरेको थियो र ! कामदारहरू यिनै छँदै थिए। सबै अह्राइ-पराइमै गरिहाल्थे। मै घर चलाइदिन्छु। तपाईं नबोलीकन आरामसँग बसिरहनोस्। छोराहरूलाई पनि के दोष, कहिले यसलाई उठायो उसलाई दोष दियो, कहिले उसलाई उठायो यसलाई दोष दियो। यसो गर्नु त आफ्नै दोष भयो। उनीहरूलाई यसो गर भनेर आफू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दरो भएर काम दिनुपर्छ । नगरी सुख छ तिनीहरूले आफ्नो घरको काम ! भैगो, यसरी छोराहरूलाई बाटामा ल्याउने काम पनि मैं गरूँला भनेर भनिरहेकी छु । केही लाग्दैन । तिनीहरूलाई नै दोष दियो, त्यसले नपुगेर फेरि छिमेकीलाई पनि मुछ्यो । यस्तै बौलाहा चालले गर्दा घर राम्रै भाँडिइसक्यो । अब के भन्ने, म त दिक्क-महादिक्क भएकी छु; बाबू ! म घर कसरी चलाउने हो ? धान त भएन भएन, एक गेडो गहुँ पनि छैन यसपालि !" – माइज्यूले भनिन् ।

"अनि गहुँबाली पनि केले बिग्रियो त माइज्यू ?" शम्भुले भन्यो ।

"मल भए पो गहुँ पर्थ्यो र बाबू ! मल, बीउ, ज्याला-खाजा-भन्दा दुई-चार गेडा गहुँ आउला भन्दा त झन् उल्टो टुट्टा पो परेछ हिसाब गर्दा !" – माइज्यूले भनिन् ।

"अनि गाई-भैंसीको मल थिएन र ?" – शम्भुले सोध्यो ।

"हरे ! के कुरा गरिसक्नु बाबू ! सेतेको कुरा त थाहै थियो हो कि बाबुलाई ? परार त्यसरी तीन-तीन ओटा दुहुना भैंसी बेचेर बदमासी गऱ्यो भनेर निकालिदिएको, त्यस्तो राख्ने नहुने मान्छेलाई फेरि पोहोर बोलाएर, सय रुपियाँ तलब थपिदिएर गोठको झन् नाइके बनाइदिनुभयो मामाले, भनेर अरू सबै गोठाला, कामदारहरू रिसले आगो भा' छन् – 'हामीले इमान्दारीसँग गरेको नदेख्ने, त्यस्तालाई बढाएर हाम्रो टाउकोमा चढाइदिने, त्यस्ताको अडर हामीले मान्नु-पर्ने' भनेर । त्यसपछि त कहिले पाडो मऱ्यो भन्छन्, कहिले थोरे हरायो भन्छन् । नाइके भनाउँदो कत्ति हेरचाह गर्दैन । अरूचाहिं मन लागेको गर्छन् । केही भन्यो भने 'नाइकेलाई भन्नुपर्छ' भन्छन् । यस्तो हानाहान पर्दा-पर्दै गोठ रित्तिसक्यो । भएका वस्तुभाउको स्याहार छैन, सब फुकिढल्ला छन् रे ! राता-रात मल बिक्री भएर अन्तै पुऱ्छ रे ! आफ्नो जग्गामा मल परे पो उब्जनी हुनु । यसले गर्दा यिनताक समेत घरबाट केही निस्कँदैन । तिनै कामदारहरूलाई खुवाउन, तलब दिन समेत कैयौं महिना भैसक्यो, भिन्न-भिन्नै गहना-गुरिया बेचेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चलाउनुपरेको छ । यस्तो कुरा अरुसँग कसरी गर्नु ! अघि कस्तो थियो, अब यस्तो लाजमर्नु भैसक्यो । यस्तो चालले अब कति दिन टिक्ने बाबू ! ऊः मामा आइपुग्नुभयो । कुरा काटे भन्नुहुन्छ । आउनोस् हे बाबू ! कहिलेकाहीं-कहिलेकाहीं । मावलमा श्राद्धकै दिनमा मात्र आउने हो र ! यसो मनको पीर पोख्ने पनि ठाउँ छैन बया !" – माइज्यूले भनिन् ।

"आउँछु नि माइज्यू ! यहाँ नआए कहाँ जाने ? म पनि घरको एक्लो भएर पो फुक्का भएर मिल्दैन हिंड्नलाई !" – शम्भुले भन्यो ।

"ऊः त्यहाँ बाँधिदे !" – खसी डोऱ्याएर पछि-पछि आउने ठिटालाई ठाउँ देखाएर थानेश्वर घरचोटामा उक्ले र भने– "यो खसी काटेर खवाएर मात्रै भान्जालाई छोड्नुपर्छ । लौ भन भान्जा ! अरू कुरा के छ ?"

"अरू विशेष कुरा त के छ र मामा ! बरु मेरो सुझाव एउटा मामालाई - अब मामाले दुःख नगर्ने । आजसम्म जति दुःख गर्नुभयो, भयो । अब घरको पूरै सञ्चालन भाइहरूकै जिम्मा दिने र आफूचाहिं हरिनाम जपेर बस्ने एउटा कुनामा !" – शम्भुले भन्यो ।

"अँ ... ..., केही गरे पनि केही नलागेको बाबू ! भैगो, मैले गरेकोबाट जहानलाई, छोराहरूलाई, कामदारहरूलाई, कसैलाई मन परेनछ । गाउँघरले पनि, के गरूँ आफ्ना छोराहरू नै उता लागेपछि, मलाई नै अर्घेलो पारे । कसलाई जिम्मा लाए सबैलाई सन्तोष हुन्छ र घर राम्ररी चल्छ त लौ भन भनेर जहान, परिवार र कामदारहरू-समेतसँग राय लिंदा धेरैले छोरो सानेलाई घरको रठनपटनको जिम्मा लाएर, तिमीले भनेजस्तै, मलाई चूप लागेर बस भन्ने सल्लाह दिए । तर मान्छे पऱ्यो मैलेचाहिं पटक्कै मन नपराएको, नपत्याएको । हुन त आफ्नै छोरो हो, तर मैले त्यसमाथि भर गर्न सकिनँ । किनभने छोरो भएर बाबुमाथि अनपत्यार गर्छ भने त्यस्तालाई मैले किन पत्याउने नि ! माथि घलेका खलक मलाई बोलाहा बूढो भनेर गिल्ला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्ने, छोरो भएको नामर्द तिनका कुरा सुनेर खित्का छोडेर हाँस्ने। मलाई कति चित्त दुख्या' छ भान्जा ! छोरो भनेर हुन्छ ? छोरा पनि हेर्ना' हुन्छन्। मुलुक-संसारका छोरा हामीले देख्या' छैन ? वैरीका मन्त्र सुनेर हिंड्ने छोरालाई यत्रो घरको ताल्चा-साँचो सुम्पेर आफ्ना बाबुबाजेले आर्जेको जेथा त्यसै कहाँ हिनामिना हुन दिइहाल्छ र म पनि आफ्नो जीउ छउञ्जेल त ! मेरो घर भाँडिदिएर, मलाई निहत्या पारेर, मेरा छोरा यिनै हुन् - कुरा काट्न र होहल्ला गर्न पाए, अर्कालि टुप्याइदिए के के न हुँ भन्ठान्ने, आफ्नो घरको माया-ममता भनेपछि सिन्कोभर छैन, यस्तालाई हात लिएर मेरो जेथा सिनित्त पार्ने दाउ-पेचमा वरपर वैरीहरू लागेका छन्। अर्को छोरो साहिलो भाँडिएर कैयौं महिना भइसक्यो, माथि गाउँको घरमा गएर बसेको छ। कामचाहिं बन्द; गाउँका ठिटा जम्मा गर्छ, नचाहिंदा हल्ला गर्छ, बस्छ। यत्रो वर्षको पानी जम्मै घरभित्र। कहाँ चुहिएको छ, एक मुठो खर ल्याउन लगाएर घरको छानो टालिहालूँ भन्नुपर्दैन त्यत्रो लक्का जवान भए-पछि ? जे भएको मालमत्ता, भाँडा-कुँडा असल-कंसल सर्वस्व त्यहीं छ। आफूले देख्न त पर, अरूले पानी चुहिएर घर-गाह्रो लड्न आँटचो भन्दा समेत, 'घरको व्यवस्था होस् अनि कसले बनाउनुपर्छ, बनाउँछ' भन्छ रे ! म आफैं छक्क पर्छु– घरको कस्तो व्यवस्था भएपछि छानो टाल्ने लौ भान्जा ! अर्को साने पनि अस्तिदेखि माथि नै गा' छ भन्या' सुन्या' छु। दुवै दाजुभाइ जुध्रेर बसेका छन् कि मिलेर, केही थाहा छैन। तर ऊः चाउरे किन हो दौडँदै आएको छ, खबर त पाइने भो। केही कुरो नपरी त्यो यसरी दौडेर आएको छैन। के सुन्नुपर्छ अब। यो माथिकै घरमा कुरुवा राखेको ठिटो हो।" – थाने-श्वरले भने।

दौडँदै-दौडँदै आएर चाउरेले थानेश्वरलाई ढोगिदियो र अगाडि उभियो। थानेश्वरले जिज्ञासापूर्ण मुद्रामा उसको मुख हेरे। तर चाउरेको ओठ मात्र फुऱ्यो, वाक्य फुटेन। अनि थानेश्वरले नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आँखीआँ बङ्गचाएर, निधार खुम्च्याएर शङ्कापूर्ण अनुहारमा सोधे– "किन यसरी हस्याङ फस्याङ गर्दै आइपुगिस् चाउरे ?"

चाउरेले विनीत एवं शुष्क स्वरमा भन्यो– "घर आगो लाग्यो बाजे ! सखाप भयो ।"

"कसरी, के भएर ?"

"खैं, भित्र अँगेनोमा गाईलाई कुँडो बसालेको थियो । म घाँस काटिसकेर भारी हाल्न लागेको, एक्कासि घरबाट धूवाँको मुस्लो उठेको देखें परबाट, अनि दौडेर जाँदा तल्लो तला त खाइसकेछ ।"

"अनि घरमा कोही थिएन ?"

"हुनुहुन्थ्यो, साहिला बाजे धन्सारमा, माने दाइ गोठमाथि । मैले भनें उहाँहरूलाई 'के गर्ने' भनेर । दुवैले केही बोल्नुभएन, हेरि-मात्र रहनुभयो । म एक्लै कराएर मात्र के गर्ने ! हारगुहार मारेर पनि गाउँमा कोही थिएनन्, सबै काममा बेंसी झरेका । त्यसै भनेर यो सम्चार पनि दिऊँ, बाजेलाई पनि लैजाऊँ भनेर, एकै सासमा दौडँदै आएको म त । यता आउन लाग्दा माथि-माथि सल्कँदै थियो ।"

"लौ, सुन्यौ भान्जा ! सुनाचाँदीबाहेक आफ्नो जे थियो, त्यही घरमा थियो । अब त्यो पनि आजदेखि स्वाहा भयो !" – मसीजस्तो कालो मुख लगाएर थानेश्वरले शम्भुलाई भने, र चाउरेतिर फर्केर झोक्किएर भने– "लौ बुझिस् चाउरे ! तँलाई म एउटा काम लगाउँछु तुरुन्त गरिहाल्–

तँ, तल्लाघरे कृष्णे र सापकोटालाई मैले भनेको भन्नू, तिमी-हरू तीनजना मिलेर यो कसको बदमासी रहेछ, सात दिनभित्र पत्ता लगाएर मलाई खबर देऊ, जस्ताको तस्तो । म त्यसलाई छोड्दिनें । अब यस्तो चालले भएन बुझिस् !"

"बुझें बाजे ! बुझ्न त । अनि बाजे अहिले माथि नज़ाने र ? पश्चिमपट्टिको गारो लडेको थियो, कति मालसामान त्यसले पुरेको छ !" – चाउरेले होशियारी दिलाउँदै भन्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"कस्तो कुरा गर्छ यो चाउरे पनि, म एक्लो जीउ कता मार्ने पुग्ने भन्या'? आजै त्यो अर्जेलकहाँ आफूलाई नपुगी भएको छैन। पालन दिएको बाख्रो हिजो ब्याएको छ भन्या' सुन्छु। कत्योटा पाठा पायो, हेर्न जानु छ। सोझो कुरा कसैले गर्दैन।" शम्भुतिर फर्केर थानेश्वरले च्याँठिएर भने– "मेरो जेथा भनेपछि त्यहाँ पनि मन्त्र सुनाउन पुग्छन् मेरा वैरीहरू!"

यी सबै कुरा सुनिसकेपछि शोकमलिन, निस्तेज मुस्कानमा शम्भुले माइज्यूतिर फर्केर भन्यो – "के भयो माइज्यू! यस्तो?"

"भस्म खरानी!" माइज्यूचाहिले अश्रुपूर्ण आकुल मुद्रामा भनिन्– "अरू के भयो भनूँ बाबू! भस्म खरानी।"

०३७ साल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११ / पृथ्वीअभियान

आज चन्द्रलोकका रत्नकरण्ड, अथर्वशिरा, वैखानस र हैमकन्दली चारओटै महाद्वीपका निवासीहरू वैखानस महाद्वीपको विज्ञान एकेडेमीको प्रगतिविवरण रेडियोद्वारा सुनिरहेका छन् । विवरण यस प्रकार छ :–

"आज हामी विज्ञान एकेडेमीको पचासौं जन्मजयन्ती मनाइरहेका छौं । पाँच दशकको यति छोटो अवधिमा एकेडेमीले सैद्धान्तिक, व्यावहारिक दुवै पक्षमा सन्तोषजनक प्रगति गरेको छ ।

सैद्धान्तिक पक्षमा एकेडेमीले गहिरो अध्ययन र अनुसन्धान गरेर आफ्नो वस्तुगत निर्णयका साथ प्रत्यक्ष एवं स्पष्ट उपपत्तिद्वारा राष्ट्रवासीहरूमा नयाँ भौतिक जागरण ल्याएको छ । यसैको परिणाम के सरकार, के राष्ट्रवासी सबैको विज्ञानप्रति दृढ आस्था र विश्वास उत्तरोत्तर बढ्दै गएको छ । अहिले महाद्वीपका हरेक राज्य, अञ्चल र जिल्लाहरूमा विज्ञानविद्यापीठहरू लक्षशः खुलेर सर्वत्र अध्ययन, अध्यापनक्रम जारी छ । महाद्वीपका प्रत्येक चेतनशील व्यक्ति-व्यक्तिमा युगौं-युगदेखिको संस्कारगत, बद्धमूल अन्धविश्वास र अन्धधारणाको विरुद्ध यस भावनाको उत्तरोत्तर विकास भइरहेको छ कि– 'स्वभाव नै यस सृष्टिवैचित्र्यको मूल कारण हो, कार्यकारणभाव होइन । पृथ्वी, अप्, तेज, वायु यिनै चार तत्त्व मात्र आफ्नो आणविक अवस्थामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगत्, इन्द्रिय र संपूर्ण भौतिक शरीरका निदान हुन् । माद्कताशून्य कतिपय द्रव्यविशेषहरूको संयोगबाट मदिरामा स्वतः मादकता उत्पन्न भएजस्तै चेतनाशून्य कतिपय तत्त्वहरूको संयोगबाट शरीरहरूमा चेतना उत्पन्न हुन्छ । त्यसको निमित्त कुनै रहस्यमय अदृष्ट शक्ति वा दिव्य सत्ताको अनुमान वा कल्पना निरर्थक छ ।'

त्यस्तै व्यवहारिक पक्षतर्फ पनि एकेडेमीको आविष्कार विभागले मुख्यतया आजसम्ममा एघार सय छयान्नब्बे ओटा व्यवहारोपयोगी विभिन्न नयाँ यन्त्र र वस्तुहरूको आविष्कार गऱ्यो । जसको विवरण समय-समयमा प्रकाशित भइसकेका छन् र तीमध्ये कतिपय यन्त्र र वस्तुहरू राष्ट्रवासीहरूको दैनिक सुविधाजनक उपयोगमा र कतिपय (शस्त्रास्त्रहरू) सांग्रामिक प्रयोगमा आइसकेका छन् । निकट अतीतको महत्त्वपूर्ण आविष्कार त्यो दूरवीक्षण यन्त्र हो, जसबाट दश-पन्ध्र अरब प्रकाश वर्ष टाढाको विश्व देख्न सकिन्छ र भविष्यमा मृत व्यक्तिलाई टेस्टट्यूबमा बन्द गरेर त्यसमा प्राणवायु र जीवनीय अणुहरू भरिदिएर पुनर्जीवित गराउने लक्ष्यतर्फ पनि हाल एकेडेमीको एक सेक्सन सफलताप्रति दृढ आस्था र विश्वासका साथ संलग्न छ ।

साथै एकेडेमीले धेरै वर्ष अघिदेखिको आफ्नो अनुसन्धानद्वारा बाह्य अन्तरिक्षमा पनि विभिन्न किसिमका सभ्यताहरू विकसित भइरहेको लक्षण पत्ता लगाएकोले र आधुनिक चेतनशील तत्त्वहरूको भौतिक जिज्ञासा पनि असीमित हुँदै गएकोले अन्तरिक्षका विभिन्न लोक र लोकान्तरहरूको भ्रमण, समीक्षण र अनुसन्धानको अभियानका लागि अन्तरिक्षमा उडिरहेका उल्काहरूबाट बच्न सक्ने विभिन्न शक्ति-शाली कुलिशयानहरू तयार गरिसकेको छ र यही ग्लौ संवत् ५००५ तुराषाड् मास १४ गते विश्वम्भरा बारको दिन कुलिशयान १३ द्वारा हाम्रो एकेडेमीले सर्वप्रथम पृथ्वीअभियान प्रारम्भ गर्ने भएको छ ।"

× × ×

चन्द्रलोकको रत्नकरण्ड महाद्वीप, त्यसअन्तर्गत एक महान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समृद्ध शाल्मली देश, त्यहाँको केशकम्बल नामक गाउँमा एक महात्मा बस्थे, उनको नाम थियो– 'ब्रध्नस्वामी ।' उनको कुटीप्राङ्गणमा सधैंजसो विभिन्न मनोवृत्ति, चरित्र, वर्ग र पेशाका दर्शनार्थी श्रद्धालु र अर्धश्रद्धालुहरूको भीड भइरहन्थ्यो । त्यो समूहमध्येबाट प्रसङ्गानुसार एक व्यक्तिले कुरा उठायो– 'आज त विश्वम्भरा बार हो । कुलिशयान १३ पृथ्वीअभियानको लागि प्रस्थान गर्ने कुरा थियो, गरिसक्यो होला !"

राजनीतिक मनोवृत्तिको एक व्यक्तिले सहिथाप्दै भन्यो– "हो । साँच्चै यो अभियान सफल भयोभने त चन्द्रलोकमा वैखानस महाद्वीप नै अब सर्वोत्कृष्ट शक्तिको रूपमा देखा पर्ने भयो । हुन पनि हो, एकातिर यत्रो वैज्ञानिक प्रगति छ, अर्कोतिर उसको तुलनामा प्रशिक्षित सैनिक संगठन, आधुनिक शस्त्रास्त्र अरू कोसँग पो छ र ? गरे के हुँदैन ? बेकम्मा त हाम्रै सरकार हो !"

अर्को एक अर्थशास्त्रीले आफ्नो दृष्टिकोण दियो– "विकासको दृष्टिले पृथ्वीलोक अहिले कुन युगमा छ पाषाणयुगमा कि अणुयुगमा ? त्यो भन्न सकिँदैन तर मानौं त्यहाँ जनशक्ति पर्याप्त रहेछ र विकासचाहिं शून्य रहेछ भने त आवश्यक प्राविधिकहरू पुऱ्याएर वैखानस महाद्वीपले कल्पनातीत आर्थिक उन्नति पनि त गर्ने भयो !"

त्यस्तै अर्को एक कविले भन्यो– "पृथ्वीलोकमा पुग्न, हेर्न, घुम्न पाए म त बीस-बाईस सर्गको, नामै 'पृथ्वीमहाकाव्य' एउटा लेख्ने थिएँ । पृथ्वीको दृश्य र जनजीवनको चित्र चन्द्रलोकलाई आकर्षक हुन्थ्यो, साथै चन्द्रलोकको साहित्यिक कला र शैली पृथ्वीलोकलाई । विश्वकवि उत्पलारण्यलाई पनि म उछिन्ने थिएँ । सामाजिक काल्पनिक एउटा कथानक चाहिन्छ । किनकि हामीले ईश्वरको अवतारको रूपमा मानिआएका भगवान् अक्रमावित्त र भगवान् अश्मरथ्यलाई पृथ्वीका मर्त्यहरूले त्यो रूपमा चिन्दैनन्, श्रद्धा गर्दैनन् होला त ! तत्र उनीहरूकै चरित्र र लीलाको वर्णन गर्न हुन्थ्यो !"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पछिबाट तिनीहरूमध्ये एक विद्वान्ले भने– "यहाँहरूले भने-जस्तै विज्ञानले पृथ्वीलोकमा पुग्ने, बस्ने सुविधा दिन सक्योभने त हामीजस्ताको जीवनको आकांक्षा पनि पूर्ण हुन्थ्यो । अश्मरथ्यपुराण-अनुसार अरू सबै लोकान्तरहरूमध्ये पृथ्वी, त्यसमा पनि भरतखण्ड, त्यसमा पनि हिमालको काखको एक पर्वतराज्य ! त्यसको ज्यादै ठूलो महिमा छ । त्यसमा लेखिएको छ– त्यस राज्यबाट नै पृथ्वीमा अन्तर्जगत्संबन्धी पहिलो रहस्योद्घाटन भएको हो । ब्रह्मविद्याको त्यो प्रिय निवासस्थान हो । त्यही राज्यको श्लेष्मान्तक तपोवनमा साक्षात् भगवान् शङ्कर मृगरूप लिएर हजारौं वर्ष बस्नुभयो भन्ने पनि त्यसमा लेखिएकै छ । पृथ्वीका ऋषिमहर्षिहरूको नाम त हामीलाई आउँदैन । तर ती सबैको प्रायः साधनाभूमि, तपोभूमि त्यही पुण्य प्रदेश रहेछ । त्यस्तो कर्मक्षेत्र, पुण्यक्षेत्रमा पुगेर ब्रह्मचिन्तन गर्न पाइयोभने यो जन्म, जरा, मृत्युको पाशबाट मुक्त नै भइन्थ्यो कि !"

यो खलबल सुनेपछि महात्माले भने– "यो केको खलबल हो ?"

तिनमध्ये एक व्यक्तिले जवाफ दियो– "पृथ्वीलोकसँग सबन्ध बढाउन र त्यसको अनुसन्धान गर्न वैज्ञानिकहरू लागेका छन् । त्यस-निति उनीहरूको कुलिशयान १३ प्रस्थान गरिसक्यो । त्यो अभियान सफल भयोभने चन्द्रलोकवासीहरूलाई के-के लाभ हुन सक्ला ? भन्ने कुरामा यहाँ आफ-आफ्नो प्रतिक्रिया वहाँहरूले दिनुभएको हो । अरू केही खलबल होइन ।"

महात्माले आँखीभौं बङ्ग्याएर हाँस्दै भने– "लौ, तिमीहरू त यत्रो बेर काकदन्तपरीक्षा पो गरिरहेका रहेछौ ! पृथ्वीसँग चन्द्रलोकको जुन शाश्वत संबन्ध छ, त्यो छैंदै छ । त्योसिवाय यी वैज्ञानिकहरू-ले अरू के संबन्ध बढाउने ? अनि यी वैज्ञानिकहरूको आँखाले त्यहाँ के विशेष देख्छ र अनुसन्धान गर्ने ? फेरि चन्द्रलोकवासीहरूलाई त्यस-बाट केको लाभ हुन आउने ? सोह्रै कलाले पूर्ण, अन्नमय, अमृतमय,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समस्त जीवहरूको प्राण र जीवन, 'सर्वमय' उपाधिप्राप्त चन्द्रलोकबाट सन्तोष लिन नसक्नेले पृथ्वीबाट के सन्तोष लेलान् ? संसारी व्यक्तिहरूको यो स्वभाव नै हो – उनीहरू प्राप्त वस्तुबाट सन्तोष नलिएर सधैं अप्राप्त वस्तुहरूको लिप्सा गरिरहन्छन् । असन्तोषमूलक यिनै एषणाहरूको बादलले दृष्टिशक्ति आवृत भएकाले नै पृथ्वीका मर्त्यहरू नजीकको सुमेरु देख्तैनन्, चन्द्रलोकवासीहरू आफ्नो नजीकको नक्षत्रलोक र पितृलोक देख्तैनन् ।"

"शाश्वत संबन्ध छ भन्नुभयो, चन्द्रलोकको पृथ्वीलोकसँग कस्तो संबन्ध छ त ?" – एक जिज्ञासु व्यक्तिले सोध्यो ।

महात्माले भने– "चन्द्रलोकको पृथ्वीसँग दुवै किसिमको शाश्वत संबन्ध छ – दृष्ट स्थूल संबन्ध पनि, अदृष्ट सूक्ष्म संबन्ध पनि । पृथ्वीलोकका स्थावर, जङ्गम दुवैथरि प्राणीहरूको जीवनको अमृतमय रसभाग, भावनात्मक स्नेहभाग चन्द्रलोकको देन हो । चन्द्रलोकका स्थावर, जङ्गम दुवैथरि शरीरको स्थूल कर्कशभाग पृथ्वीलोकको देन हो । विना पार्थिव तत्त्व चन्द्रलोकवासीहरूको पनि शरीर निर्माण पूर्ण हुन सक्तैन । पृथ्वीलोकले रातमा जुन अमृत ज्योति पाएर ओषधिहरूको विकास गर्छ, त्यो चन्द्रको देन हो । यो हो दृष्ट स्थूल संबन्ध । अदृष्ट सूक्ष्म संबन्धचाहिं कस्तो छ ? भन्छौभने, बुझ्न सक्नुपर्छ ! पृथ्वीका मृत व्यक्तिहरूको सूक्ष्म शरीर पितृलोकमा आइपुग्छ । मर्त्यहरूको एक महीनाको समय पितृहरूको एक अहोरात्र हुन्छ । मर्त्यहरूको जुन अमावास्याश्राद्ध हो, त्यो अमावास्याको मध्याह्न पितृहरूको दैनिक भोजन समय हो । सन्ततिप्रदत्त श्राद्धको कव्य पितृहरूकहाँ पुऱ्याइदिने काम नै चन्द्रलोकको हो । मर्त्यहरूको जन्मकालमा चन्द्रलोकको र चन्द्रलोकवासीहरूको जन्मकालमा पृथ्वीको आफ्नो अक्षांशमा भएको भ्रमण गतिविधिले जन्मेका ती-ती लोकका निवासीहरूलाई अनुकूल वा प्रतिकूल फलप्रदान गर्ने तथ्य अर्कोतिर छ । यी सब शाश्वत संबन्धजनित परम्पराप्राप्त परिणतिहरू नै हुन् । तर देहात्मवादी यी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैज्ञानिकहरूका किसिमको दृष्टि, दर्शन र प्रक्रियाबाट दुई लोकका बीच अर्को नयाँ थप संबन्ध होला भन्नेचाहिं मलाई लाग्दैन ।"

अर्कोले भन्यो–"होइन स्वामीजी ! विज्ञानको शक्तिले पृथ्वीलाई उपनिवेश बनाउन सकियो भने भौतिक उन्नति त ठूलै हुने भयो नि त !"

महात्माले हाँस्तै भने– "यो विज्ञानमा केको शक्ति हुने ? ईश्वरको मायाविज्ञानले त यत्रो विश्वब्रह्माण्ड पनि बनायो, त्यहाँ-त्यहाँ यत्रो प्रपञ्च पनि बढाइदियो । प्रत्यक्ष नै छ, ठूलै भौतिक उन्नति गरिरहेको छ किनभने यी दुर्भेद्य पर्वतमाला, यी कोमल पुष्प, त्यो प्रकाशमान ज्योतिश्चक्र, त्यो इन्द्रधनु, त्यो मेघमाला, त्यो चञ्चल सौदामिनी, कलकलनिनादिनी ती स्रोतस्वती, त्यो आकाशमण्डल, त्यो वायुमण्डल ! यो सब त्यही मायाविज्ञानको विपुल विस्तार हो । इन्द्रिय माया हो, बुद्धि माया हो । अहङ्कार, कामना, वासना, आशा-निराशा, क्षुधा-तृषा, सुख-दुःख, छल-प्रवञ्चना सब माया हो । सृष्टि माया हो, प्रलय माया हो, यो अनन्त र विशाल विश्वब्रह्माण्ड नै सम्पूर्ण माया हो । यी वैज्ञानिकहरूको विज्ञानले यीमध्ये कुनै एकलाई न त सृष्टि नै गर्न सक्छ, न त अस्तित्वहीन नै तुल्याउन सक्छ । त्यस अतर्क्य, अचिन्त्य, अकथनीय ईश्वरीय मायाविज्ञानका शक्तिको तुलना-मा वैज्ञानिकहरूको यो विज्ञानको शक्ति अनन्त, अपरिमेय विश्वब्रह्माण्ड-को अगाडि एउटा त्रसरेणुको जति पनि वजन र मूल्य छैन । अनि यसले कति पो उन्नति गर्ला ?"

अर्कोले बिस्मित मुखमुद्रामा सोध्यो– "यी वैज्ञानिकहरूको आँखाले त्यहाँ के विशेष देख्छ र ? भन्नुभयो । त्यहाँ केही पनि विशेष देख्तैनन् त ?'

महात्माले भने– "देख्लान् देख्न त, तर रित्तो देख्छन् ।"

"कस्तो रित्तो महात्माजी !" – फेरि त्यसले सोध्यो ।

महात्माले भने– "जस्तो रित्तो कोठा । कोठा देखिन्छ, तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यहाँको वस्तु केही देखिदैन । त्यस्तै ढुङ्गा-माटाको पृथ्वी देखिन्छ, अरू वस्तु केही देखिदैन ।"

अर्को जिज्ञासुले झन् आश्चर्यको मुख-मुद्रामा सोध्यो– "त्यस्तो किन हुने ? नदेख्नुमा कारण के हो त ?"

महात्माले भने– "ईश्वरको नियमै यस्तो छ । एक लोकका व्यक्तिको निमित्त प्रायः अरू लोकान्तरहरू दृग्गोचर हुँदैनन् । भइहाले पनि त्यहाँका भित्री भौतिक सम्पत्तिचाहिं कुनै पनि दृग्गोचर हुँदै-हुँदैनन् । सर्वतन्त्रस्वतन्त्रका ईश्वरको यस अलङ्घनीय नियमको अगाडि 'किन ?' भन्ने त प्रश्न नै छैन । जस्तो- यत्रो विश्वब्रह्माण्डका सृष्टिको झन्झट किन गरेको ? भन्ने र यी सृष्टिभित्रका असंख्य प्राणीहरूलाई जन्म, जरा, मृत्युको पाशो व्यर्थै किन लगाइदिएको ? भन्ने प्रश्नको जवाफ कसैले कहीं केही पाउन सक्तैन । यत्ति भन्न सकिन्छ, ईश्वरको इच्छा हो ! ईश्वरको नियम हो ! यसरी ईश्वरीय इच्छा र नियमलाई सबभन्दा बलियो मान्नैपर्‍यो । त्योभन्दा धेरै कमजोर तर्क, उपपत्ति र प्रत्यक्ष भौतिक उदाहरणबाट पनि यस प्रश्नलाई थोरबहुत समाधान गर्न सकिने कुरा के छ भने- कसैलाई विद्युत्दीपद्वारा प्रकाश लिनु-पर्‍यो भने त्यसले तद्विषयक यान्त्रिक नियमपालन गर्नैपर्छ । किनकि त्यस विद्युत्दीपका पनि आत्मनिर्माणको निम्ति केही नियम वा शर्त छन्– विद्युदुत्पादक यन्त्र, विद्युद्वाहक तार र प्रकाशक बल्बको यथास्थान, यथानियम संयोजन । अनि मात्र विद्युत्दीप अरूसमक्ष साक्षात्भूत भएर व्यवहारोपयोगी हुन्छ । त्यस्तै अरू लोकान्तरवासी-हरूका समक्ष साक्षात्भूत हुन कुनै पनि लोकान्तरहरूका र भौतिक चक्षुबाट साक्षात्भूत हुन चित्तत्त्वका पनि आफ्ना नियम वा शर्तहरू छन् । ती हुन्– हरेक स्थूल पदार्थभित्र सूक्ष्म दिव्य तत्त्व (सत्ता) को सद्भावप्रति पूर्णविश्वास र दिव्य दृष्टि । यी शर्तको अभावमा कुनै पनि लोकान्तर वा चित्तत्त्वको साक्षात्कार संभव छैन । लोकान्तर-हरूको विषयमा, टाढाका लोकान्तरहरूको किन कुरा गरिरहूँ ? यहीं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामी बसेकै ठाउँमा भूत, प्रेत, वेताल आदिका स्थूल मूर्त लोकहरू हाम्रै लोकहरूजस्ता र जत्रा छन् । तर तिनमा हाम्रो न दृष्टिले काम गरिरहेको छ, न स्पर्शले । कहिलेकहीं ती भूतप्रेतहरूको अकस्मात् प्राकट्य पनि राती वा एकान्तमा हुन्छ, त्यो अदृष्ट कारण-वश भएको हो । फेरि तत्काल तिनीहरूको तिरोधान पनि भइहाल्छ । लोकान्तरवासीहरूको निमित्त तिनीहरू पनि स्थायी रूपमा दृग्गोचर भइरहँदैनन् । त्यस्तै उनीहरू पनि न हामीलाई देख्छन्, न त हाम्रो लोकलाई । मैले भनिसकें– ईश्वरीय इच्छा वा नियम नै यस्तै छ, एक लोकको साधारण व्यक्तिको निमित्त प्रायः लोकान्तर र त्यहाँका भौतिक वस्तुहरू कुनै पनि दृग्गोचर हुँदैनन् । त्यस्तै चित्तत्त्वको विषय-मा पनि यही तथ्य छ– पञ्चकोषहरूमध्ये अन्नमय कोषको यो मेरो स्थूल शरीरसिवाय मभित्रका अरू कोषहरूका सूक्ष्म निर्माणहरूलाई तिमी देख्न सक्तैनौ । किनकि तिमीसँग त्यो देख्न सक्ने दिव्यदृष्टि नै छैन । तिमीभित्रको चित्तत्त्वलाई साधना गरे तिमी नै अपरोक्षानु-भूत गर्न सक्छौ, अर्कोले गर्न सक्तैन । त्यस्तै साधना गर्न सके मभित्र-को चित्तत्त्वलाई म अपरोक्षानुभूत गर्न सक्छु, तिमी गर्न सक्तैनौ । यो सब दिव्यदृष्टिको अभावले भएको हो । वास्तव सूक्ष्म दिव्य जगत्लाई देख्नु नै देख्नु हो । त्यो नै मूल सृष्टि हो । तिम्रो-हाम्रो स्थूल शरीर जस्तै यो मूर्त स्थूल जगत् त स्वाप्निक पदार्थ जस्तै त्यस सूक्ष्म दिव्य जगत्को प्रतिबिम्ब वा भावात्मक अभिव्यक्ति मात्र हो । जडवादी आधुनिक वैज्ञानिकहरू यही स्थूल सत्तालाई सत्य मानेर देहात्मवादी हुन पुगेका छन् । पृथ्वी, शुक्र, मङ्गल, चन्द्र, सूर्य आदि सबै लोकहरूको दृष्ट मूर्त स्थूल आकारबाहेक अर्को अदृष्ट सूक्ष्म दिव्य रूप छ । हाम्रो स्थूल शरीरभित्र सूक्ष्म दिव्य शरीरको अधिष्ठाता देवता हाम्रो जीव भएजस्तै पृथ्वी, सूर्य, चन्द्र आदि लोकहरूका पनि सूक्ष्म दिव्य शरीरका अधिष्ठाता देवताहरू छन् । तिम्रो-हाम्रो शरीरवर्ती जीव अभेदो-पचारेण तिम्रै हाम्रै नामले लोकमा परिचित र व्यवहृत भएजस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती लोकहरूका अधिष्ठामा देवताहरू पनि अभेदोपचारेण सूर्य, चन्द्र, पृथ्वी आदि तिनै लोकहरूका नामले लोकमा परिचित र व्यवहृत छन् । हाम्रा शरीरका अधिष्ठाता देवताहरू र ती लोकहरूका अधिष्ठाता देवताहरूमा फरक यत्ति छ कि– कोही सानो शक्तिधारी शरीर (पिण्ड) का अधिष्ठाता छन् त कोही ठूलो शक्तिधारी शरीर (पिण्ड) का अधिकारी छन् । तर ती सब चित्तत्त्वहरू पनि लोकान्तरहरू जस्तै आफ्नो प्रक्रिया र शर्तमा मात्र साक्षाद्भूत हुन्छन् ।"

अर्कोले भन्यो– "हाम्रा पुराणहरूमा त लोकान्तरवासीहरूका यातायातको उपाख्यान पनि पाइन्छ त !"

महात्माले भने– "त्यो पनि हो, तर अहिले त के ! सत्य, त्रेता, द्वापरतिर पनि, सर्वसाधारणको त के कुरा, यस्ता वैज्ञानिकहरूसम्मलाई पनि आफ्नो लोकबाहेक अरू लोकान्तरहरू घुम्ने शक्ति दिइएको थिएन । कतिपय अवतारी पुरुष, योगी, ऋषिमहर्षि, राजर्षिसम्म मात्र कार्यविशेषले लोकान्तरहरूको आवतजावत गर्थे । अघि पृथ्वीबाट हाम्रा अक्रमावित्त र अश्मरथ्य जस्तै अवतार मानिएका कृष्ण र उनका भक्त अर्जुन चन्द्रलोक आएका थिए । त्यस्तै चन्द्रलोकबाट पनि स्वारोचिष मन्वन्तरको पछिल्लो द्वापरको मध्यतिर हाम्रा अवतारी महापुरुष औखनस पृथ्वीलोकमा गएर फर्केको प्रमाण छ । कलियुग प्रारम्भ भएपछि त त्यो किसिमका व्यक्तित्वहरू पनि भएनन्, त्यस्तो चल्ती-फिर्ती पनि हरायो । सारांशमा यत्ति हो कि– एक लोकको बासिन्दाले अर्को लोकको बाहिरी रूप मात्र देख्छ, भित्री भौतिक सम्पत्ति र भित्री रूप (दिव्य सत्तात्मक) देख्तैन । जस्तो कुनै व्यक्तिले अर्को व्यक्तिको बाहिरी रूप (स्थूल शरीर) मात्र देख्छ, भित्री रूप (इन्द्रियादि सहित सूक्ष्म शरीर) लाई देख्दैन । किनभने तीन ओटा शक्ति जनसाधारणलाई दिएकै छैन– (१) प्राणाधान शक्ति (निर्जीवलाई सजीव तुल्याउने शक्ति), (२) पदार्थ वा तत्त्वसर्जनशक्ति (कुनै नयाँ पदार्थ सृष्टि गर्ने शक्ति) र (३) दिव्यदृष्टिशक्ति (स्थूल सत्ता-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भित्रको सूक्ष्म सत्ता देख्ने शक्ति) ।

महात्माको व्याख्या सुनेपछि अर्कोले हाँस्तै भन्यो– "कता न, हाम्रै चन्द्रलोक मात्र यस्ता बौद्धिक जीव र विभिन्न भौतिक सम्पत्तिले भरिपूर्ण र अरू लोक भने जति रित्तै-रित्तो, शून्यै-शून्य त होइन ?"

महात्माले मुन्टो हल्लाउँदै भने– "संख्यातीत, अनन्त विश्व-ब्रह्माण्डका लोक-लोकान्तरहरूमध्ये एउटा त्रसरेणुजत्रो चन्द्रलोक मात्र बौद्धिक जीव र भौतिक सम्पत्तिले पूर्ण हुने, अरू लोकजति सब शून्य र रिक्त हुने ? यस्तो अनुमान पनि कतै उपपत्तिपूर्ण हुन्छ ? सर्व-शक्तिमान् ईश्वरको लीला, आकांक्षा र सृष्टिप्रपञ्च केवल यही तिल जत्रो चन्द्रलोकमै मात्र सीमित हुन्छ ?"

महात्माको व्याख्या सुनिसकेपछि चार-पाँच जना युवकहरू त्यहाँबाट हिंडे । बाटामा तिनीहरूको आपसमा वादविवाद पनि भयो । तीमध्ये एक जना युवकले भन्यो– "महात्माको कुरामा मलाई त ज्यादै विश्वास लाग्यो । लोकान्तरको अनुसन्धान धन र श्रमको दुरुपयोग मात्र हो । यो कुरा वैज्ञानिकहरूले वेलैमा बुझ्नुपर्ने रहेछ !"

अरू भ्रान्त एवं सन्दिग्ध मस्तिष्क चार जनाले एकै मुखले भने– "खै, के हो, के हो !"

भोलिपल्ट ती पाँचै जना जिज्ञासु युवकहरू नजीकैको वृन्दा गाउँ बस्ने एक प्रसिद्ध विद्वान् एवं समाजसेवी व्यक्तिकहाँ पुगे, उनको नाम थियो– 'मधुवर्चा ।' मधुवर्चाकहाँ पनि केही चेतनशील व्यक्ति-विशेषहरूको प्रायः जमघट भइ नै रहन्थ्यो । त्यहाँ पनि प्रसङ्गले त्यही कुरा उठ्यो । ती जिज्ञासु युवकहरूमध्ये एक जनाले महात्माको पृथ्वी अभियानसम्बन्धी प्रतिक्रियाबारे चर्चा गर्दै भन्यो– "महात्माको व्याख्याले त वैज्ञानिकहरूको उद्देश्यलाई कता पुऱ्यायो, कता पुऱ्यायो !..."

बीचैमा कुरा काटेर मधुवर्चाले भने– "स्वामीजीको प्रतिक्रिया हिजो वेलुका नै मैले अरूबाट सुनिसकें । तर वास्तविक व्यावहारिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र ज्ञातव्य कुरा के हो भने आध्यात्मिक भावना जस्तो शक्तिशाली र महत्त्वपूर्ण वस्तुलाई भौतिक रूपपरिवर्तन वा पुनर्व्यवस्थापनजस्ता परिवर्तनशील र नश्वर बाहिरी परिवेशबाट अपलापै गर्न सकिन्छ भन्ने र दृष्ट व्यावहारिक सत्यसिवाय कुनै अर्को अदृष्ट पारमार्थिक सत्य वा दिव्य सत्ता भन्ने वस्तु छँदै छैन भन्ने धारणा वैज्ञानिकहरूको छ भने, ज्ञानको क्षेत्रमा त्यो कूपमण्डूकता नै हुन्छ। किनकि अनन्त विश्व-ब्रह्माण्डहरूको संरचना र यिनको तात्त्विक रहस्य पत्ता लगाइसक्न यो विज्ञानलाई अझ लाखौं-लाखौं वर्ष लाग्छ।

त्यस्तै अभौतिक दर्शनका पक्षधरहरूले पनि यो भौतिक समाजमा बसेर अदृष्ट, रहस्यमय अभौतिक दर्शन नै ठीक हो र सबैले त्यसैको अनुगमन गर्नुपर्छ भन्ने आग्रह लिन हुँदैन। प्राणीमात्रमा आत्मभाव, अहिंसक भावना, आध्यात्मिक संवेदनशीलता र सर्वव्यापक सौभ्रात्रको आदर्श मात्र महात्माहरूबाट हामीले लिने गर्नुपर्छ। कडौरौं साधक-हरूमध्ये एक-दुईले मात्र सफलता प्राप्त गर्न सकिनेजस्ता महात्माका अरू विचारधाराहरूको अनुगमन गरेर हामीजस्ता प्रपञ्चनिमग्न, सर्वसाधारण व्यक्तिहरूको लागि निस्तार छैन। बरु वैज्ञानिकहरूको बहुमूल्य देन, दृष्ट विश्वप्रति जुन निष्काम समर्पण र सेवाको भाव हो, त्यो नै हाम्रो निति ग्राह्य र अनुकरणीय छ। किनभने हाम्रा यच्च यावत् धार्मिक, आध्यात्मिक शास्त्रहरूका उपदेशको सारसर्वस्व कर्मयोगको व्यावहारिक प्रयोग आजका वैज्ञानिकहरूले गरेका छन्, यिनैको निष्काम एवं अना-सक्त स्तुत्य प्रयासबाट यो विश्व अतीतको त्यस्तो अन्धकारको युगबाट आजको यस्तो प्रकाशको युगमा आइपुगेको छ। यो विश्वको प्रथम उन्नति र प्रगतिको द्वारोद्घाटनको मूल स्रोत पाङ्ग्रो (चक्र) को आविष्कारक वैज्ञानिक मेधाकेतु र पाङ्ग्रोबाट उत्पादित जलविद्युत्-शक्तिको आविष्कारक वैज्ञानिक सिद्धायनको ऋणबाट यो विश्व कहिल्यै मुक्त हुन सक्तैन। त्यस्तै रेडियो, हवाइजहाज, कम्प्युटर, टेलिभिजन, टेलिप्रिन्टर, क्लोरोफार्म, एक्स-रे आदि-आदि जस्ता परमोपयोगी र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुविधाप्रदायक आविष्कारहरू गरेर वैज्ञानिक विवृताक्ष, शम्पात्रम, महाबाहु, शतेष्टि, सिद्धकाम, आङ्गिरस, शतमेधाले यो विश्वको कत्रो निःस्वार्थ सेवा गरेका छन् ? यही वर्तमान पृथ्वीअभियानको सन्दर्भ के सानो हो ? चार-पाँच अरब वर्षपछि आज पहिलो पटक पृथ्वीलोकले चन्द्रलोकवासीहरूको चरणविन्यासको कटु अनुभव गर्नुपरेको छ। चन्द्रलोकवासीहरू यसरी पृथ्वीमा पुगेर घुम्लान् भनेर आजसंम कसैले कल्पनासंम पनि गर्न सकेको थियो ? के यो चन्द्रलोकको गौरव होइन ? यत्रो गर्व, गौरव र क्षमताप्रदान गर्ने वैज्ञानिकहरूप्रति हामीले कृतज्ञ हुनुपर्दैन ? यस्तो भौतिक जीवनमा कुनै रहस्यवादी एकाङ्गी विचार अपनाएर, दृष्ट वस्तुको अवहेलना र अदृष्ट वस्तुको कल्पना गरेर, विश्वका समस्याहरूबाट पलायन गर्ने र आफ्नू समाजलाई निष्क्रिय र पङ्गु बनाउने विचारधारालाई हामीले प्रश्रय दिनु हुँदैन। उन्नत र समृद्ध बनून् भनेर नै ईश्वरले हामीलाई वैज्ञानिक प्रतिभा र चेतना दिएको हो। हाम्रा भगवान् अक्रमावित्त र भगवान् अश्मरथ्यले लोक-संग्रहवादी आदर्शलाई नै महत्त्व दिएका थिए। त्यसैले वैज्ञानिकहरूको निःस्वार्थ, निष्काम कर्मयोगको यो विस्तारलाई म ज्यादै समर्थन गर्दछु। यो मेरो यथार्थवाद हो, अर्थवाद होइन। आत्मविकास र राष्ट्रविकासको लागि उद्यत राष्ट्रवादीहरूको कुनै पनि राजनीतिक, सामाजिक, वैज्ञानिक प्रतिभाहरूलाई हामीले स्वाधीनताप्रदान गर्नैपर्छ। कुनै संकीर्ण वा सांप्रदायिक आग्रहलाई जीवित राख्ने उद्देश्यले कसैले पनि वैज्ञानिक वा दार्शनिक सत्यको विरोध गर्न हुँदैन। यसरी नै भौतिक तथा अभौतिक दुवै दर्शनमा मध्यस्थ्य, आग्रहहीनता र सहिष्णुता राखेर हामीले आफ्नो सत्यस्वीकारशक्तिलाई बढाउनुपर्छ।

किञ्च– हाम्रो दृष्टिमा कुनै पनि लोकान्तर साक्षाद्भूत हुन सक्तैन भन्ने कुरालाई, अघि कुनै समय हाम्रो चन्द्रलोक पृथ्वीका दानवराज शुम्भको आधिपत्यमा परेको थियो। त्यो वेला आपेक्षिक दृष्टिले, चन्द्रलोक बलियो थियोभने पृथ्वीलोक हाम्रो कब्जामा पर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो । त्यो बेला पनि यस्तो सोच्ने साधुहरू थिए नै होलान् । किनकि वहाँहरूको त्यो दर्शन त सनातन नै हो । तर व्यक्तिगत बहाँजस्ता साधुहरू त्यस्तो सोच्ने पनि गर्थे, फेरि त्यस्ता-त्यस्ता महत्तम युगान्तर-कारी भौतिक घटनाहरू त्यसै बेला पनि घटि नै रहन्थे । त्यस्तै आज पनि ती घटना दोहोरिंदैनन् भन्न सकिंदैन । आजका कल्पनाको विषय कालान्तरमा यथार्थमा परिणत भइरहेको देखिएकै छ । चार सय वर्ष-अगाडि हाम्रै चन्द्रलोकको नील महासागर र घण्टावर महादेश जहाजीहरूले पत्ता नलगाउञ्जेल काल्पनिक वस्तु मात्र थिए । आज नील महासागर ठूला-ठूला महादेशहरूको संयोजक, व्यापारको राजमार्ग भइरहेको छ, र घण्टावर महादेश चन्द्रलोकको एक शक्तिशाली र समृद्धतम राष्ट्रको रूपमा खडा भइरहेको छ । यसरी नै एक दिन यी साधुहरूको कल्पना मात्रको विश्वब्रह्माण्डमा यी वैज्ञानिकहरूले आफ्नो स्थान जमाइछोड्नेछन्, यसमा कुनै शङ्का छैन । तर पृथ्वीको तापक्रम समाप्त भइसकेको रहेछ भने, एकदेशीहरूका सोचाइको प्रकार जेहोस्; पृथ्वीलोक जीवतत्त्वहीन र रिक्त पनि हुन सक्ला । तर त्यसो भए तापनि अनन्त, असंख्येय विश्वब्रह्माण्डका सारा लोक रिक्त नै हुन्छन्, दृष्टिगत हुँदैनन् भन्नु उपपत्तिपूर्ण हुँदैन ।"

मधुवर्चाको उभयग्राही, विवेकपूर्ण यो व्याख्याबाट भ्रान्त एवं सन्दिग्ध ती चार युवकहरूमा सन्तोष आयो र उनीहरूले संयुक्त स्वरमा भने– "ठीक हो ।"

अर्को एक जना युवक – जो महात्माको व्याख्याबाट सन्तुष्ट थियो– ले भन्यो– "मधुवर्चाजीले भन्नुभएको पनि ठीकै छ, तर महात्माको दृष्टिकोण अनुसन्धानीय छैन भन्न पनि गाह्रै छ ।"

× × ×

आज वैखानस महाद्वीपको विज्ञान एकेडेमीको पृथ्वीअभियान-संबन्धी विवरण सुन्न चन्द्रलोकका चारै महाद्वीपका वासिन्दाहरू रेडियो-मा दत्तकर्ण छन्, विवरण यस प्रकार छ—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"हाम्रो विज्ञान एकेडेमी चन्द्रलोकवासीहरूमा पृथ्वीअभियान-संबन्धी यो विवरण दिन पाउँदा गर्व र गौरव अनुभव गर्छ –'ग्लौ संवत् ५००५ तुरापाड् मास १५ गते विश्वम्भरा बारको दिन हाम्रो शक्तिशाली कुलिशयान १३ पृथ्वीअभियानको लागि चन्द्रलोकबाट प्रस्थान गऱ्यो। चन्द्रलोकबाट पृथ्वीलोक दुई लाख अठ्तीस हजार आठ सय सन्ताउन्न मील टाढा पर्थ्यो। उक्त महीनाको तेस्रो सप्ताह क्षेमबारको दिन हाम्रो चन्द्रलोकको समयअनुसार दिनको दश होरा र पन्ध्र पला जाँदा चन्द्रलोकको आकर्षणदेखि पूर्णतया बाहिर पुगेर, अन्तरिक्षको त्यो वायुमण्डल र त्यस दुर्गम ओजोन् आट्मोस्फेयरलाई समेत क्रमशः पार गरेर हाम्रो यान पृथ्वीको सतहतिर लाग्यो। हाम्रो यानले ६० दिनसम्म अन्तरिक्षमा घुमेर १९,७०,००,००० वर्गमिलको फैलावट र २५ हजार वर्गमिलको परिधि भएको पृथ्वीको ९८२ पटक परिक्रमा गरेर पृथ्वीको सबभन्दा उच्च प्रदेश (नेपाल) का साथ अन्य विभिन्न स्थलहरूको चित्र लियो। विवरणअनुसार अन्तरिक्षबाट हेर्दा पृथ्वीलोक गोल, उज्वल, चमकदार, सुन्दर लोक देखिन्थ्यो। तर पृथ्वीधरातल विभिन्न उन्नत, अवनत प्रदेश, पहाड, चट्टान, पत्थर र माटोले मात्र व्याप्त रहेछ। त्यहाँ कुनै जीवतत्त्व, तदनुकूल वातावरण, हावापानी, वर्षा, तृण, बनस्पति केही रहेनछ। सुख्खा बालुवा र प्रस्तरखण्डप्रायः असंख्य विशाल-विशाल बगरहरू देख्ता अतीतको कुनै समय पृथ्वीमा ठूला-ठूला समुद्र र नदीहरू अनगिन्ती भएको लक्षण देखा पर्थ्यो। विवरणअनुसार पृथ्वीमा हुने कम्पन, सौर विकिरण, पार्थिव गुरुत्वाकर्षण, धरातलको वैद्युत् गुण र पृथ्वीको गर्भ-बाट निस्केका ग्यासका अणुहरूको रचना आदिवारे सूचनाहरू चन्द्र-लोकमा प्राप्त गर्ने उद्देश्यले पृथ्वीधरातलमा वैज्ञानिक स्टेसनको स्थापना गर्न उपयुक्त स्थलको पनि चित्र विचारार्थ ल्याइएको छ।

'हामी शान्ति, पारस्परिक सहयोग र सद्भावनाको उद्देश्य लिएर आएका हौं' भन्ने वाक्यांश-अङ्कित प्लेक उक्त उच्च प्रदेशमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गाडेर, पृथ्वीधरातलमा विभिन्न उपकरणहरू जडान गरेर, पृथ्वी-पदार्थको अध्ययन र अनुसन्धानको लागि पृथ्वीधरातलका माटा र ढुङ्गाको नमूनाहरू लिएर हाम्रा अन्तरिक्षयात्रीहरू सकुशल फर्किएका छन् । त्यस्तो अज्ञात, अपरिचित लोकमा साहसका साथ पुगेर पहिलो ऐतिहासिक लोकान्तर-अभियान गर्ने स्वनामधन्य हाम्रा सफल अन्त-रिक्षयात्रीहरूको शुभ नाम यस प्रकार छ– सर्वश्री उद्रायण, सुक्रतु र उरुक्रम ।

०३८ साल

★★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

DATE DUE

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

891.49301 Acc. No. 19549
Class No ... ... Book No B.R.A..
Author ब्रह्मदत्त सुमन प्रसाद
Title ...रहार कथा ... ...

Due on	Borrower's Name	Returned on

891.49301
BRA
19549

महेन्द्र संस्कृत विश्वविद्यालय

वाल्मीकि विद्यापीठ

पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रा केही कथा-कृतिहरू

अट्ठाईस कथा	२५।
	सं. वासु रिमाल 'यात्री'
अवान्तर	४।७०
	भवानी भिक्षु
आकाशको फल	१७।९०
	मनु ब्राजाकी
कथैकथ	२२।६५
	गोविन्द गोठाले
झ्यालबाट	६९।८०
	सं. डा. ईश्वर बराल
परेवा र कैदी	५।३५
	विजय मल्ल
लक्ष्मी कथा संग्रह	९।२५
	लक्ष्मी प्रसाद देवकोटा
समसामयिक साझा कथा	४९।४
	सं. मो. रा. शर्मा, रा. सुन्दी
साझा कथा	३५।६५
	सं. भैरव अर्याल
हिउँको तन्ना	२८।६५
	लोकेन्द्रबहादुर चन्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu